# नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा



## अध्ययन प्रतिवेदन–२०८१

दलित महिला संघ (फेडो)
कुपण्डोल, ललितपुर

| नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा | |
|---|---|
| प्रकाशक | : दलित महिला संघ (फेडो) |
| प्रकाशन मिति | : २०८१ |
| सर्वाधिकार | : दलित महिला संघ (फेडो) |
| प्रकाशन सहयोग | : Dan Church Aid DCA actalliance<br>Foundation for a Just Society fjs FOUNDATION FOR A JUST SOCIETY |
| संकलन/अध्ययन | : टिकाराम सुनार |
| मुद्रण | : wps Dhobighat, Lalitpur<br>Tel 5450289, 5455989 |




यस संस्थाको पूर्वस्वीकृतिविना यस प्रतिवेदन वा यसको कुनै अंशलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्न कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंश साभार गरी प्रयोगमा ल्याउन भने सकिन्छ।

# संस्थागत भनाइ

विसं १९१० को मुलुकी ऐनलाई जातीय छुवाछुतको वैद्यता प्रदान गर्ने कानुनी दस्ताबेज मान्ने हो भने त्यसको आवरणमा सुरु भएको विभेदको शृङ्खला १७१ वर्षभन्दा उकालो लागेको छ । हुन त त्यसयता शासन व्यवस्था, संविधान र कानुनका दृष्टिले नेपाल धेरै अगाडि पुगिसकेको छ । विसं २०७२ असोज ३ गतेदेखि निकै प्रगतिशील मानिएको नेपालको संविधान कार्यान्वयनमा छ । यस संविधानले विश्वव्यापी मानवाधिकारको महत्वपूर्ण पक्ष नागरिक तथा राजनीतिक अधिकार मात्रै होइन सामाजिक न्याय तथा समतामूलक समाज निर्माणका आधारस्तम्भ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई समेत मौलिक अधिकारका रूपमा परिभाषित गरेको छ । लामो संघर्षपश्चात् विसं २०६८ मा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन पारित भई कार्यान्वयनमा आएको छ । यहीबीचमा विभेदको वैधानिक जग निर्माण गरेको मुलुकी ऐनका पछिल्ला सुधारिएका व्यवस्थाहरू सहितको ऐनसमेत खारेज गरी विसं २०७५ भदौ १ देखि संविधानको मर्मअनुसारको मुलुकी संहिता, २०७४ कार्यान्वयनमा आएको छ ।

सरकारलाई मानवाधिकारको सम्मान, संरक्षण र परिपूरण गर्न सजग गराइरहने दायित्वसहित राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोगलगायत अन्य विषयगत आयोगहरू कार्यरत छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाअनुसार तीन तहका सरकार, ती मातहतका विभिन्न निकायले पनि कार्यसम्पादन गरिरहेकै छन् । अधिकारको पैरवी गर्ने स्वतन्त्र नागरिक संस्थाहरू पनि विविध क्षेत्रमा समानता, स्वतन्त्रता, सशक्तीकरण र मानव मर्यादा अभिवृद्धिका खातिर कार्यरत छन् । यद्यपि दलित महिला तथा बालिकाले आममहिला तथा बालिकाले भोग्ने हिंसाका अतिरिक्त जात व्यवस्थाले थोपरेका गलत प्रथा, परम्परा र जातीय छुवाछुतजन्य हिंसाका साथै आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिकलगायत क्षेत्रमा कमजोर नियन्त्रण र पहुँचले गर्दा थप हिंसाको सामना गरिरहनुपरेको छ । जातीय भेदभाव, गरिबी, अशिक्षा, बेरोजगारी, भूमिहीनता, न्यायमा पहुँचलगायत चुनौतीका कारण उत्पन्न हुने बहुआयामिक शोषण र दमनमा सिङ्गो दलित समुदाय पर्दै आएको कुरा कसैका सामु छिपेको छैन । छुवाछुत, घरेलु हिंसा, दाइजो प्रथा, छाउपडी प्रथा, बोक्सीको आरोप, बलात्कार र बलात्कारपछि हत्या, कुटपिट, गालीगलौज, अवहेलना, तिरस्कार र बहिष्करण जस्ता बहुआयामिक हिंसा यस समुदायका महिला र बालिकाले आजपर्यन्त भोगिरहनु दुःखद र लज्जास्पद विषय हो ।

राज्यले जात, वंश, परम्परा, उत्पत्ति र सामाजिक पहिचानलगायत कुनै पनि आधारमा हुने हिंसा वर्जित मात्रै गरेको छैन, तिनलाई दण्डनीय अपराधका रूपमा परिभाषित गर्दै त्यस विरुद्ध संवैधानिक, कानुनी तथा विभिन्न संरचनागत व्यवस्था गरेको छ। यसैले आमनागरिकको अधिकार तथा मर्यादाको संरक्षण गर्न सरकार पक्षको सशक्त र अभिभावकीय भूमिका त हुन्छ नै, अहिलेको भूमण्डलीकृत विश्वमा महिला बसेको समाज, कार्यस्थल र परिवारका हरेक व्यक्ति पनि उत्तिकै जिम्मेवार हुन आवश्यक हुन्छ । कानुन वा कागजमा भएको व्यवस्था कार्यान्वयनका लागि प्रतिबद्ध भएको राज्य, समाज र परिवारमा मात्रै महिला सुरक्षित रहन सक्छन् भन्ने कुरा बिर्सनु हुँदैन ।

दलित महिला संघ (फेडो) यसको स्थापनाकालदेखि नेपालमा यस्तै जातीय र लैङ्गिक भेदभाव उन्मूलन गर्ने जोशका साथ क्रियाशील छ । यो संस्था दलित महिलाहरूको समूहद्वारा सन् १९९४ मा एक गैर–लाभकारी, गैरराजनीतिक र धर्मनिरपेक्ष गैर–सरकारी संस्थाको रूपमा स्थापना भएको थियो । यो दलित अधिकार र महिला अधिकारको एकैसाथ वकालत गर्ने अग्रगामी संस्था हो । यसले लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) का सवालमा एक प्रमुख स्रोत सङ्गठनको रूपमा काम गरिरहेको छ । 'न्यायपूर्ण र समतामूलक समाज' को दर्शनका साथ यस संस्थाले दलित महिलाहरूलाई आफ्नो पहलको केन्द्रबिन्दुमा राख्ने गरेको छ । यसका साथै यस संस्थाले महिला तथा बालिकामाथि हुने हिंसाका घटना तथा अभिलेखबारे अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै आएको छ ।

यही क्रममा हामीले 'लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान' (नेभेम्बर २५ देखि डिसेम्बर १०) को सन्दर्भ पारेर महिलामाथि हुने हिंसाका बहुपक्षीय तथ्य र तथ्याङ्क समेटेर विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गर्दै आएका छौँ । यसले समग्र महिला र त्यसमा पनि दलित महिला र बालिकाले भोगिरहेका हिंसा उजागर गरी तिनको सम्बोधनका लागि आवश्यक कदम चाल्न सम्बद्ध सरोकारवाला पक्षलाई सचेत गराउँदै आएको छ। यसको मुख्य ध्येय दलित महिला तथा बालिकामाथि हुने हिंसाका घटनासम्बन्धी एकीकृत दस्ताबेज तयार गरी तथ्य र तथ्याङ्कका आधारमा ऐन, कानुन, नीति-नियमको प्रभावकारी कार्यान्वयन, सुधार र परिमार्जन, राज्यका निकाय र आमसरोकारवालालाई हिंसा न्यूनीकरणका लागि नयाँ रणनीतिका साथ काम गर्न आवश्यक दिशानिर्देशका लागि पैरवी गर्नु हो । विगत केही वर्षदेखि हामीले यस्तै अध्ययन गर्दै आएका छौँ । सोही प्रकाशनको निरन्तरता स्वरूप यहाँहरू माझ यो 'नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा अध्ययन प्रतिवेदन २०८१' ल्याउन पाउँदा हामी खुसी भएका छौँ ।

यस प्रतिवेदनमा हामीले आर्थिक वर्ष २०८०/८१ र चालु आर्थिक वर्षका पछिल्ला तीन महिनामा देशभर भएका महिला तथा बालिकामाथिका हिंसाबारे सरकारका तीन वटा संवैधानिक आयोग, एउटा सुरक्षा निकाय र महिला अधिकार, हिंसा न्यूनीकरणका क्षेत्रमा क्रियाशील फेडोसहित छ वटा संघसंस्थाका अभिलेख, काठमाडौँसहित सबै प्रदेशको प्रतिनिधित्व हुने गरी १० वटा सञ्चार माध्यममा प्रकाशित यससम्बन्धी विषयवस्तुको विश्लेषण समेटेका छौँ। यसपटक हामीले पछिल्लो समय महिला हिंसा तथा आन्तरिक तथा बाह्य मानव बेचबिखनको प्रमुख जोखिम क्षेत्रका रूपमा विकास हुँदै गएको 'वयस्क मनोरञ्जन तथा सत्कार क्षेत्र' बारे गरिएका तथ्य र अध्ययनका विषय पनि यसमा समावेश गरेका छौँ। यसर्थ यो प्रतिवेदन दलित महिला र बालिका मात्रै होइन समग्र महिला तथा बालिकाले भोगिरहेका हिंसाका सन्दर्भमा एउटा उपयोगी र बृहत् दस्तावेज तथा सन्दर्भ सामग्री त हुँदै हो, आगामी दिनमा यसका तथ्य, तथ्याङ्क, निष्कर्ष र सिफारिसले हिंसाविरुद्धका सोच, दृष्टिकोण, नीति निर्माण तथा आवश्यक रणनीति बनाउन पनि महत्वपूर्ण भूमिका खेल्नेमा हामी विश्वस्त छौँ। साथै प्रतिवेदनले नीति निर्माता, कार्यान्वयनकर्ता, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक नेतृत्व, नागरिक समाज, महिला तथा दलित अधिकारकर्मीहरूबीच आवश्यक बहस र राज्यलाई प्रभावकारी कार्यसम्पादनका लागि दबाब सिर्जना गर्न सहयोग पुग्ने अपेक्षा गरेका छौँ।

अन्त्यमा, प्रतिवेदन प्रकाशनमा सहयोग गर्ने साझेदार संस्था डिसिए (DCA) नेपाल र एफजेएस (FJS) प्रति विशेष कृतज्ञता व्यक्त गर्दछौँ। अध्ययनकर्ता पत्रकार टिकाराम सुनारका साथै यस कार्यमा सहयोग गर्ने दलित महिला संघ (फेडो) का जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्य, कर्मचारी र सहज रूपमा सूचना प्रदान गरी अध्ययन सम्पन्न गर्न सघाउ पुर्‍याउने सबै सरोकारवाला निकाय र सम्बद्ध पक्षलाई फेडोको तर्फबाट हार्दिक आभारसहित धन्यवाद दिन चाहन्छौँ।

# विषयसूची

**अध्याय १: अध्ययनको परिचय** **१**
१.१ पृष्ठभूमि १
१.२ अध्ययनको औचित्य ३
१.३ अध्ययनको उद्देश्य ४
१.४ अध्ययनको विधि ५
१.५ अध्ययनको सीमा ५
१.६ प्रतिवेदनको ढाँचा ६
**अध्याय २ : पूर्वकार्य वा सम्बन्धित साहित्यको समीक्षा** **७**
२.१ जातीय तथा लैङ्गिक आधारमा हुने हिंसा र विभेद ७
२.१.१ जातीय आधारमा हुने हिंसा र विभेद ७
२.१.२ लैङ्गिक आधारमा हुने हिंसा र विभेद ८
२.२ हिंसाविरुद्ध प्रयास र प्रतिबद्धता १०
२.३ नेपालमा महिला र बालिकाको अवस्था २१
**अध्याय ३: अध्ययनको सैद्धान्तिक ढाँचा वा विधि** २४
३.१ अध्ययन विधि २४
३.२ तथ्याङ्क सङ्कलन (नमूना छनोट) २५
क) दस्ताबेज समीक्षाका लागि संस्था २५
ख) विषयवस्तु विश्लेषणका लागि मिडिया २५
**अध्याय ४: तथ्याङ्क प्रस्तुति र विश्लेषण** **२७**
४.१ नेपालमा महिला हिंसाको अवस्था (दस्ताबेज समीक्षा) २७
४.१.१ नेपाल प्रहरीको दस्ताबेज समीक्षा २७
४.१.२ संवैधानिक आयोगका दस्ताबेज समीक्षा ३९
४.१.३ गैरसरकारी संस्थाको तथ्याङ्कमा हिंसा ४५
४.१.४ मनोरञ्जन तथा सत्कार क्षेत्रमा हिंसाका घटना ५०
४.१.५ मिडियामा महिला तथा बालिका हिंसाका समाचार विश्लेषण ५६
४.१.६ विज्ञसँग परामर्श तथा कुराकानी ६२
**अध्याय ५: प्राप्त तथ्य, निष्कर्ष र सुझाव** **७०**
अध्ययनबाट प्राप्त तथ्य र निष्कर्ष ७०
**सन्दर्भ समग्री** **८९**

# अध्ययनको सारांश

दलित महिला संघले हरेक वर्ष नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसाको अवस्था विश्लेषण गर्दै आएको छ । यसको मूल ध्येय महिला तथा बालिकामाथि हुने हिंसाको एकीकृत अभिलेख राखी तिनको विश्लेषणमार्फत समस्याको उजागर तथा समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउनु हो । यस अध्ययनमा संवैधानिक आयोग, सुरक्षा निकाय (नेपाल प्रहरी) र फेडोसहित छ वटा गैरसरकारी संस्थालगायत १० वटा संस्थाका दस्ताबेज (अभिलेख तथा अध्ययन सामग्री) को विश्लेषण गरिएको छ । साथै नागरिक आवाजको स्वतन्त्र पैरवी गर्ने देशभरका विभिन्न १० वटा मिडियामा महिला तथा बालिकाका सवालमा प्रकाशित (विशेष गरी १६ दिने महिला हिंसाविरुद्धको दिवश लक्षित) विषयवस्तुको विश्लेषण गरिएको छ । यसका लागि प्रेस काउन्सिल नेपालको पुस्तकालयको सहयोग लिएका छौँ । दस्ताबेज समीक्षा द्वितीय र विषयवस्तु विश्लेषण तथा फेडोका अभिलेख यस अध्ययनको प्राथमिक स्रोतका रूपमा रहेका छन् । साथै अध्ययनलाई विश्वसनीय बनाउन ११ जना विज्ञ, प्रतिनिधिसँग छुट्टाछुट्टै कुराकानी गरिएको छ । यो अध्ययन आर्थिक वर्ष २०८०/८१ र चालु आवका पछिल्ला तीन महिनामा भएका अभिलेखमा आधारित भएर गरिएको छ ।

यसरी दस्ताबेजको विश्लेषण गर्दा हिंसाका प्रकार हामी आफैँले निर्धारण गरेका छैनौँ । उल्लेखित संस्थाहरूले राख्ने अभिलेखका आधारहरूलाई जस्ताको तस्तै राखेका छौँ । त्यसैले यहाँ नेपाल प्रहरीले महिला तथा बालिकामाथि हुने हिंसालाई विभिन्न १५ वटा प्रकारमा छुट्याएर अभिलेखन गरेको पाइयो । अन्य गैरसरकारी संस्थाले ४ देखि ११ वटा प्रकारमा हिंसाका घटनासँग सम्बन्धित विषयवस्तुलाई छुट्याएर राख्ने गरेको पाइयो ।

उपलब्ध विवरणमा लैङ्गिक आधारमा हुने हिंसामा महिला, पुरुष र अन्य गरी छुट्याएर हेर्दा महिलाको सङ्ख्या अत्यधिक ८० प्रतिशतभन्दा बढी (नेपाल प्रहरीको अभिलेखमा) देखियो । यसमा बालिकासमेत जोइने हो भने ९० प्रतिशतभन्दा बढी हुन आउँछ । महिलातर्फ मधेशी र बालिका तर्फ जनजातिमा धेरै हिंसा हुने गरेको देखियो । अभिलेखन भएका कुल उजुरीमा महिलातर्फ ३३.६५ प्रतिशत मधेशी महिला र बालिकातर्फ ३४.७१ प्रतिशत जनजाति बालिकाले विभिन्न प्रकारका हिंसाको सामना गर्नुपरेको छ । कम हिंसामा परेका ब्राह्मण महिलातर्फ कुल घटनाको ५.७६ (९१६) प्रतिशत पीडित भएको पाइयो । सबै लिङ्का मानिस पीडित भएका घटनाको मात्रै कुरा गर्दा घरेलु हिंसाका घटनाबाट १७ हजार ६९१ (८९.४७ प्रतिशत) महिला पीडित हुँदा १९२० (९.७१ प्रतिशत) पुरुष यसबाट पीडित भएका छन् । यस्तै घरेलु हिंसाका कारण कर्तव्य

ज्यान (हत्या/मृत्यु) भएका ८९ मध्ये महिला ६९, पुरुष १४, बालिका २ र बालक ४ जना छन् । जातीय छुवाछुतका घटनाबाट महिला १७, पुरुष १६ र एक जना बालक पीडित भएका छन् ।

समग्र हिंसाको कुरा गर्दा नेपाली महिला तथा बालिकाहरू सबैभन्दा बढी घरेलु हिंसाबाट प्रताडित हुने गरेको सबैजसो निकायको अभिलेखमा देखियो । नेपाल प्रहरीको विवरणअनुसार हिंसा हुने क्षेत्रमा क्रमशः घरेलु हिंसा (८२.२३%), बलात्कार (१२.१६%), बलात्कारको प्रयास (२.१२%), बाल यौन दरुपयोग (२%), घरेलु हिंसाका कारण कर्तव्य ज्यान (०.३७%), अपहरण गरी बलात्कार (०.२६%), बालविवाह (०.१४%), जातीय छुवाछुत (०.१४%), बोक्सीको आरोप (०.१३%), अप्राकृतिक मैथुन (०.११%) रहेका छन् । बालिकाले बढी हिंसा भोग्ने क्षेत्रमा बलात्कार (६२.८५%), अपहरण गरी बलात्कारका ६४ घटनामा ५६ बालिका (८७.५%), बलात्कार गरी हत्यामा ५ मा ४, मानव बेचबिखन गरी बलात्कारमा (८५%), बाल यौन दुरुपयोगमा (९९%) रहेका छन् ।

दलित महिला तथा बालिकामाथि हुने हिंसाको कुरा गर्दा नेपाल प्रहरीको विवरणमा हिंसापीडित दलित महिलाको कुल सङ्ख्या ११.५४ प्रतिशत (२२२१) छ । हिंसापीडित दलित समुदायका बालिकाको सङ्ख्या १९.४४ प्रतिशत छ । राष्ट्रिय महिला आयोगमा अभिलेख भएका घटनामध्ये ११.३४ प्रतिशत दलित महिलासँग सम्बन्धित छन्। ओरेक नेपालको अभिलेखअनुसार त हिंसापीडित महिलामा **दलित महिलाको सङ्ख्या** २७ प्रतिशत छ । **इन्सेकको** अभिलेखमा पनि दोस्रो बढी हिंसामा पर्ने महिलामा दलित छन् । अभिलेखमा सबैभन्दा बढी २६ प्रतिशत आदिवासी जनजाति महिला हिंसामा पर्दा दलित महिला २२.५८ प्रतिशत पीडित भएकी छन् । अन्य निकायको अभिलेखमा पनि करिब यस्तै अवस्था देखिन्छ । जनसंख्याको हिसाबले दलित महिला अत्यधिक हिंसामा पर्ने गरेको तथ्याङ्कले देखाउँछ । यससम्बन्धी विस्तृत विवरण सम्बन्धित खण्डबाट थाहा पाउन सकिन्छ ।

यस्तै प्रहरीको अभिलेखमा सबैभन्दा बढी हिंसा हुने प्रदेशका रूपमा मधेश (३१.५३ %) छ भने कम हिंसा हुनेमा गण्डकी (३.६८%) रहेको छ । महिला आयोगमा भने बागमती प्रदेशमा धेरै (९१.३२ %) हिंसाका घटना दर्ता भएका छन्। फेडोको तथ्याङ्कमा सबैभन्दा बढी हिंसाका घटना लुम्बिनी प्रदेशमा १०२ (३४.९३%) भएका छन् । त्यसपछि क्रमशः सुदूरपश्चिम ८१ (२७.७३%), कर्णाली ३१ (१०.६१%), मधेश २९ (९.९३%), कोशी २४ (८.२१%), गण्डकी १८ (६.१६%) र बागमती ७ (२.३९%) मा दलित महिला तथा बालिका पीडित भएकी छन् ।

**र, मिडियाका विषयवस्तु विश्लेषण** गर्दा समाजमा जघन्य अपराध भइरहँदा मिडिया भने सामान्य औपचारिक तथा भाषणजन्य विषयमै रुमल्लिरहेको देखिन्छ । सञ्चारमाध्यमहरूमा उठान (प्रकाशन भएका ४५९ विषयवस्तु) भएका विषयमध्ये महिला तथा बालबालिकाका समस्या र

तिनका सम्मान एवं सफलतासँग जोडिएका विषयवस्तु उठानको प्रतिशत ३७ र विविध विषयमा जानकारीमूलक तथा भाषणजन्य विषय १८ प्रतिशत छन् । यो दुवैको प्रकृति उस्तैउस्तै भएकाले करिब ५५ प्रतिशत विषय औपचारिक घटनाक्रम, कसैले सूचना, सन्देश दिने उद्देश्यले आयोजना गरेका गतिविधिमा आधारित रहेका समाचार प्रकाशन भएको पाइयो। यसबाहेक अन्य विषयहरूमध्ये घरेलु हिंसाजन्य गतिविधिका २० प्रतिशत, विभेद तथा जातीय विषय ११ प्रतिशत, हत्या, मृत्यु, पक्राउजन्य विषय ९ प्रतिशत, मानव बेचबिखन तथा पक्राउ ३ प्रतिशत र बलात्कार, बलात्कार प्रयास तथा यसमा पक्राउसँग सम्बन्धित २ प्रतिशत समाचारहरू प्रकाशन भएका देखिए। यसकारण मिडियामा समावेशी विषयवस्तुको उठानका लागि समाचार कक्षमा समानुपातिक प्रतिनिधित्व (Inclusive News Room), खोजमूलक समाचार सामग्रीमा लगानी र विषयवस्तुमा विविधता (Content Diversity) का लागि राज्यले नै विषयवस्तु विश्लेषण गरी त्यसको पालनाका गर्न/गराउन आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ । यसलाई मिडियाको वर्गीकरण (सम्परीक्षण) को आधारका रूपमा पनि एउटा पक्ष मान्न सकिने जानकारहरू बताउँछन् ।

अध्ययनमा समेटिएका समग्र हिंसाको कुरा गर्दा नेपाली महिला तथा बालिकाहरू आफ्नो घरमै सुरक्षित नरहेको देखिन्छ। बलात्कार र बलात्कार प्रयासका घटनाले अर्को चिन्ताजनक अवस्थालाई प्रतिविम्बित गरेको छ। त्यति मात्रै होइन बलात्कार गर्ने र हत्या गर्ने प्रवृत्ति पनि मौलाउँदै गएको छ । घरमा सुरक्षित नहुने, बाहिर निस्किँदा वा घरभित्रै बलात्कारलगायत जघन्य अपराधका घटनाको सिकार हुने अवस्थाले महिला तथा बालिकाका लागि सुरक्षित स्थान कहाँ हो त ? यो निकै गम्भीर प्रश्न खडा भएको छ । दलित महिला तथा बालिकाको हकमा त झनै समस्या देखियो। उनीहरू जातीय, लैङ्गिक, आर्थिक, सामाजिक, सांस्कृतिक उत्पीडनलगायत दोहोरो-तेहेरो मारमा परेको अवस्था छ तर गैरसरकारी संस्थाका अभिलेखले यस्तो देखिए पनि नेपाल प्रहरीको अभिलेखबाट देखिँदैन । यसले कि यो समुदायमा हिंसा हुँदैन वा हिंसा भए पनि सुरक्षा निकाय वा न्यायमा पहुँच स्थापित हुनसकेन भन्ने देखाउँछ । यसमा गम्भीर समीक्षा आवश्यक छ ।

यस्तै सरकारी तथा गैरसरकारी निकायले बनाउने योजना, कार्यक्रम, बजेट बाँडफाँड तथ्यमा आधारित हुनुपर्छ, त्यसको आधार भनेकै तथ्याङ्कमा आधारित विश्लेषणहरू नै हुन् । यसर्थ हरेक व्यक्ति र सङ्गठित समूह राज्य तथा समाजका पुँजी हुन्, यिनको समानुपातिक विकास र सशक्तीकरण नभएसम्म समुन्नत समाज निर्माण हुनसक्दैन भन्ने विषयलाई आत्मसात् गर्दै सामाजिक न्याय (Social Justice) को चस्माबाट हेरेर हरेक निकायले खण्डीकृत तथ्याङ्क (Disaggregated Data or Cluster wise Data) राख्ने परिपाटीको विकास गरी तथ्यमा आधारित (Evidence Based) नीति, कार्यक्रम, योजना र बजेट विनियोजन तथा हिंसा न्यूनीकरणका लागि काम गर्न आवश्यक छ ।

# अध्याय १ (एक)

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

नेपालले जातीय, लैङ्गिक वा कुनै पनि आधारमा हुने विभेद तथा हिंसा अन्त्य गरी समानतामूलक र न्यायपूर्ण समाज निर्माणको अठोट गरेको छ। यसका लागि संविधानसभामार्फत निर्मित नेपालको संविधान (२०७२) ले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तअनुरूप विभेदरहित, समृद्ध र न्यायपूर्ण समाज निर्माणको आधार तय गरेको छ। संविधानको प्रस्तावनामा नै 'वर्गीय, जातीय, क्षेत्री, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' भनेर सङ्कल्प गरिएको छ। यस्तै, महिला, बालबालिका तथा दलितका मौलिक हकद्वारा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता र लैङ्गिक तथा जातीय आधारमा हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धिहरू, मानवअधिकारको विश्वव्यापी घोषणापत्रलगायत दुई दर्जनभन्दा बढी सन्धि महासन्धिमा हस्ताक्षर गरी नेपालले सोअनुसारको दायित्व पूरा गर्ने प्रतिज्ञासमेत गरेको देखिन्छ।

संविधानको धारा २४ छुवाछुत तथा भेदभावविरुद्धको हकअन्तर्गत उपधारा १ मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी वा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुतवा भदभाव नगरिने, उपधारा ३ मा उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत वा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने, उपधारा ४ मा

जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन भनिएको र उपधारा ५ मा यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुने र यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति पाउने हक हुने उल्लेख छ ।

संविधानको धारा ३८ मा महिलाको हकअन्तर्गत उपधारा २ मा महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै आधारमा हिंसाजन्य कार्य वा शोषण नगरिने र यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुबमोजिम क्षतिपूर्ति पाउने हक हुने स्पष्ट व्यवस्था गरिएको छ। यस्तै, संविधानको धारा ३९ बालबालिकाको हकअन्तर्गत जोखिमपूर्ण काममा लगाउन नपाइने, कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने नपाइने, कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनि स्पष्ट व्यवस्था गरिएको छ । यसरी महिला, बालिबालिका, दलितको अधिकार (धारा ४ं०) लगायत मौलिक हक, संविधानको धारा ४९ देखि ५५ सम्म राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था गरिएको छ । मार्गदर्शक सिद्धान्तले सामाजिक न्यायमा आधारित समावेशी तथा लोककल्याणकारी राज्यको व्यवस्था गर्ने र कमजोर वर्गलाई सकारात्मक विभेदको अवधारणानुसार संरक्षण र अभिभावकत्व प्रदान गर्नेसमेत भनिएको छ ।

उल्लेखित व्यवस्थाको परिपालना, परिपूरण र न्यायको प्रत्याभूतिका लागि जातीय तथा लैङ्गिक आधारमा हुने हिंसा निवारण, मानव अधिकारको संरक्षण र संवर्द्धन, मौलिक हक, राज्यले गरेका प्रतिबद्धता कार्यान्वयन, महिला तथा बालिकाको विकास तथा लैङ्गिक मूलप्रवाहीकरणका लागि राष्ट्रिय महिला आयोग, छुवाछुतसम्बन्धी विषयको निरुपण गर्ने सम्बन्धमा राष्ट्रिय दलित आयोगलगायत संवैधानिक आयोग, अन्य कानुनी व्यवस्थासहित संस्थागत संरचनामार्फत नेपाल सरकारबाट अपराध र हिंसा न्यूनीकरणका लागि काम भइरहेका छन् । यस्तै, महिला, बालबालिका तथा दलितलगायत पछाडि परेका वर्ग र समुदायको उत्थान र प्रगतिका निम्ति संरक्षणात्मक र प्रवद्र्धनात्मक गतिविधिहरू सञ्चालन हुँदै आएका छन् । सरकारका यस्ता कार्य तथा प्रयासमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ, संस्था र निकायले विभिन्न क्रियाकलापमार्फत सहयोग गर्दै आएका छन् ।

नेपालमा पर्याप्त कानुनी र संस्थागत संरचनाको व्यवस्था, विभिन्न निकायबाट आवश्यक सहयोग हुँदा हुँदै जातीय तथा लैङ्गिक आधारमा विभिन्न प्रकारका हिंसा खेप्न बाध्य हुने अवस्था कायमै छ ।

गरिबी, पछौटेपन, अन्धविश्वास, कुरिती, कुसंस्कार, गलत धार्मिक तथा सामाजिक मान्यताका कारण जातीय तथा लैङ्गिक आधारमा हुने हिंसाका घटनाहरू प्रकाशमा आइरहेकै छन् । यसरी हुने हिंसाको वास्तविक अवस्था कस्तो छ ? यस्ता घटनाको अभिलेखीकरणको कामचाहिँ कसरी भइरहेको छ ? समस्या र प्रवृत्ति के छ ? भन्ने विषयमा आवश्यक अध्ययन गरी एकीकृत दस्तावेज तयार गर्ने हेतुले यो अध्ययन गरिएको हो । व्यवस्थित र वास्तविक तथ्याङ्क र तथ्यगत अवस्थाको विश्लेषण गर्दा नै विशेषतः सम्बन्धित निकाय र नीति निर्माणकर्ताहरूलाई समस्या समाधानका लागि पहल गर्न, अन्य विकास साझेदार संघसंस्थालाई नीति तथा कार्यक्रम बनाउन सहज हुन्छ भन्ने यस अध्ययनको अभिप्राय हो । जसले संवैधानिक, कानुनी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरिएका प्रतिबद्धता कार्यान्यनका लागि नयाँ रणनीति अख्तियार गर्न सहयोग पुर्‍याउन सक्छ । यही पक्षलाई आत्मसात् गर्दै यो अध्ययन गरिएको हो ।

## १.२ अध्ययनको औचित्य

नेपाली समाजमा व्याप्त असमानता, गरिबी, लैङ्गिक र जातीय आधारमा हुने हिंसाका कारण लामो समयसम्म महिला तथा बालिकाको मानवाधिकार, सामाजिक न्याय र प्रतिष्ठा तथा समग्र वृत्तिविकास कुण्ठित हुँदै आयो । त्यही कारणले सामाजिक, सांस्कृति, राजनीतिक, आर्थिक विकासमा असमानताको खाडल गहिरिँदै गयो । समग्रमा महिला र बालिका, त्यसमा पनि दलित महिला र बालिका राष्ट्रियता, लैङ्गिकता, भाषिकता, धार्मिकता, जातीयता, क्षेत्रीयता, वर्गीयता जस्ता अन्य धेरै असमानता र विभेद्को दोहोरो, तेहेरो मारमा छन् । पितृसत्ता, जातीय श्रेष्ठता, धार्मिक, सांस्कृतिक अन्धता, गलत प्रथा परम्पराको जगमा निर्मित संरचनागत व्यवस्थाले थोपर्ने विभेद, असमानता, उत्पीडन, बहिष्करण र हिंसा जस्ता समस्याले उनीहरूको शारीरिक, मानसिक, शैक्षिक र सामाजिक उन्नतिमा नकारात्मक असर पारिरहेको छ । यसैकारण पछिल्लो समय यसविरुद्ध आवाजहरू उठिरहेका छन् । तथापि जातीय र लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हत्या, हिंसा, बलात्कार तथा बेचबिखनजस्ता जघन्य अपराधका घटना उत्तिकै घटिरहेका छन् ।

राज्यले अङ्गिकार गरेको नीतिअनुसार स्थानीयदेखि संघीय, राष्ट्रियदेखि अन्तर्राष्ट्रिय तहसम्म विभिन्न नीति, रणनीति, कार्यक्रम र प्रतिबद्धता कार्यान्वयन भइरहेका छन्, जसले महिलाको समग्र स्थितिमा सकारात्मक सुधारका संकेत देखिदैँ गए पनि हिंसा र विभेद भने कायमै छन् । यस अध्ययनले उल्लेखित मुद्दाहरूमा राष्ट्रको दृष्टिकोण, पहलकदमी, कानुनी र संरचनागत व्यवस्था र त्यसको कार्यान्वयनको अवस्था प्रस्तुत गर्ने प्रयास गरेको छ । हुन त नेपालमा तथ्याङ्कको अभिलेखीकरण प्रक्रिया अझै व्यवस्थित हुने क्रममै छ । महिला र बालिका, त्यसमा पनि दलित

महिला र बालिकाका सवालमा सोलोडोलोमा तथ्याङ्क राख्ने अभ्यास छ । जति तथ्याङ्क र विवरण छन्, तिनलाई पनि व्यवस्थित गरिएको छैन । छरिएर रहेका फरकफरक विवरणको एकीकृत अभिलेखीकरणको खाँचो छ । यही आवश्यकता बोध गर्दै दलित महिला संघ (फेडो)ले विगत वर्षहरूदेखि दलित महिला तथा बालिकामाथि हुने हिंसाका घटनाहरूलाई एकीकृत गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

महिला तथा बालिकाको अधिकारको रक्षा र हिंसा न्यूनीकरण तथा न्यायका लागि काम गरिरहेका सरकारी र गैरसरकारी संस्थाका प्रयास, हिंसाको प्रवृति र अवस्था, दलित महिला र बालिकासम्बन्धी विषयका चुनौती, मिडियाले दिने महत्वका विषय उजागर गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्न पनि यो अध्ययन आवश्यक ठानिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकाहरूमाथि हुने भेदभाव र हिंसाका घटनाहरूको अध्ययन, विश्लेषण र दस्ताबेजीकरण गरी एकीकृत प्रतिवेदन तयार गर्नु रहेको छ। जसले एकैठाउँमा तथ्याङ्क उपलब्ध भई सरोकारवाला निकायहरूको ध्यानाकर्षण गर्न र हिंसा न्यूनीकरणका लागि थप रणनीति अख्तियार गर्न सन्दर्भ सामग्रीका रूपमा काम गर्नेछ ।

यसका उद्देश्य बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएका छन्ः

- नेपालमा दलित महिला तथा बालिकामाथि हुने हिंसाका घटनाबारे सरोकार भएका विभिन्न निकायले गरेका अध्ययन तथा तथ्याङ्कको एकीकृत विवरण तयार गर्ने ।
- नेपाल सरकारका संवैधानिक आयोग, निकाय (नेपाल प्रहरी) र अन्य गैरसरकारी संघसंस्थाका सान्दर्भिक तथ्याङ्क, अध्ययन प्रतिवेदन र हिंसाका घटनाहरूको अध्ययन, समीक्षा र तिनको प्रवृति विश्लेषण गरी बृहत् दृष्टिकोण निर्माण गर्ने ।
- नेपाली मिडियामा महिला तथा बालिका हिंसाका सन्दर्भमा प्रकाशन हुने विषयवस्तुको विश्लेषण गर्ने ।
- जातीय र लैङ्गिक आधारमा हुने हिंसा न्यूनीकरण तथा घटना अभिलेखीकरण, तिनले औंल्याएका समस्याको उजागर र समाधानका लागि पहल तथा नीतिगत सुधार गर्न आवश्यक सुझाव दिने ।

## १.४ अध्ययनको विधि

यस अध्ययनमा सम्भव भएसम्म जातीय तथा लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरण र अधिकारको पैरवी गरिरहेका सरकारी निकाय तथा गैरसरकारी संस्थाका अध्ययन, तथ्य, तथ्याङ्कलाई पछ्याउँदै सूचना तथा जानकारी सङ्कलन गरिएको छ ।

नेपाल सरकारका संवैधानिक निकाय, नेपाल प्रहरी, राष्ट्रिय तथ्याङ्क कार्यालय, मिडिया (अनलाइन तथा पत्रपत्रिका), गैरसरकारी संघ संस्थाहरूबाट खण्डीकृत तथ्य, तथ्याङ्क र सूचना सङ्कलन गरी सोहीअनुसार विश्लेषण गरिएको छ। दलित महिला संघद्वारा सङ्कलित सूचना, तथ्याङ्क र प्रतिवेदनका सिफारिस पनि यसमा समावेश गरिएका छन् ।

अध्ययनलाई वस्तुनिष्ट र विश्वसनीय बनाउन संख्यात्मक र गुणात्मक अध्ययन विधिलाई अनुसरण गरिएको छ। यसमा मिडियाका विषयवस्तु, फेडोका अभिलेख प्रथम र अन्य विवरण द्वितीय स्रोतमा आधारित छन्। अध्ययनमा मुख्य गरी दस्ताबेज समीक्षा (डेस्क रिभ्यु), मिडियाको विषयवस्तु विश्लेषण, विषयविज्ञ, हिंसा न्यूनीकरणका लागि नीतिगत वकालत, समुदायस्तरमा काम गर्ने संघ, संस्थाहरूसँग परामर्श विधि अपनाइएको छ । **(यस विषयमा विस्तृत विवरण पछिल्लो खण्डमा उल्लेख छ)**

## १.५ अध्ययनको सीमा

अध्ययन मूलतः जातीय तथा लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसाका सवालमा मात्र केन्द्रित छ । यसमा सरोकार भएका निकायले एक वर्ष तीन महिना (आव २०८०/८१ र चालु आवको श्रावणदेखि असोज) को अवधिमा दर्ता भएका विवरण उपलब्ध गराएअनुसार तथ्याङ्क समेटिएका छन् । अध्ययन तथा विवरण सङ्कलन गरिसक्नुपर्ने सीमित समयसीमा (२५ दिन) का कारण सीमित संस्थाहरूका अभिलेखको मात्रै विश्लेषण गरिएकाले यस अध्ययनले समग्र महिला हिंसाका घटना र त्यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय, संघ, संस्थाको प्रतिनिधित्व गर्दैन। साथै दस्ताबेज समीक्षाका लागि लिइएका द्वितीय स्रोतमा आधारित विवरणको वैधता (Validity) र पुष्ट्याइँ (Verification) सम्बन्धित निकायसँगै हुनेछ । यस्तै सीमित स्रोतसाधन र समयका कारण केही मिडिया (सातै प्रदेशको प्रतिनिधित्व हुने गरी एउटा/एउटा पत्रिका र काठमाडौंका तीन वटा) का विषयवस्तु मात्र विश्लेषण गरिएकाले यसले पनि समग्र मिडियाको वस्तुस्थितिलाई समावेश गर्दैन । यद्दपि जति विवरण सङ्कलन तथा प्रस्तुत गरिएका

छन्, तिनले मोटामोटी रूपमा महिला र बालिकामाथि हुने हिंसाको प्रवृत्ति झल्काउन तथा थप अध्ययन एवं समीक्षाका लागि सन्दर्भ सामग्रीका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

## १.६ प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई पाँच अध्यायमा विभाजन गरिएको छ। अध्याय-१ मा अध्ययनको परिचय, अध्ययन विधि, उद्देश्य, सीमा र औचित्यलगायत विषय समावेश छन्। अध्याय-२ पूर्वकार्य, साहित्यको समीक्षामा केन्द्रीत छ। यसमा जातीय र लैङ्गिक हिंसासम्बन्धी परिभाषा, नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता, तिनको कार्यान्वयनका लागि संवैधानिक, कानुनी, नीतिगत एवं संस्थागत संरचनालगायत विषय समेटिएका छन् ।

अध्याय-३ मा अध्ययनको सैद्धान्तिक ढाँचा र अपनाइका विधिका बारेमा चर्चा गरिएको छ। यसमा मिडियाका विषयवस्तुको विश्लेषणका लागि मिडिया छनोटलगायत विषय समावेश छन् । अध्याय-४ मा विभिन्न निकायबाट प्राप्त तथ्याङ्क र मिडिया विषयवस्तु बारेका तथ्य, तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ। अध्याय-५ मा निष्कर्ष र सुझाव छन्, जसले आगामी दिनमा हिंसा न्यूनीकरण र अभिलेखीकरणका लागि गर्नुपर्ने कामका बारेमा थप रणनीति बनाउन सघाउ पुग्ने अपेक्षा छ ।

# अध्याय २ (दुई)

# पूर्वकार्य वा सम्बन्धित साहित्यको समीक्षा

## २.१ जातीय तथा लैङ्गिक आधारमा हुने हिंसा र विभेद

जातीय तथा लैङ्गिक आधारमा हुने हिंसा र विभेदले विशेष गरी दलित महिला र बालिकाहरू नराम्ररी प्रभावित भइरहेका छन् । यस विषयमा विस्तृतमा उल्लेख गर्नुअघि लैङ्गिक र जातीय हिंसा तथा विभेदबारे बुझ्न आवश्यक हुन्छ । सोहीअनुसार यहाँ चर्चा गरिएको छ ।

### २.१.१ जातीय आधारमा हुने हिंसा र विभेद

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त देशका रूपमा परिचित छ । यही विशेषतालाई आत्मसात् गर्दै नेपालको संविधान, राष्ट्रिय कानुन, नीति, नियमले सबैको पहिचान, आत्मसम्मान, मर्यादा, समानुपातिक विकास र प्रतिनिधित्वको कुरा गरेका छन् । यस्तै नेपाल पक्ष राष्ट्र भएका सबै किसिमका जातीय भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीलगायत मानव अधिकारसम्बन्धी दस्ताबेजले सबै नागरिकलाई समानता, स्वतन्त्रता र आत्मसम्मान जस्ता आधारभूत मानवाधिकारका मूलभूत विषयहरू प्रत्याभूत गरेका छन् । यद्यपि प्रथा, परम्परा, धार्मिक अन्धविश्वासलगायत कारणले व्यक्तिलाई जातका आधारमा वर्गीकरण गरी विभेद, शोषण र उत्पीडन थोपर्ने अवस्था कायमै छ । यस हानिकारक सामाजिक व्यवस्थाका कारण दलित, दलित महिला र बालिका सबैभन्दा बढी हिंसामा परेका छन् । यसबाट मानवीय स्वतन्त्रता, समानता र आत्मसम्मान जस्ता मानव अधिकारका आधारभूत सिद्धान्त र मान्यताहरूको उपहास हुनुका साथ २१औँ शताब्दीमा जातीय विभेदका आधारमा राज्यपक्ष वा गैरराज्यपक्षबाट दलित भनिएका समुदायमाथि

छुवाछुत गर्न, अन्तरजातीय विवाहलाई निरुत्साहित गर्न, राज्यका श्रोत, साधन, सेवा र सुविधाको पहुँचबाट वञ्चितीकरण गरिनु विडम्बनाको विषय हो ।[१]

जातीय भेदभाव वा छुवाछुत भन्नाले 'कसैले कसैलाई कुनै पनि आधारमा भेदभाव, बहिष्करण, नियन्त्रण, प्रतिबन्ध, निष्काशन, अवहेलना लगायतका विभेद तथा छुवाछुतजन्य काम गर्नुलाई बझिन्छ ।[२]

जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐनले जातीय भेदभाव वा छुवाछुत भन्नाले 'कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कति, रीतिरिवाज, जात, जाति, उत्पत्ति, वंश, समुदाय, पेसा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि कार्य गर्न रोक, प्रतिबन्ध, निष्काशन, अवहेलना गर्नु गराउनुलाई जातीय भेदभाव तथा छुवाछुत मानिने' भनि उल्लेख गरेको छ ।[३]

यस्तै, सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा 'जातीय भेदभाव' भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकता सम्झनु पर्छ भनि परिभाषित गरिएको छ ।[४]

## २.१.२ लैङ्गिक आधारमा हुने हिंसा र विभेद

लैङ्गिक हिंसा भन्नाले लैङ्गिक आधारमा शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा यौनिक रूपमा असर पर्ने गरी हुने हिंसालाई बुझिन्छ । स्रोत, साधन, अवसर, जिम्मेवारी तथा हक, अधिकारको असमान वितरण, सानो उमेरमा वा बालविवाह, महिलालाई घरमा मात्र सिमित राख्नु, महिलाको कामको मूल्याङ्कन नगरिनु जस्ता लिङ्गको आधारमा हुने हिंसाहरू यसअन्तर्गत पर्दछन् । साथै, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ अनुसार 'लैङ्गिक हिंसा' भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु

१ राष्ट्रिय मानवअधिकार आयोग, जातीय विभेदविरुद्धको अधिकार विषयगत पुस्तिका (२०६९),
२ राष्ट्रिय मानवअधिकार आयोग, जातीय विभेद तथा छुवाछूतविरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन (२०७६),
३ जातीय तथा अन्य सामाजिक भेदभाव तथा छुवाछुत 'कसूर र सजाय' ऐन २०६८,
४ सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९६५,

पर्छ र सो शब्दले लैङ्गिक आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्यसमेतलाई जनाउँछ ।[५]

दलित महिला संघ (फेडो) द्वारा प्रकाशित 'जातीय भेदभाव तथा छुवाछुत र लैङ्गिक हिंसाविरुद्धका कानुनी व्यवस्थासम्बन्धी जनचेतनामूलक हातेपुस्तिका' मा यस विषयमा विस्तृत उल्लेख छ । जहाँ सार्वजनिक वा निजी जीवनमा महिला, पुरुष वा अन्य यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका आधारमा देहायका कुनै पनि कार्य गर्नु वा गराउनुलाई लैङ्गिक हिंसा भनिन्छ भनेर उल्लेख छः

- महिला, पुरुष वा अन्य यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भएकै आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य,
- कनै पनि अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै पनि कार्य,
- कुनै पनि व्यक्तिलाई उसको लिङ्गभेदका आधारमा गरिएको डर, धाक, धम्की जस्ता व्यवहार गर्नु वा व्यक्तिको आधारभूत स्वतन्त्रता हनन गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहार,
- लिङ्गको आधारमा घरदेखि कार्यथलोसम्म, भ्रूणदेखि जीवनपर्यन्त गरिने कुनै पनि प्रकारका अपमानजन्य शब्दको प्रयोगदेखि व्यवहारसम्म, लेखेर वा बोलेर, कागजदेखि भाषणसम्मका काम गर्नु ।

यसैगरी महिलाविरुद्ध हुने हिंसा उन्मूलन गर्ने घोषणा १९९३ का अनुसार 'महिला हिंसा भनेको महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक एवं हिंसात्मक व्यवहारहरू हुन् र यस्ता व्यवहारभित्र महिलामाथि गरिने कुटपिट, घरभित्रका सबै प्रकारका हिंसा, बालिकामाथि गरिने यौन शोषण, दाइजोका कारण गरिने दुर्व्यवहार, वैवाहिक जीवनभित्रको बलात्कारका साथै विभिन्न किसिमका सामाजिक एवं सांस्कृतिक परम्पराहरू पर्दछन्[६] भनि परिभाषित गरिएको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उल्मुलनसम्बन्धी महासन्धिमा 'महिला विरुद्धको भेदभाव' भन्नाले पुरुष र महिलाहरूको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताका आधारमा महिलाहरूद्धारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिबन्ध सम्झनुपर्छ भनि उल्लेख छ ।[७]

५ राष्ट्रिय महिला आयोग (https://nwchelpline.gov.np/about/gbv

६ संयुक्त राष्ट्रसंघ, महिलाविरुद्धको हिंसा उन्मूलन गर्ने सम्बन्धी घोषणापत्र १९९३, धारा १

उल्लेखित आधारमा महिलामाथि हुने हिंसालाई दिगो मानव विकासको प्रमुख बाधकका साथै लैङ्गिक समानता हासिल गर्ने बाटोको गम्भीर अवरोधका रूपमा स्वीकार गरिएको छ। यसले महिला र बालिकाको समुन्नत जीवन जीउनका लागि समझदारी गर्न सक्ने क्षमतामा ह्रास ल्याउनुका साथै हिंसापीडितको स्वास्थ्य तथा उनीहरुको भावनात्मक, मनोवैज्ञानिक, शारीरिक, सुरक्षा र आत्मसम्मानमा समेत नकारात्मक प्रभाव पार्दछ । यस्ता कार्यले पीडकको प्रतिष्ठामा समेत आँच पुऱ्याइरहेको हुन्छ । साथै उत्पादनमूलक काममा अनुपस्थिति, स्वास्थ्य खर्चमा बढोत्तरी साथै प्रहरी, अदालत सामाजिक कल्याणका कामहरूमा पनि खर्च वृद्धि गराएर सरकारी खर्चमा भार पार्दछ । महिला हिंसा महिलाको मानव अधिकारको गम्भीर उल्लङ्घन हो । यो महामारी जस्तै विश्वव्यापीस्तरमा सबै देश र संस्कृतिका सबै किसिमका आयस्तर भएका र जाती, वर्ग तथा समुदायमा रहेको छ ।[८]

यस्तै बालबालिकाविरुद्ध हुने हिंसा र कसूरका सन्दर्भमा बालबालिकासम्बन्धी ऐनले धेरै कुरा प्रष्ट गरेको छ । सो ऐनको दफा ६६ बालबालिकाका कसूरसम्बन्धी[९] व्यवस्थाको उपदफा २ मा १८ वटा विषयलाई बालबालिकाविरुद्ध हिंसा र उपदफा ३ मा ११ विषयलाई बाल यौन दुर्व्यवहार गरेको मानिन्छ भनेर उल्लेख गरिएको छ। त्यसमा कुलतमा लगाउनेदेखि कानुनबमोजिक बाहेक बालगृहमा राख्ने, अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्किने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउनेदेखि वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने कार्यहरूलाई हिंसा तथा दुर्व्यवहारका रूपमा परिभाषित गरिएको छ ।

## २.२ हिंसाविरुद्ध प्रयास र प्रतिबद्धता

**क) सबै प्रकारका हिंसाविरुद्ध अन्तर्राष्ट्रिय रूपमा गरिएका प्रतिबद्धता**

नेपालले लैङ्गिक समानता कायम गर्न र लिङ्गका आधारमा हुने हिंसाविरुद्ध अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्धता जनाएको छ । जसमा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ लाई १९९१ मा, सोको एच्छिक प्रोटोकल १९९९ लाई २००७ मा, समान कामका लागि महिला र पुरुषबीच समान पारिश्रमिकसम्बन्धी महासन्धि १९५१ (आइएलओ १००) लाई १९७६ मा र रोजगार तथा पेसामा हुने विभेदसम्बन्धी महासन्धि १९५८ (आइएलओ १११) लाई १९७४ मा अनुमोदन गरेको छ ।

७ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उल्मुलनसम्बन्धी महासन्धि, १९७९

८ दिदीबहिनी, महिला र बालबालिकाविरुद्ध हुने हिंसामुक्त 'सुरक्षित समुदाय'

९ बालबालिकासम्बन्धी ऐन, २०७५

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ प्रति समर्थन जनाएको छ, जहाँ कसैलाई पनि जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था आदिका आधारमा शोषण, दमन र हिंसा गर्न पाइने छैन[१०] भन्ने व्यवस्था छ । यसैगरी महिलाविरुद्ध हुने हिंसा उन्मूलन गर्ने घोषणा १९९३ को धारा १ को प्रतिबद्धताप्रति सहमति जनाएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अभिलेख[११] र राष्ट्रिय महिला आयोगकानुसार[१२] नेपालले मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि अनुमोदन गरिसकेको छ । यस्तै राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानुनसमेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ । संयुक्त राष्ट्र संघको पहलमा भएका मानव अधिकारसम्बन्धी २४ वटा महासन्धि, घोषणापत्र र अनुबन्धमा नेपालले हस्ताक्षर गरिसकेको छ । नेपाल पक्ष राष्ट्र बनेका केही अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेखहरूको विवरण निम्नानुसार छः

| क्र.सं | दस्तावेज | अनुमोदन मिति | कैफियत |
|---|---|---|---|
| १. | मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ | १० डिसेम्बर, १९४८ मा ग्रहण र घोषणा | |
| २. | महिलाको राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९५२ | २६ अप्रिल, १९६६ | |
| ३. | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ | १४ मे, १९९१ | |
| ४. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ | अनुबन्ध, १९६६ १४ मे, १९९१ | |
| ५. | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ | २२ अप्रिल, १९९१ | |
| ६. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | १५ जुन २००७ | |
| ७. | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी महासन्धि १९५१ (नं. १००) | ६ अक्टोबर १९७६ | |
| ८. | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ | |

१० मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, धारा ७

११ महिला विकास र लैङ्गिक मूलप्रवाहीकरणका लागि मौजुदा कानुनहरू तथा कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन २०७८

१२ महिलाको अवस्था, अध्ययन प्रतिवेदन २०७८

| क्र.सं | दस्तावेज | अनुमोदन मिति | कैफियत |
|---|---|---|---|
| ९. | बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० | १८ जनवरी, २००६ | |
| १०. | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जिउ मास्ने/ बेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सम्बन्धी सन्धि २००२ | १५ नोभेम्बर, २००५ | |
| ११. | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९) | १३ सेप्टेम्बर २००१ | |
| १२. | संयुक्त राष्ट्र संघअन्तर्गतको बहुराष्ट्रिय सङ्गठित अपराधविरुद्धको महासन्धिअन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम,दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (पालेर्मो प्रोटोकल) | १२ मार्च २०२० | |
| १३. | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२) | १३ सेप्टेम्बर २००१ | |
| १४. | दासत्व महासन्धि १९२६ | ७ जनवरी १९६३ | |
| १५. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | ७ जनवरी १९६३ | |
| १६. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५ | ७ जनवरी १९६३ | |
| १७. | जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ | १७ जनवरी १९६९ | |
| १८. | जिउ मास्ने, बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९ | २७ डिसेम्बर १९९५ | |
| १९. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ | ३० जनवरी १९७१ | |
| २०. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १४ मे १९९१ | |
| २१. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १४ मे १९९१ | |
| २२. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १४ मे १९९१ | |
| २३. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | १२ जुलाई १९७७ | |

| क्र.सं | दस्ताबेज | अनुमोदन मिति | कैफियत |
|---|---|---|---|
| २४. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ | १४ मे १९९१ | |
| २४. | बाल अधिकारसम्बन्धी महासन्धि १९८९ | १४ सेप्टेम्बर १९९० | |
| २६. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | ३१ अक्टोबर २००५ | |

बालअधिकारका सन्दर्भमा पनि नेपालले बाल अधिकारसम्बन्धी महासन्धि, १९७९, महासन्धिका तीनवटा इच्छाधिन आलेखहरूमध्ये सशस्त्र द्वन्द्वमा बालबालिकाको सङ्लग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २०००, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई अनुमोदन गरेको छ । यसैगरी बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय तथा सार्कस्तरीय अन्य घोषणाहरू कार्यान्वयनका लागि नेपाल प्रतिबद्ध रहेको छ । यी सबै दस्ताबेजहरूका प्रावधान कार्यान्वयनमा रहेका छन् ।[१३]

**जातीय विभेदका सन्दर्भ**मा नेपालले संयुक्त राष्ट्रसंघको पक्ष राष्ट्रका रूपमा प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जातजाति, वंश, समुदाय वा पेसाका आधारमा छुवाछुत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकार संरक्षणको अठोट गरेको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २ को मूल मर्मअनुसार अन्तर्राष्ट्रिय रूपमा कुनै पनि नाममा हुने जातीय भेदभाव, विभेद वा छुवाछुतविरुद्ध संवैधानिक, कानुनी र संरचनागत रूपमै प्रतिबद्धता जाहेर गरेको छ । सन् १९७१ जनवरी ३० मा सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ लाई १७ जनवरी १९६९ मा, रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ लाई १२ जुलाई १९७७ मा अनुमोदन गरी आफ्नो प्रतिबद्धतालाई थप बलियो बनाएको छ ।[१४] यस्तै सन् २००१ मा सबै प्रकारका जातीय भेदभावविरुद्धको महासन्धिका सम्बन्धमा दक्षिण अफ्रिकामा भएको विश्व सम्मेलनले महिला तथा बालबालिका, जात, लिङ्ग तथा उमेरका कारण भेदभावबाट पीडित हुनसक्ने अवस्थालाई ध्यान दिँदै फौजदारी न्यायप्रणालीको प्रशासनिक तथा कार्यप्रणालीमा जातीय भेदभाव रोकथाम हुनुपर्नेतर्फ ध्यानाकर्षण गर्दै डर्वान घोषणापत्र, २००१ र डर्वान कार्ययोजना जारी गरेको थियो । यसको

१३ राष्ट्रिय बालअधिकार परिषद्, नेपालमा बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०

कार्यान्वयनमा समेत नेपालले प्रतिबद्धता जनाएको छ ।[१५] तिनै प्रतिबद्धता कार्यान्वयनका क्रममा जातीय छुवाछुतका सम्पूर्ण स्वरूपलाई संवैधानिक, कानुनी, सामाजिक र हरेक दृष्टिले दण्डनीय अपराध ठानी विसं २०६३ जेष्ठ २१ मै नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको छ ।

यसबाहेक दीगो विकास लक्ष्यमा भएका लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने (५), देशभित्रै र देशबाहिर रहेका असमानता न्यून गर्न (१०) नेपालले प्रतिबद्धता जनाउँदै सोहीअनुसार आफ्ना नीति, कार्यक्रम तथा योजना कार्यान्वयन गरिरहेको छ ।

**ख) प्रतिबद्धता कार्यान्वयनका लागि नेपालका प्रयास**

नेपालले जातीय तथा लैङ्गिक आधारमा हुने विभेद तथा हिंसाविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परेका प्रतिबद्धता कार्यान्वयनका लागि संवैधानिक तथा कानुनी व्यवस्थाका अतिरिक्त ती व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न संरचनात्मक व्यवस्थासमेत गरेको छ ।

**संवैधानिक व्यवस्थाः**[१६]

नेपालको संविधानको प्रस्तावनामै जातीय तथा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ । यसैगरी विभिन्न ३१ वटा मौलिक हकमा महिला, दलित र बालिकाका सवालमा स्वतन्त्रता, समानता, आत्मसम्मान, वृत्तिविकास, समावेशी समानुपातिक प्रतिनिधित्व, समतामूलक समाज निर्माणका खातिर कसैलाई कुनै पनि आधारमा विभेद नगरी सामाजिक न्याय प्रदान गर्ने, विगतमा पछि परेका/पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिलाई समुन्नत गराउन सकारात्मक विभेदको नीतिअनुरूप संरक्षणको व्यवस्था गरेको छ । यहाँ निम्न व्यवस्था उल्लेख गर्नु वाञ्छनीय होलाः

- **धारा १८. समानताको हकः** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।
  (२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।
  (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक

---

१४ राष्ट्रिय दलित आयोग, चौथो वार्षिक प्रतिवेदन २०८०/८१,

१५ राष्ट्रिय मानवअधिकार आयोग, जातीय विभेद तथा छुवाछूतविरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन (२०७६),

१६ नेपालको संविधान (२०७२),

वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, ल लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन। स्पष्टीकरण ः यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानुनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुनेछ ।

- **धारा २४. छुवाछुत तथा भेदभावविरुद्धको हकः** १) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।

  (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

  (३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

  (४) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

  (५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

- **धारा ३८ महिलाको हकः** (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ ।

  (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।

  (३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा

शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

- **धारा ३९ बालबालिकाको हकः** (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

  (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

  (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

  (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

  (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

  (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

  (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

  (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

  (९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

  (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

- **धारा ४० दलितको हक** ः (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

  (२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित

निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

**संविधानका केही उल्लेखनीय प्रावधान**

| धारा, उपधारा, | व्यवस्था |
|---|---|
| प्रस्तावना | जातीय र लैङ्गिक विभेद अन्त्य गर्ने |
| ११/२–७ | नागरिक ठहर्ने, |
| १२ | लैङ्गिक पहिचानसहितको नागरिकता, आमा वा बाबुको नामबाट |
| /१६/१ | सम्मानपूर्वक बाँच्न पाउने हक |
| /१७/१ | स्वतन्त्रताको हक |
| /१८/१–५ | समानताको हक |
| २१/१–२ | अपराधपीडितको हक |
| /२८ | गोपनीयताको हक |
| २९/१–५ | शोषणविरुद्धको हक |
| ३३/१–२ | रोजगारीको हक |
| /३८/१–६ | महिलाको हक |
| ३९ | बालबालिकाको हक |
| ४० | दलितको हकः |
| ४२/१ | सामाजिक न्यायको हक |
| ३/४२ | सामाजिक सुरक्षाको हक |

| धारा, उपधारा, | व्यवस्था |
|---|---|
| ३/५१/ | राज्यका नीतिहरू |
| /७० | राष्ट्रपति र उपराष्ट्रपति फरक लिङ्ग वा समुदायको हुने |
| ८४/१.ख–२–८ | प्रतिनिधि सभाको गठन |
| ८६/२ | राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि |
| ९१ | प्रतिनिधि सभाको सभामुख र उपसभामुख |
| ९२/२ | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष |
| १७६/६, ९ | प्रदेश सभाको गठन |
| १८२/२ | प्रदेश सभाको सभामुख र उपसभामुख |
| २१५/४ | गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्षसम्बन्धी व्यवस्था |
| २१६/४ | नगर कार्यपालिका प्रमुख र उपप्रमुखसम्बन्धी व्यवस्थ |
| २२०/३ | जिल्ला सभा र जिल्ला समन्वय समिति |
| /२५२/१, ६ (क) | राष्ट्रिय महिला आयोग |
| /२५३/१ | राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार |
| २५५ | दलित आयोग |
| २५६ | राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार, आदि |

**कानुनी तथा नीतिगत व्यवस्थाः**

जातीय तथा लैङ्गिक आधारमा महिला, बालिबालिका वा कसैमाथि हुने हिंसाका स्वरूप, प्रकृतिको पहिचान र समस्या सम्बोधन गर्न मुलुकी ऐन २०२० लाई २०७५ भदौ १ गतेदेखि विभिन्न ऐनद्वारा प्रतिस्थापन गरिएको छ। ती ऐनमा मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४, मुलुकी देवानी संहिता २०७४ रहेका छन्। यी ऐनमार्फत सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक/सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास, हानिकारक प्रथा, परम्परागत र गलत अभ्यासलाई आपराधिक कार्यका रूपमा व्याख्या गरिएको छ। विभेद र हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानुनी सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ। कानुनी उपचार, समस्या समाधान र आपराधिक कार्यको दण्ड सजायका निमित्त यी ऐन/कानुन विशेष महत्वपूर्ण मानिने गरिए पनि क्षेत्रगत हिसाबले निम्न व्यवस्था पनि निकै महत्वपूर्ण छन्ः

| महिला | बालबालिका | दलित |
|---|---|---|
| मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, नियमावली, २०६५,<br>मानव बेचबिखन तथा ओसारपसारपीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४,<br>घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, नियमावली, २०६७,<br>कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार (निवारण) ऐन, २०७१,<br>कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार (निवारण) आचारसंहिता, २०७४,<br>लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७<br>लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि, २०६८<br>एकल महिला सुरक्षा कोष नियमावली, २०७०,<br>बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२,<br>महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०,<br>लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०६१,<br>ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२,<br>मानव वेचविखन विशेषगरी महिला तथा बालबालिकाहरूको वेचविखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८,<br>छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४,<br>पुनस्र्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८,<br>पुनस्र्थापना कोष सञ्चालन निर्देशिका, २०६८,<br>मानव बेचबिखनविरुद्धको मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८,<br>राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७<br>**(प्रदेश र स्थानीयस्तरमा विभिन्न ऐन, नियम, निर्देशिका जारी)** | बालबालिकासम्बन्धी ऐन, २०७५,<br>नियमावली, २०७८,<br>राष्ट्रिय खोप ऐन, २०७२,<br>बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९<br>बलश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२९८३),<br>बालविवाहविरुद्धको राष्ट्रिय रणनीति, २०७२,<br>शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३,<br>प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८)<br>**(प्रदेश र स्थानीयस्तरमा विभिन्न ऐन, नियम, निर्देशिका जारी)** | जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८,<br>नियमावली, २०७४,<br>जातीय भेदभाव तथा छुवाछुत अन्त्य र दलित अधिकार प्रवद्र्धनसम्बन्धी कार्यविधि, २०७३,<br><br>**(प्रदेश र स्थानीयस्तरमा विभिन्न ऐन, नियम, निर्देशिका जारी)** |

**संरचनागत व्यवस्थाः**

जातीय तथा लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसासम्बन्धी धेरै विषय अन्योन्याश्रित छन् । महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरण, अधिकारको संरक्षण र प्रवर्धनका लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्रको व्यवस्था गरिएको छ । विशिष्टिकृत रूपमा महिलाहरूको अधिकारका लागि राष्ट्रिय महिला आयोग, दलितहरूका लागि राष्ट्रिय दलित आयोग र बालबालिकाका लागि राष्ट्रिय बाल अधिकार परिषद् क्रियाशील छन् । समग्रमा राष्ट्रिय मानव अधिकार आयोगका साथै अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने आदिवासी जनजाति आयोग, मधेशी आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मुस्लिम आयोगलगायत क्रियाशील छन् ।

यीसहित संरचनागत व्यवस्था ः

- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- दलित आयोग
- राष्ट्रिय बाल अधिकार परिषद्,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा सहयोग केन्द्रहरू
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा विषयगत एकाइ/शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क विन्दु
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र,
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाका लागि सेवा केन्द्र
- बालबालिकाका लागि राष्ट्रिय बाल अधिकार परिषद्,
- बाल संगठन,
- हिंसापीडितहरूको सेवाका लागि अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरू
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान ब्युरो
- स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानुनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिल
- बार एसोसिएसनबाट निःशुल्क कानुनी सहायता
- प्रदेश तथा स्थानीयस्तरमा दलित विकास, सशक्तीकरण समितिहरू,

# २.३ नेपालमा महिला र बालिकाको अवस्था

**जनसंख्याको अवस्था**

राष्ट्रिय जनगणना, २०७८ को नतिजाअनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ छ । उक्त तथ्याङ्कअनुसार पुरुष १ करोड ४२ लाख ५३ हजार ५५१ (४८.८७ प्रतिशत) र महिला १ करोड ४९ लाख ११ हजार २७ (५१.१३) छन् । यस्तै, २९२८ जनाले आफ्नो लैङ्गिक पहिचान नखुलाएर अन्य लेखेको र यो कुल जनसंख्याको ०.०१ प्रतिशत हो । कुल जनसंख्यामध्ये क्षेत्री समुदायको कुल जनसंख्या ४७,९६,९९५ (समग्र १६.४%) मध्ये पुरुष २३,०८,१२० (१६.२%) र महिला २४,८८,८७५, ब्राह्मण (पहाड) ३२,९२,३७३ (११.३%) मध्ये पुरुष १६०७४५० (११.३%) १६,८४,९२३ (११.३%) रहेको छ । यस्तै आदिवासी जनजाति कूल जनसंख्या १,०१,६८८८४ रहेको देखाइए पनि सूचीकृत (६०) को १००१७९९५[१७] र मधेशीको १,०२,९६,९७० (आयोगको ७२,७४,०८८) छ ।[१८]

दलित समुदायको जनसंख्या ३८ लाख ९८ हजार ९९० (१३.४%) छन् । यसमध्ये पुरुष १८६९४३९ (१३.११%) र महिला २०२९५५१ (१३.६१%) छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ०-१४ वर्षसम्मका बालबालिकाको जनसंख्या ८१ लाख १५ हजार ५७५ र समग्रमा ९८ लाख ६९ हजार ५८३ छ । जसमा बालक ५१ लाख १४ हजार ५०५ र बालिका ४७ लाख ५५ हजार ७८ छन् ।

नेपालमा लैङ्गिक अनुपात ९५.५९ छ । यो भनेको प्रति एक सय महिलामा ९६ पुरुष छन् भनिएको हो । सोही तथ्याङ्कअनुसार एक वर्षमुनिको जनसंख्यामा बालक २ लाख १८ हजार ७४ र बालिका १ लाख ९४ हजार ८६१ देखिन्छ । यसको लैङ्गिक अनुपात निकाल्दा १११.९ छ । यो भनेको नेपालमा एक वर्षको अवधिमा एक सय छोरी जन्मिदा ११२ (१११.९) जना छोरा जन्मिन्छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले यसबारेमा भनेको छ[१९], 'यस किसिमको असन्तुलनका धेरै कारण हुनसक्छन्, सम्बन्धित सरोकारवालाले यसबारेमा यथोचित नीति अवलम्बन गरी लैङ्गिक सन्तुलन कायम गर्नेतर्फ ध्यान केन्द्रित गर्न जरुरी छ ।'

१७ आदिवासी जनजाति आयोग चौथो प्रतिवेदन ०७९/८०

१८ मधेशी आयोग वार्षिक प्रतिवेदन ०८०/८१

१९ राष्ट्रिय तथ्याङ्क कार्यालय, जनसंख्या साक्षरता

## विभेद र हिंसाको अवस्था

नेपालले जातीय तथा लैङ्गिक आधारमा हुने हिंसा तथा विभेदविरुद्ध निरन्तर अभियानात्मक, संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्य गर्दै आएको छ। यसकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी तथा विकास साझेदार संस्थाहरूले पनि सहयोग गर्दै आएका छन् तर अध्ययनहरूले महिला र बालिका भएकै कारण शारीरिक, यौनजन्य, मानसिक र सामाजिक क्षति वा पीडा सहनुपर्ने र आधारभूत अधिकारबाट वञ्चितीकरण, दलित भएकै कारण विभिन्न प्रकारका विभेद तथा छुवाछुतको सामना गर्नु परिरहेको देखाउँछन् ।

नेपाल प्रहरीको विगत ५ आर्थिक वर्ष (२०७५/७६-०७९/८०) का तथ्याङ्क हेर्दा समस्या विकराल छ । पाँच वर्षमा कुल ९६ हजार २२३ महिला हिंसा र अपराधका घटना भएका छन् । जसमा ७४ हजार २६३ घटना घरेलु हिंसाका मात्रै छन्। यो कुल घटनाको ७७ दशमलव १७ प्रतिशत हो । यसमा ११ हजार ६७१ बलात्कार (१२.१२%), बलात्कार प्रयास ३३८१ (३.५१%), अपहरण तथा जजकमा २७९, जजक गरी हत्या ११, बहुविवाहमा ४११९, बोक्सीको आरोप २३३, मानव बेचबिखन तथा जजकका घटना ५९ भएका छन्। यस्तै बालबालिकातर्फ बाल यौन दुरुपयोग/दुर्व्यवहार १३७९, बालविवाह ३३८, बालविवाह गरी जबर्जस्ती करणीका ४ वटा घटना भएका छन् । जातीय छुवाछुतका सवालमा पाँच वर्षमा १५४ घटना भएका छन् । यस अवधिमा सुरुको वर्ष

यस्तै, राष्ट्रिय महिला आयोगले विगत छ वर्ष (विसं २०७५-२०८०)[२०] सम्म आयोगमा दर्ता भएका उजुरीको विश्लेषण गरेको छ। त्यस अवधिमा ७३४४ वटा हिंसाका घटनाहरू दर्ता रहेकामा त्यसमा ८८ प्रतिशत घरेलु हिंसा र १२ प्रतिशत महिला हिंसा छन्। त्यस्तै प्रकृतिका आधारमा मानसिक हिंसा ४२ प्रतिशत, आर्थिक हिंसा ३० प्रतिशत, शारीरिक हिंसा २४ प्रतिशत र यौनजन्य हिंसा ४ प्रतिशत रहेको आयोगको तथ्याङ्क छ। २६ देखि ४० वर्ष उमेर समूहका महिला बढी हिंसामा (५८ प्रतिशत) परेको, त्यसमा निरक्षर र साधारण लेखपढ गर्ने २८ प्रतिशत, जुनसुकै जातजातीमा हिंसा भएको तर ब्राहमण क्षेत्री महिलाहरूका उजुरी ४६ प्रतिशत रहेको देखाएको छ ।

दलित महिला संघले २०७८ मा सार्वजनिक गरेको प्रतिवेदनअनुसार जातीय भेदभाव तथा छुवाछुत(कसुर र सजाय) ऐन २०६८ लागु भएपश्चात् जातीय भेदभाव तथा छुवाछुतका कारण दलितको हत्या र आत्महत्याका घटनाको संख्या ५० पुगेको छ । जसमा दलित महिलाको संख्या २१ रहेको छ। अर्को एक अध्ययनले त सो ऐन कार्यान्वयनमा आएपछि हालसम्म जातकै

२० राष्ट्रिय महहला आयोग १७ औं वार्षिक प्रतिवेदन २०८१

आधारमा ज्यान गुमाउने व्यक्तिहरूको संख्या हालसम्म ७७ रहेको देखाएको छ ।[२१] **फेडोले** २०८० मा सार्वजनिक गरेको प्रतिवेदनमा २०७८ कात्तिकदेखि २०७९ असोजसम्म दलित समुदायमाथि जातीय भेदभाव तथा यौनजन्य हिंसामा आधारित ५४ घटना भएका छन् । त्यसमा महिलाको संख्या ५८ प्रतिशत छ । यस्तै आर्थिक वर्ष २०७९ को कात्तिकदेखि २०८० को असोजसम्म फेडोको अभिलेखमा आएका २६३ घटनामध्ये २० वटा जातीय छुवाछुतसँग सम्बन्धित रहेको पाइएको छ ।

समग्रमा नेपालको संविधान र प्रचलित कानुनले जातीय र लैङ्गिकि विभेद वर्जित गरेको छ तर व्यवहारमा कायमै रहेकाले दलित महिलाले जातीय, लैङ्गिक र वर्गीय गरी त्रिस्तरीय विभेदको मार खेप्नु परेको छ । जातीय तथा लैङ्गिक विभेदका कारण दलित महिला तथा बालबालिकामाथि जातीय विभेद, छुवाछुत, हत्या, बलात्कार, कुटपिट, बोक्सीको आरोप, बालविवाह, बहुविवाह र यौन दुर्व्यवहार जस्ता हिंसाका घटनाहरू अधिक हुने गरेका छन् ।[२२]

२१ झवाली,शिवहरि (२०८०), नेपालमा दलित मानवअधिकार ।

२२ फेडो, नेपालमा दलित महिला तथा बालिकामाथि हुने हिंसाको अवस्था, अध्ययन प्रतिवेदन २०८०

अध्याय ३ (तीन)

# अध्ययनको सैद्धान्तिक ढाँचा वा विधि

## ३.१ अध्ययन विधि

यस अध्ययनले नेपालमा जातीय र लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसाको अवस्था पहिचान गर्ने लक्ष्य राखेको छ। यसको मुख्य प्राथमिकता दलित महिला तथा बालिका हुन्। अध्ययनमा गुणात्मक र संख्यात्मक दुवै प्रकृतिका तथ्याङ्क समेटिएका छन्। यस अध्ययनमा नेपाल सरकारका संवैधानिक निकाय, नेपाल प्रहरी तथा महिला, बालबालिका तथा लैङ्गिक अधिकारका क्षेत्रमा काम गर्ने र पैरवी गर्ने गैरसरकारी संस्थाहरूका अभिलेख (द्वितीय स्रोत) समेटिएका छन्। साथै नेपालको आमसञ्चार क्षेत्रले महिला तथा बालिका हिंसाका सवाल तथा मुद्दाहरूलाई कसरी उठान गरिरहेको छ भनेर हेर्ने प्रयास गरिएको छ। त्यसका लागि छापा (दैनिक पत्रिका) र अनलाइनका विषयवस्तु विश्लेषण विधि अङ्गीकार गरिएको छ। यो र दलित महिला संघ (फेडो) को अभिलेख अध्ययनका प्रथम स्रोतका रूपमा रहेका छन्।

उल्लेखित आधारमा प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क र गुणात्मक अध्ययनलाई थप विश्वसनीय बनाउन विषयविज्ञ, संवैधानिक आयोगका प्रमुख तथा प्रतिनिधि, जातीय तथा लैङ्गिक हिंसाविरुद्ध पैरवी गर्ने विभिन्न संघ, संस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग परामर्श तथा अन्तर्वार्ता विधिसमेत अपनाइएको छ। यसमा सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि (जो विशेषय विज्ञ पनि हुनुहुन्छ) गरी ११ जनासँग कुराकानी गरेका छौँ। उहाँहरू सबैलाई नेपालमा महिला तथा बालिकामाथि हुने हिंसाको पछिल्लो प्रवृत्तिगत अवस्था के छ ? त्यसमा दलित महिला र बालिकाले भोग्ने हिंसा उस्तै छ कि जातीय आधारमा थप हिंसाको सामना गरिरहनुपरेको छ ? यस्तो अवस्थामा हिंसा न्यूनीकरणका लागि के गरिनुपर्छ ? भनेर उस्तै प्रश्न सोधेका छौँ भने प्रहरीलाई तपाईहरू कहाँ अन्य निकायको तुलनामा किन दलित महिला र बालिका वा जातीय विभेदका उजुरी कम आउँछन् ? भनेर थप प्रश्न सोधेका छौँ। यसैगरी मिडिया क्षेत्रका व्यक्तिहरूसँग हिंसापीडित महिला र बालिकाका मुद्दाहरू मिडियामा किन प्राथमिकतामा पर्दैनन् र अब के गर्न सकिन्छ भनेर सोधेका थियौँ।

दस्ताबेज समीक्षा (Desk Review)
विषयवस्तु विश्लेषण (Contetnt Ananysis)
विज्ञ परामर्श/अन्तर्वार्ता

# ३.२ तथ्याङ्क सङ्कलन (नमूना छनोट)

## क) दस्ताबेज समीक्षाका लागि संस्था

यसमा संस्थाको कार्यक्षेत्र, फेडोले गरिरहेको सहकार्यलाई समेत मध्यनजर गर्दै र अध्ययनकर्ताले निर्णयात्मक वा उद्देश्यमूलक (judgmental or purposive) विधिअनुसार नेपाल सरकारका संवैधानिक निकाय र सरकारी संस्था तथा गैरसरकारी संघसंस्था छनोट गरिएका छन् । यसरी सरकारी निकायतर्फ संवैधानिक आयोग तीन र नेपाल प्रहरी गरी ४ तथा गैरसरकारी संस्थातर्फ फेडोसहित ६ वटा संस्था छनोट गरिएका छन्, जुन निम्नानुसार छन्ः

**संवैधानिक आयोग तथा सरकारी निकाय**

१. राष्ट्रिय महिला आयोग
२. राष्ट्रिय दलित आयोग
३. राष्ट्रिय मानव अधिकार आयोग
६. नेपाल प्रहरी

**गैरसरकारी तथा सामाजिक संस्था**

१. दलित महिला संघ (फेडो),
२. महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपाल
३. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
४. मनोरञ्जन तथा सत्कार क्षेत्रमा काम गर्ने संस्थाहरूः सामरी उत्थान सेवा, विश्वास नेपाल र शक्ति समूह ।

## ख) विषयवस्तु विश्लेषणका लागि मिडिया

विषयवस्तु विश्लेषणका लागि मिडिया छनोट गर्दा प्रेस काउन्सिल नेपालको वर्गीकरण अभिलेख, फेडोको विगतका अभ्यास र अनुभव, पत्रिकाको वितरण, नेपाली समाजमा प्रभावका साथै मानव अधिकार, सामाजिक न्याय र सार्वजनिक चासोका सामाजिक मुद्दाहरूप्रतिको संवेदनशीलतालाई ख्याल गर्दै मुख्यगरी अध्ययनकर्ताको अनुभव र जजमेन्टका आधारमा छापा तथा अनलाइन

मिडिया छनोट गरिएका छन् । समय सीमालगायत कारणले यसका लागि दुईवटा राष्ट्रिय दैनिक र एउटा अनलाइन तथा सातवटा प्रदेशको प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशबाट एउटा/एउटा दैनिक पत्रिका गरी कुल १० वटा मिडिया छनोट गरिएका छन् ।

यी मिडियाका समाचार, लेख, सम्पादकीय र पाठकपत्रको विश्लेषण गरिएको छ। अनलाइन मिडियामा विषयगत कवरेज पत्ता लगाउन मुख्य रूपमा गुगल खोजी गरिएको छ। अनलाइनको हकमा महिला, बालिका तथा जातीय विभेद र हिंसा शब्द राखेर गुगल खोजी गर्दा भेटिएका वर्षभरिका विषयवस्तु समेट्ने प्रयास गरिएको छ। र, यसमा नेपाली भाषामा प्रकाशन भएका समाचारलाई मात्र विश्लेषणको विषय बनाइएको छ ।

समय सीमातर्फ मूलतः २०२३ को नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानलाई केन्द्रमा राखेर सो अवधिभर प्रकाशित विषयवस्तुमा केन्द्रित भएर विश्लेषण गरिएको छ किनकि त्यस्ता अभियानका समयमा मिडियाले मुद्दाहरूलाई व्यापक रूपमा उठान गर्ने र महत्व दिने भएकाले नमुना स्वरुप विषयवस्तुको प्रवृत्ति थाहा हुने हाम्रो विश्वास छ ।

यसरी छनोट गरिएका मिडिया निम्नानुसार छन्ः

**केन्द्रीयस्तरमा**

१. गोरखापत्र दैनिक
२. कान्तिपुर दैनिक
३. अनलाइन खबर

**प्रदेशस्तरमा**

१. कोशी, उद्घोष दैनिक
२. मधेस, जनकपुर टुडे
३. गण्डकी, समाधान दैनिक
४. बागमती, हेटौडा सन्देश
५. लुम्बिनी, बुटवल टुडे
६. कर्णाली, जनचासो खबर दैनिक
७. सुदूरपश्चिम, अनुमोदन दैनिक

अध्याय ४ (चार)

# तथ्याङ्क प्रस्तुति र विश्लेषण

## ४.१ नेपालमा महिला हिंसाको अवस्था (दस्तावेज समीक्षा)

### ४.१.१ नेपाल प्रहरीको दस्तावेज समीक्षा

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल सूचना तथा सञ्चार महाशाखाबाट प्राप्त विवरणलाई यहाँ प्रस्तुत गरिएको छ । प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८०/८१ र चालु आर्थिक वर्षका पहिला दुई महिनामा गरी कार्यालयमा २४ हजारभन्दा बढी उजुरी दर्ता भएका छन् । यहाँ ती उजुरीलाई प्रादेशिक, लैङ्गिक र जातीय आधारमा विश्लेषण गरिएको छ ।

## हिंसाका घटना

| हिंसा | उजुरी संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | का. उपत्यका | जम्मा |
| घरेलु हिंसा (१) | १८५३ | ६९०९ | १६२० | ५८२ | ३३८४ | १०५० | १४६१ | २९१४ | १९७७३ |
| घरेलु हिंसाका कारण कर्तव्य ज्यान (२) | ४२ | १२ | ६ | ७ | ७ | ५ | ६ | ४ | ८९ |
| बलात्कार (ज.ज.क) (३) | ५१९ | ४३९ | ३४४ | २१७ | ४७२ | २९० | २४० | ४०५ | २९२६ |
| बलात्कारको प्रयास (ज.ज.क.३) (४) | १२५ | ८२ | ५५ | २४ | ८३ | ३७ | ६२ | ४२ | ५१० |
| जबर्जस्ती करणी गरी हत्या (५) | १ | १ | ० | ० | १ | ० | १ | १ | ५ |
| अपहरण गरी बलात्कार (६) | ३ | ३६ | ४ | ० | ९ | ३ | ७ | २ | ६४ |
| मानव बेचविखन ज.ज.क (७) | २ | ३ | ० | ० | ९ | १ | ३ | २ | २० |
| अवैध गर्भपतन (८) | १ | ७ | ० | ० | २ | १ | १ | १ | १३ |
| सार्वजनिक स्थलमा दुर्व्यवहार (९) | ७ | ४ | ० | ६ | ० | ० | ६ | १ | २४ |
| जातीय छुवाछुत (१०) | ६ | ५ | २ | १ | ३ | १० | २ | ५ | ३४ |
| बोक्सीको आरोप (११) | ३ | २४ | ० | २ | १ | ० | १ | १ | ३२ |
| बालविवाह (१२) | ३ | १० | २ | ३ | १३ | ० | २ | २ | ३५ |
| दाइजोसम्बन्धी कसुर (१३) | ० | ७ | ० | ० | ० | ० | ० | ३ | १० |
| बाल यौन दरुपयोग (१४) | ११० | ३५ | १०० | ४३ | ७३ | १२ | २५ | ८५ | ४८३ |
| अप्राकृतिक मैथुन (१५) | ८ | ८ | १ | २ | ३ | १ | ० | ४ | २७ |
| जम्मा | २६८३ | ७५८२ | २१३४ | ८८७ | ४०६० | १४१० | १८१७ | ३४७२ | २४०४५ |
| प्रतिशतमा | ११.१५ % | ३१.५३ % | ८.८७ % | ३.६८ % | १६.८८ % | ५.८६ % | ७.५५ % | १४.४३ % | १००% |

### हिंसाका विभिन्न प्रकारको हिस्सा

| क्र.सं | हिंसा | प्रतिशत | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | घरेलु हिंसा | ८२.२३ % | १९७७३ | |
| २. | घरेलु हिंसाका कारण कर्तव्य ज्यान | ०.३७ % | ८९ | |
| ३. | बलात्कार | १२.१६ % | २९२६ | |
| ४ | बलात्कारको प्रयास | २.१२ % | ५१० | |
| ५ | जबर्जस्ती करणी गरी हत्या | ०.०२० % | ५ | |
| ६ | अपहरण गरी बलात्कार | ०.२६६ % | ६४ | |
| ७ | मानव बेचविखन बलात्कार | ०.०८३ % | २० | |
| ८ | अवैध गर्भपतन | ०.०५४ % | १३ | |
| ९ | सार्वजनिक स्थलमा दुर्व्यवहार | ०.०९९ % | २४ | |
| १० | जातीय छुवाछुत | ०.१४१ % | ३४ | |
| ११ | बोक्सीको आरोप | ०.१३३ % | ३२ | |
| १२ | बालविवाह | ०.१४५ % | ३५ | |
| १३ | दाइजोसम्बन्धी कसुर | ०.०४१ % | १० | |
| १४ | बाल यौन दुरुपयोग | २.००८ % | ४८३ | |
| १५ | अप्राकृतिक मैथुन | ०.११२ % | २७ | |
| जम्मा | १०० % | २४०४५ | | |

नेपाल प्रहरीबाट प्राप्त घटना अभिलेखको विश्लेषण गर्दा कुल घटनामध्ये ८२.२३ प्रतिशत हिस्सा घरेलु हिंसाको देखियो । घरेलु हिंसाका कारण यस अवधिमा ८९ (०.३७ प्रतिशत) जनाले ज्यान गुमाएका छन् । हिंसाको दोस्रो ठूलो कारणमा बलात्कार रहेको छ । जसबाट १२.१६ प्रतिशत अर्थात २९२६ महिला तथा बालिका हिंसामा परेका छन् । यस्तै बलात्कारको प्रयासबाट २.१२ प्रतिशत (५१० जना), बाल यौन दुरुपयोग २ प्रतिशत (४८३ जना), अपहरण गरी बलात्कार ०.२६६ प्रतिशत (६४ जना), बालविवाह ०.१४ प्रतिशत (३५ जना), जातीय छुवाछुत ०.१४ प्रतिशत (३४ जना), बोक्सीको आरोप ०.१३ प्रतिशत (३२), अप्राकृतिक मैथुन ०.११ प्रतिशत (२७ जना), सार्वजनिक स्थलमा दुर्व्यवहार ०.०९ प्रतिशत (२४), मानव बेचबिखन तथा बलात्कार ०.०८ प्रतिशत (२०), अवैध गर्भपतन ०.०५ प्रतिशत (१३), दाइजोसम्बन्धी कसुर ०.०४ प्रतिशत (१०) र जबर्जस्ती करणी गरी हत्या ०.०२ प्रतिशत (५ जना) रहेका छन् ।

## प्रदेशगत अवस्था




प्रदेशगत मुद्दाको अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी ३१.५३ प्रतिशत घटना मधेस प्रदेशका रहेका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशका ३.६८ प्रतिशत रहेका छन् । मधेस प्रदेशका कुल ७५८२ घटना अभिलेखन भएका छन् । त्यसमा घरेलु हिंसाको हिस्सा ९१.१२ (६९०९) छ । यो देशभर भएका घरेलु हिंसाको ३४.९४ प्रतिशत हो । बलात्कार ५.७९ प्रतिशत (४३९), बलात्कारको प्रयास १.०८ प्रतिशत (८२), अपहरण गरी बलात्कार ०.४७ प्रतिशत (३६), बाल यौन दुरुपयोग ३५, बोक्सीको आरोप २४ (मधेशमा हुने हिंसामा ०.३१ प्रतिशत तर समग्रमा ७५ प्रतिशत), घरेलु हिंसाका कारण कर्तव्य ज्यान १२, बालविवाह १० (देशभर लुम्बिनीपछि दोस्रो), दाइजोसम्बन्धी कसुर ७ (समग्र १० मा ७० प्रतिशत), अवैध गर्भपतन ७, जातीय छुवाछुतका घटना ५, सार्वजनिक स्थलमा दुर्व्यवहार ४, मानव बेचबिखन जजक ३, बलात्कार गरी हत्याको एउटा घटना भएको छ ।

लुम्बिनीमा दोस्रो बढी हिंसाका घटना दर्ता भएका छन् । यहाँ कुल ४०६० घटना दर्ता भएकामा यी देशभरका घटनाको १६.८८ प्रतिशत हुन् । त्यसमा घरेलु हिंसाको हिस्सा ३३८४ छ । यो प्रदेशमा घटेका कुल घटनाको ८३.३४ र देशभरका घरेलु हिंसाको १७ प्रतिशत हो । यहाँ बलात्कार प्रदेशको ४७२ (प्रदेशको ११.६२ र देशभरको १६.१३ प्रतिशत), बलात्कारको प्रयास ८३, बाल यौन दुरुपयोग ७३, बालविवाह १३ (देशभर पहिलो), अपहरण गरी बलात्कार ९, मानव बेचबिखन जजक ९, घरेलु हिंसाका कारण कर्तव्य ज्यान ७, जातीय छुवाछुत ३, अवैध गर्भपतन २, बलात्कार गरी कर्तव्य ज्यान १ र बोक्सीको आरोपमा १ जना हिंसामा परेका छन् ।

तेस्रो बढी हिंसा हुने क्षेत्रमा काठमाडौं उपत्यका देखिएको छ । यहाँ समग्रमा ३४७२ वटा घटना अभिलेख भएका छन्, जुन देशभरिको १४.४३ प्रतिशत हो । यहाँ सबैभन्दा बढी २९१४ घरेलु हिंसाका घटना भएका छन् । जसको हिस्सा प्रदेशमा घटेका घटनामध्ये ८३.९२ हो । यसपछि धेरै घटेका घटनामध्ये क्रमशः बलात्कार ४०५, बाल यौन दुर्व्यवहार ८५, बलात्कारको प्रयास ४२, जातीय छुवाछुत ५, घरेलु हिंसाका कारण कर्तव्य ज्यान ४, अप्राकृतिक मैथुन ४, दाइजोसम्बन्धी कसुर ३,

बालविवाह २, अपहरण गरी बलात्कार २, मानव बेचबिखन बलात्कार २, बलात्कार गरी कर्तव्य ज्यान १, अवैध गर्भपतन १, बोक्सीको आरोप १, सार्वजनिक स्थलमा दुर्व्यवहार १ रहेका छन् ।

कोशी प्रदेशमा ११.१५ प्रतिशत अर्थात २६८३ घटना दर्ता भएका छन् । यहाँ पनि क्रमशः घरेलु हिंसा १८५३, बलात्कार ५१९, बलात्कारको प्रयास (जजकउ) १२५, बाल यौन दुरुपयोग ११०, घरेलु हिंसाका कारण कर्तव्य ज्यान ४२, सार्वजनिक स्थलमा दुर्व्यवहार ७, जातीय छुवाछुत ६, बोक्सीको आरोप ३, अपहरण गरी बलात्कार ३, बालविवाह ३, मानव बेचबिखन तथा बलात्कार २, बलात्कार गरी हत्या १ र अवैध गर्भपतनको एउटा घटना दर्ता भएको छ ।

त्यस्तै, बागमती प्रदेशमा देशभर भएका घटनामध्ये ८.८७ प्रतिशत अर्थात २१३४ वटा घटना भएका छन् । जसमा घरेलु हिंसा १६२०, बलात्कार ३४४, बाल यौन दुरुपयोग १००, बलात्कारको प्रयास ५५, घरेलु हिंसाका कारण कर्तव्य ज्यान ६, अपहरण गरी बलात्कार ४, जाती छुवाछुत २, बालविवाह २ र अप्राकृतिक मैथुनको एउटा घटना दर्ता भएको छ ।

सुदूरपश्चिम प्रदेशमा देशभर भएका घटनामध्ये ७.५५ प्रतिशत अर्थात १८१७ वटा घटना भएका छन् । जसमा घरेलु हिंसा १४६१, बलात्कार २४०, बलात्कारको प्रयास ६२, अपहरण गरी बलात्कार ७, घरेलु हिंसाका कारण कर्तव्य ज्यान ६, सार्वजनिक स्थलमा दुर्व्यवहार ६, मानव बेचबिखन बलात्कार ३, जातीय छुवाछुत २, बालविवाह २, बोक्सीको आरोप १, बलात्कार गरी हत्या १ र अवैध गर्भपतनको एउटा घटना दर्ता भएको छ ।

देशभर अभिलेख भएका घटनामध्ये कर्णाली प्रदेशमा ५.८६ प्रतिशत (१४१०) घटना अभिलेख भएका छन् । यहाँ पनि अरु प्रदेशमा जस्तै घरेलु हिंसाका घटना धेरै अर्थात १०५० छन् । त्यसपछि क्रमशः बलात्कार २९०, बलात्कारको प्रयास ३७, बाल यौन दुरुपयोग १२, जातीय छुवाछुत १० (देशभर सबैभन्दा बढी), घरेलु हिंसाका कारण कर्तव्य ज्यान ५, अपहरण गरी बलात्कार ३, मानव बेचबिखन १ र अवैध गर्भपतनको एउटा घटना भएको छ ।

देशभर अभिलेखन भएका घटनामध्ये सबैभन्दा कम हिस्सा गण्डकी प्रदेशको छ । यहाँ कुल घटनामध्ये ३.६८ प्रतिशत (८८७) घटना अभिलेखन भएका छन् । जसमा घरेलु हिंसाका ५८२ घटना दर्ता भएका छन्, जुन देशभरका घरेलु हिंसाका घटनामध्ये २.९४ र प्रदेशका समग्र घटनाको ६५.६१ प्रतिशत हो । त्यसपछि क्रमशः बलात्कार २१७, बाल यौन दुरुपयोग ४३, बलात्कारको प्रयास २४, घरेलु हिंसाका कारण कर्तव्य ज्यान ७, सार्वजनिक स्थलमा दुर्व्यवहार, बालविवाह ३, बोक्सीको आरोप २ र जातीय छुवाछुतको एउटा घटना भएको छ ।

## हिंसापीडितको लैङ्गिक विवरण (यहाँ माथि उल्लेख गरिएको क्रम संख्यालाई घटना सूचकका रुपमा प्रयोग गरिएको छ)

| प्रदेश | हिंसा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी | महिला | १७५८ | ३७ | १८८ | ७९ | ० | १ | ० | १ | ७ | ३ | ३ | ० | ० | ० | ० |
| | पुरुष | ८२ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० |
| | बालिका | ११ | १ | ३३१ | ४६ | १ | २ | २ | ० | ० | ० | ० | ३ | ० | १०८ | ० |
| | बालक | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ८ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मधेश | महिला | ६०७४ | ९ | १६७ | ४५ | ० | २ | ० | ७ | ४ | १ | २४ | १ | ७ | ० | ० |
| | पुरुष | ७८८ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | १ |
| | बालिका | ३९ | १ | २७२ | ३७ | १ | ३४ | ३ | ० | ० | ० | ० | ८ | ० | ३४ | १ |
| | बालक | ८ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ | ६ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| बागमती | महिला | १४८१ | ३ | १०५ | ३५ | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| | पुरुष | १३० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | बालिका | ८ | ० | २३९ | २० | ० | ४ | ० | ० | ० | ० | ० | २ | ० | १०० | ० |
| | बालक | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गण्डकी | महिला | ५३७ | ५ | ६८ | ९५ | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | ० | ० |
| | पुरुष | ३६ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| | बालिका | ६ | ० | १४९ | ९ | ० | ० | ० | ० | ४ | ० | ० | ३ | ० | ४३ | ० |
| | बालक | ३ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लुम्बिनी | महिला | २९४३ | ४ | १६२ | ४३ | ० | ० | १ | २ | ० | ३ | १ | २ | ० | ० | ० |
| | पुरुष | ४१९ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | बालिका | १९ | ० | ३१० | ४० | १ | ९ | ८ | ० | ० | ० | ० | १० | ० | ७३ | ० |
| | बालक | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| | अन्य | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कर्णाली | महिला | ९३६ | २ | ११२ | १८ | ० | १ | ० | १ | ० | ४ | ० | ० | ० | ० | ० |
| | पुरुष | ८८ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ६ | ० | ० | ० | ० | ० |
| | बालिका | २३ | ० | १७८ | ९९ | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | १२ | ० |
| | बालक | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सुप | महिला | १३८४ | ५ | १०६ | ३४ | ० | ३ | १ | ० | ४ | ० | १ | ० | ० | ० | ० |
| | पुरुष | ६४ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| | बालिका | ११ | ० | १३४ | २८ | १ | ४ | २ | १ | २ | ० | ० | २ | ० | २५ | ० |
| | बालक | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| उपत्यका | महिला | २५७८ | ४ | १७८ | २६ | १ | १ | १ | १ | १ | ४ | १ | ० | ३ | ० | ० |
| | पुरुष | ३२३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| | बालिका | १० | ० | २२६ | १५ | ० | १ | १ | ० | ० | ० | ० | २ | ० | ८४ | १ |
| | बालक | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ |
| | अन्य | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## एकीकृत विवरण

| हिंसा | महिला | पुरुष | बालिका | बालक | अन्य |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | १७६९१ | १९३० | १२७ | २४ | १ |
| घरेलु हिंसाका कारण कर्तव्य ज्यान | ६९ | १४ | २ | ४ | ० |
| बलात्कार | १०८६ | ० | १८३९ | ० | १ |
| बलात्कारको प्रयास | २९५ | ० | २१४ | ० | ० |
| जबर्जस्ती करणी गरी हत्या | १ | ० | ४ | ० | ० |
| अपहरण गरी बलात्कार | ८ | ० | ५६ | ० | ० |
| मानव बेचविखन बलात्कार | ३ | ० | १७ | ० | ० |
| अवैध गर्भपतन | १२ | ० | १ | ० | ० |
| सार्वजनिक स्थलमा दुर्व्यवहार | १८ | ० | ६ | ० | ० |
| जातीय छुवाछुत | १७ | १६ | ० | १ | ० |
| बोक्सीको आरोप | ३२ | ० | ० | ० | ० |
| बालविवाह | ३ | ० | ३० | १ | ० |
| दाइजोसम्बन्धी कसुर | १० | ० | ० | ० | ० |
| बाल यौन दरुपयोग | ० | ० | ४७९ | ४ | ० |
| अप्राकृतिक मैथुन | ० | १ | २ | २४ | ० |
| जम्मा | १९२४५ | १९६१ | २७७७ | ५८ | २ |
| प्रतिशत | ८०.०३ % | ८.१५ % | ११.५४ % | ०.२४ % | ०.००८ % |



लैङ्गिक हिंसाको कुरा गर्दा समग्र घटनामा ८० प्रतिशत (१९२४५) भन्दा बढी महिलाहरू प्रभावित/पीडित भएका छन् । बालिकाको ११.५४ प्रतिशत (२७७७) समेत जोड्ने हो भने यो संख्या ९१.५७ प्रतिशत हुन आउँछ । अभिलेखन भएका विभिन्न घटनाबाट ८.१५ प्रतिशत (१९६१) पुरुष, ०.२४ प्रतिशत (५८) बालक र ०.००८ प्रतिशत (२ जना) अन्य व्यक्ति पीडित भएका छन् ।

सबै लिङ्गका मानिस पीडित भएका घटनाको मात्रै कुरा गर्दा घरेलु हिंसाका घटनाबाट १७६९१ (८९.४७ प्रतिशत) महिला पीडित हुँदा १९२० (९.७१ प्रतिशत) पुरुष छन् । यसबाट १२७ बालिका, २४ बालक र अन्य एक जना पीडित भएका छन् । यस्तै घरेलु हिंसाका कारण कर्तब्य ज्यान (हत्या/मृत्यु) भएका ८९ मध्ये महिला ६९, पुरुष १४, बालिका २ र बालक ४ जना छन् । जातीय छुवाछुतका घटनाबाट महिला १७, पुरुष १६ र एक जना बालक पीडित भएका छन् । बालविवाहमा ३ किशोरी (महिला), ३० बालिका र एक बालक पीडित भएका छन् । यस्तै अप्राकृतिक मैथुनबाट एक पुरुष, २ बालिका र २४ बालक हिंसामा परेका छन् ।

यसैगरी महिला र बालिका मात्र हिंसामा परेका घटनाको विश्लेषण गर्दा बलात्कार (जजक) का कुल २९२६ घटनामा महिलाभन्दा बालिका बढी हिंसामा परेको तथ्याङ्क छ । यी घटनाबाट १८३९ बालिका (६२.८५%), महिला १०८६ (३७.११%) र अन्य एक जना हिंसामा परेकी छन् । बलात्कारको प्रयासमा २९५ महिला (५७.८४%), बालिका २१४ (४१.९६%), जजक गरी हत्यामा ५ मध्ये ४ बालिका र १ महिला, अपहरण गरी जजकका ६४ घटनामा ५६ बालिका (८७.५%) र ८ महिला (१२.५%), मानव बेचबिखन गरी बलात्कारमा १७ बालिका, ३ महिला, अवैध गर्भपतनमा १२ महिला, १ बालिका, सार्वजनिक स्थलमा हुने दुर्व्यवहारबाट १८ महिला र ६ बालिका हिंसामा परेका छन् । यस्तै बोक्सीको आरोपमा ३२ र दाइजोको कसुरमा १० तथा बालबालिका मात्र हिंसामा पर्ने घटनामध्ये बाल यौन दुरुपयोगका घटनामा चार जना बालक हिंसामा पर्दा ४७९ बालिका हिंसामा परेका छन् । यो हिंसा कुल हिंसाको २ प्रतिशतभन्दा बढी हो । यस घटनामा ९९.१७ प्रतिशत बालिका र ०.८२ प्रतिशत बालक पीडित भएका छन् ।

## हिंसापीडित महिला र बालिकाको जातीगत विवरण

| हिंसाका प्रकार | महिला | | | | | | बलिका | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | ब्राहमण | क्षेत्री | आ.ज | मधेशी | अन्य | दलित | ब्राहमण | क्षेत्री | आ.ज | मधेशी | अन्य | |
| १. | १९८३ | ८२४ | २८५७ | ३७१५ | ६२३६ | २०७६ | १८ | ११ | २६ | २७ | ३४ | ११ | |
| २. | १२ | २ | १० | ३४ | ९ | २ | ० | ० | १ | ० | १ | ० | |
| ३. | १७० | ६३ | २४५ | ४०८ | १५७ | ४२ | ३८७ | ९१ | ३६३ | ६४२ | २८६ | ६९ | |
| ४ | ३० | १८ | ७१ | १२४ | ४२ | १० | ३९ | १६ | ४४ | ७२ | ३३ | ११ | |
| ५ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | २ | १ | ० | |
| ६ | ० | १ | २ | ३ | २ | ० | ४ | ३ | ६ | ८ | २९ | ६ | |
| ७ | ० | ० | २ | १ | ० | ० | ५ | १ | ३ | ३ | ४ | ० | |
| ८ | २ | ० | ० | ३ | ४ | ३ | ० | ० | १ | ० | ० | ० | |
| ९ | ५ | ५ | ३ | ४ | १ | ० | ४ | ० | १ | १ | ० | ० | |
| १० | १४/१६ | ० | ० | १/० | १/१ | ० | १/० | ० | ० | ० | ० | ० | पुरुष र बालक |
| ११ | ३ | १ | १ | ४ | १९ | ४ | ० | ० | ० | ० | ० | ० | |
| १२ | ० | ० | ० | ० | ० | ० | ८ | ४ | ६ | ६ | १/६ | ० | बालक पनि |
| १३ | ० | २ | ० | ० | ६ | २ | ० | ० | ० | ० | ० | ० | |
| १४ | ० | ० | ० | ० | ० | ० | ७४ | १/५२ | १/१०० | १/२०२ | १/३९ | १० | बालक पनि |
| १५ | ० | ० | ० | ० | १/० | ० | ४/० | ० | ६/० | ६/१ | ४/१ | ४/० | बालक पनि |
| जम्मा | १४/२२२१ | ९१७ | ३१९१ | १/४२९६ | २/६४७७ | २१३९ | ५/५४० | १/१७८ | ७/५५२ | ७/९६४ | ६/४३४ | ४/१०७ | |
| प्रतिशत | ११.५४% | ५.७६ % | १६.५८% | २२.३२% | ३३.६५% | ११.११% | १९.४४% | ६.४०% | १९.८७% | ३४.७१% | १५.६२% | ३.८५ % | |




## हिंसामा महिला

उल्लेखित चार्टमा भएका विवरणलाई विश्लेषण गर्दा लैङ्गिक आधारमा महिलातर्फ मधेशी र बालिका तर्फ जनजातिमा धेरै हिंसा भएको देखिन्छ । महिलातर्फ कम हिंसाका घटना भएको समुदायमा ब्राहमण देखिएको छ भने बालिकातर्फ अन्यको संख्या कम छ । महिलातर्फ अभिलेखन भएका कुल उजुरीमा ३३.६५ प्रतिशत मधेशी महिलाले विभिन्न प्रकारका हिंसाको सामना गर्नुपरेको छ । यस्ता हिंसामा घरेलु हिंसा ६२३६ छन् । यो कुल घरेलु हिंसाको ३१.५३ प्रतिशत र मधेशी महिलाले भोगेका हिंसामध्ये ९६.२७ प्रतिशत हो । यस समुदायका महिलाले भोग्नु परेका हिंसाका अन्य घटनामा क्रमशः बलात्कार १५७, बलात्कारको प्रयास (४२), बोक्सीको आरोप १९, घरेलु हिंसा गरी कर्तब्य ज्यान ९, दाइजोसम्बन्धी कसुर ६, अवैध गर्भपतन ४, अपहरण गरी बलात्कार २, जातीय छुवाछुत र सामाजिक स्थलमा दुर्व्यवहार १/१ छन् ।

यस्तै दोस्रोमा धेरै हिंसाका घटना आदिवासी जनजाति महिला (२२.३२ प्रतिशत) ले सामना गर्नुपरेको छ । यस समुदायका ३७१५ महिला घरेलु हिंसा (१८.७८%), ४०८ महिला बलात्कार (१३.८९%), १२४ बलात्कारको प्रयास, ३४ घरेलु हिंसा गरी कर्तव्य ज्यान, बोक्सीको आरोप र सार्वजनिक दुर्व्यवहारबाट ४/४, अपहरण गरी बलात्कार र अवैध गर्भपतन ३/३, मानव बेचबिखन जजकबाट एक महिला हिंसामा परेकी छन् ।

यसैगरी १६.५८ प्रतिशत उजुरी क्षेत्री महिलाले भोगेका हिंसासँग सम्बन्धित छन् । यसमा पनि घरेलु हिंसाकै घटना धेरै छन् । यस समुदायका २८५७ महिलाले घरेलु हिंसा भोगिरहँदा २४५ जना बलात्कृत भएको अवस्था छ । त्यही समयमा ७१ महिलामाथि बलात्कारको प्रयास भएको छ ।

त्यसपछि क्रमशः १० जनाको घरेलु हिंसा गरी कर्तव्य ज्यान, ३ जनालाई सार्वजनिक स्थलमा दुर्व्यवहार, २/२ जना अपहरण गरी बलात्कार र मानव बेचबिखनसँगै बलात्कार तथा एक जना बोक्सीको आरोपमा हिंसामा परेकी छन् ।

हिंसापीडित दलित महिलाको कुल संख्या ११.५४ प्रतिशत (२२२१) छ । यस समुदायका हिंसामा पर्ने महिलाहरूको संख्या घरेलु हिंसा १९८३ (समग्रमा ११.२३), बलात्कार १७० (समग्रमा ५.८० प्रतिशत), बलात्कारको प्रयास ३० (५.८८ प्रतिशत), जातीय छुवाछुतबाट १७ (५० प्रतिशत, अन्य बाँकी दलित पुरुष), सार्वजनिक स्थलमा दुर्व्यवहार ५, बोक्सीको आरोप ३ र अवैध गर्भपतनमा २ छ ।

यस्तै, आफ्नो जातीय पहिचान नखुलाएका हिंसापीडित महिलाको संख्या ११.११ प्रतिशत छ । यसमा २०७६ महिला घरेलु हिंसा, ४२ बलात्कार (जजक), १० बलात्कारको प्रयास, ४ बोक्सीको आरोप, ३ अवैध गर्भपतन, २ घरेलु हिंसा गरी कर्तव्य ज्यान र २ दाइजोसम्बन्धी कसूरका कारण हिंसामा परेका छन् ।

**हिंसामा बालिका**

बालिकाको हकमा समग्रमा २७७७ (११.५४ प्रतिशत) जना हिंसामा परेकी छन् । जसमा आदिवासी जनजातितर्फ सबैभन्दा बढी ३४.७१ प्रतिशत (९६४) हिंसाका घटना भएका छन् । यसमा ६४२ जना बालिका बलात्कृत भएका छन् । यो बालिकातर्फ समग्र बलात्कारका घटनाको २३.११ प्रतिशत हो भने यस समुदायका बालिकाले भोगेका कुल घटनामध्ये ६६.५९ प्रतिशत हो । यस्तै २०२ जनामाथि बाल यौन दुरुपयोग (४१.८२%), ७२ जनामाथि बलात्कारको प्रयास (१४.११%), २७ घरेलु हिंसा, ८ अपहरण गरी बलात्कार, ६ बालविवाह, ३ मानव बेचबिखन जजक, २ जजक गरी हत्या, १/१ जना सार्वजनिक दुर्व्यवहार र अप्राकृतिक मैथुनको हिंसाबाट पीडित भएकी छन् ।

यसैगरी १९.८७ प्रतिशत उजुरी क्षेत्री समुदायका बालिकासँग सम्बन्धित छन् । जसमा बलात्कारका ३६३ (१२.४०%), यौन दुरुपयोगका १०० (२०.७०%), बलात्कार प्रयास ४४ (८.२६%), घरेलु हिंसा २६, अपहरण गरी बलात्कार र बाल विवाहका ६/६, मानव बेचबिखन तथा बलात्कार ३, घरेलु हिंसा गरी कर्तव्य ज्यान, अवैध गर्भपतन र सार्वजनिक स्थलमा दुर्व्यवहारका १/१ घटना रहेका छन् ।

प्राप्त विवरण अनुसार हिंसापीडित दलित समुदायका बालिकाको संख्या १९.४४ प्रतिशत छ । जसमा बलात्कारका ३८७ (समग्रमा २१ प्रतिशत), यौन दुरुपयोगका ७४ (१५.३२ प्रतिशत), बलात्कारको प्रयास ३९(७.६४%), घरेलु हिंसा १८, बालविवाह ८, मानव बेचबिखन जजक ५, अपहरण गरी बलात्कार र सार्वजनिक स्थलमा दुर्व्यवहारका ४/४ र जजक गरी हत्यामा एउटा घटना अभिलेखन भएको छ ।

यस्तै मधेशी समुदायका १५.६२ प्रतिशत बालिका हिंसामा परेका घटना छन् । यहाँ पनि सबैभन्दा बढी २८६ बलात्कार (९.९७ प्रतिशत) का घटना भएका छन् । त्यसपछि क्रमशः बाल यौन दुरुपयोग ३९, घरेलु हिंसा ३४, बलात्कारको प्रयास ३३, अपहरण गरी बलात्कार २९, बालविवाह ६, मानव बेचबिखन जजक ४, घरेलु हिंसा गरी हत्या, बलात्कार गरी हत्या र अप्राकृतिक मैथुनका कारण १/१ बालिका हिंसामा परेकी छन् । हिंसापीडित ब्राह्मण समुदायका बालिकाको संख्या पनि ६.४० प्रतिशत छ । यस समुदायका बालिका क्रमशः बलात्कार (९१), यौन दुरुपयोग (५२), बलात्कारको प्रयास (१६), घरेलु हिंसा (११), बालविवाह (४), बलात्कारको प्रयास (३) र मानव बेचबिखन (१) जस्ता घटनाबाट पीडित भएको तथ्याङ्क छ ।

यस्तै, आफ्नो जातीय पहिचान नखुलाएका हिंसापीडित बालिकाको संख्या ३.८५ प्रतिशत छ । यसमा पनि क्रमशः बलात्कार (६९), बलात्कारको प्रयास (११), घरेलु हिंसा (११), यौन दुरुपयोग (१०) र अपहरण गरी बलात्कार (६) जस्ता घटनाबाट पीडित भएका देखिन्छन् ।

## ४.१.२ संवैधानिक आयोगका दस्तावेज समीक्षा

**१) राष्ट्रिय मानव अधिकार आयोग**

आर्थिक वर्ष २०८०/८१ र चालु आवको असोज मसान्तसम्म राष्ट्रिय मानव अधिकार आयोगमा महिला र बालिकासम्बन्धी उजुरी, परामर्श तथा समन्वयबाट महिला र बालिका हिंसासम्बन्धी मुद्दाको संख्या २६८ रहेको छ । हिंसाको प्रकारका आधारमा ती मुद्दाको अवस्था यस्तो छ ।

| हिंसाका प्रकार | महिला | बालिका | कैफियत |
|---|---|---|---|
| यौनजन्य हिंसा | २३ | ३ | |
| घरेलु हिंसा | ७५ | ३ | |
| आर्थिक, सामाजिक, आवास, शिक्षा, स्वास्थ्यलगायत हिंसा | ३० | ६ | |
| नागरिकतासम्बन्धी समस्या | १० | | |
| धम्की, मानसिक, शारीरिक यातना, शान्ति सुरक्षामा चुनौति र दुर्व्यवहार | ६९ | ६ | |
| हत्या, दुरुत्साहन, आत्महत्या | ९ | | |
| जातीय विभेद | ७ | | |
| न्यायमा पहुँच | २६ | १ | |
| जम्मा | २४९ | १९ | २६८ |

## उल्लेखित विवरणको जातीय अवस्था

| हिंसाका प्रकार | महिला | | | | | बालिका | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | ब्राह्मण | क्षेत्री | आ.ज | अन्य | दलित | ब्राह्मण | क्षेत्री | आ.ज | अन्य | |
| यौनजन्य हिंसा | २ | ४ | ८ | ८ | १ | | २ | | १ | | |
| घरेलु हिंसा | ६ | २० | २७ | १९ | ३ | | २ | १ | | | |
| आर्थिक, सामाजिक, आवास, शिक्षा, स्वास्थ्य लगायत हिंसा | १ | ८ | ९ | १२ | | २ | ३ | | १ | | |
| नागरिकतासम्बन्धी समस्या | १ | १ | ३ | ५ | | | | | | | |
| धम्की, मानसिक, शारीरिक यातना, शान्ति सुरक्षामा चुनौति र दुर्व्यवहार | ६ | २१ | १६ | २६ | | | ४ | २ | | | |
| हत्या, दुरुत्साहन, आत्महत्या | | १ | २ | ६ | | | | | | | |
| जातीय विभेद | ७ | | | | | | | | | | |
| न्यायमा पहुँच | ४ | ७ | ९ | ५ | १ | | १ | | | | |
| जम्मा | २७ | ६२ | ७४ | ८१ | ५ | २ | १२ | ३ | २ | | |
| प्रतिशत | १०.८४ % | २४.८९ % | २९.७१ % | ३२.५३ % | २% | १०.५२ % | ६३.१५% | १५.७८% | १०.५२ % | | |

उल्लेखित २६८ उजुरीमध्ये महिलासँग सम्बन्धित २४९ र बालिकासँग सम्बन्धित १९ वटा छन् । जसमा जातीगत आधारमा १०.८४ प्रतिशत (२७) दलित महिला, १०.५२ प्रतिशत (२) दलित बालिका छन् । ब्राह्मण समुदायका ६२ अर्थात २४.८९ प्रतिशत महिला र ६३.१५ प्रतिशत बालिका, क्षेत्री समुदायका ७४ अर्थात २९.७१ प्रतिशत महिला तथा १५.७८ प्रतिशत (३) बालिका, सबैभन्दा बढी आदिवासी जनजाति महिला ८१ अर्थात ३२.५३ प्रतिशत, बालिका २ अर्थात् १०.५२ प्रतिशत पीडित भएका छन् । यस्तै ५ अर्थात् २ प्रतिशत अन्य महिला विभिन्न प्रकारका हिंसाबाट पीडित भएका छन् ।

हिंसाको कुरा गर्दा सबैभन्दा बढी घरेलु हिंसाबाट पीडित ७५ महिलाले न्यायको याचना गरेका छन् । त्यसपछि क्रमशः धम्की, मानसिक, शारीरिक यातना, शान्ति सुरक्षामा चुनौति र दुर्व्यवहारमा ६९, आर्थिक, सामाजिक, आवास, शिक्षा, स्वास्थ्यलगायत हिंसा ३०, न्यायमा पहुँचका लागि २६, यौनजन्य हिंसा २३, नागरिकतासँग सम्बन्धित १०, हत्या, दुरुत्साहन, आत्महत्यामा ९ र जातीय विभेदमा ७ वटा उजुरी दर्ता भएका छन् । बालिकाको कुरा गर्दा आर्थिक, सामाजिक, आवास, शिक्षा, स्वास्थ्यलगायत हिंसा र धम्की, मानसिक, शारीरिक यातना, शान्ति सुरक्षामा चुनौति र दुर्व्यवहारमा समान ६/६, यौनजन्य हिंसा र घरेलु हिंसामा समान ३/३ र न्यायमा पहुँचका सवालमा एक जनाको उजुरी दर्ता भएको आयोगले उपलब्ध गरेको विवरणमा देखिन्छ ।

आयोगले नागरिकको मानवाधिकारको रक्षाका लागि पैरवी गर्दै आएको छ । त्यसमा महिलामाथि हुने विभिन्न प्रकारका घटना तथा हिंसा रोक्न र न्यायको प्रत्याभूति गराउन सरोकारवाला निकायसँग छलफल, समन्वय र उजुरीमाथि उपचार खोज्न परामर्श दिनाका साथै त्यस प्रकृतिका उजुरीहरू सम्बन्धित निकायमा कारबाहीको लागि पठाउने गरेको छ ।

### २) राष्ट्रिय महिला आयोग

आर्थिक वर्ष २०८०/८१ मा यस आयोगमा कुल ९३२ उजुरी परेको तथ्याङ्क उपलब्ध भएको छ । जसमा महिला तथा घरेलु हिंसाका ४८४ उजुरी छन् । त्यसबाहेक इमेल, टेलिफोन-११४५ लगायत माध्यमबाट आएका महिला हिंसाका अन्य उजुरी ४४८ छन् । यस्तो छ विवरणः

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा | इमेल, टेलिफोन - ११४५ लगायत माध्यमबाट | कैफियत |
|---|---|---|---|---|---|
| कोशी | ९ | १ | १० | एकमुष्ट हिंसाका घटना | |
| मधेस | १० | ० | १० | | |
| बागमती | ४२७ | १५ | ४४२ | | |
| गण्डकी | ६ | ० | ६ | | |
| लुम्बिनी | ६ | ० | ६ | | |
| कर्णाली | १ | १ | २ | | |
| सुदूरपश्चिम | १ | ० | १ | | |
| प्रदेश उल्लेख नभएको | ५ | २ | ७ | | |
| जम्मा | ४६५ | १९ | ४८४ | ४४८ | ९३२ |

### हिंसाका प्रकारअनुसार उजुरी

| हिंसाका प्रकार | संख्या | | कैफियत |
|---|---|---|---|
| मानसिक हिंसा | ४७० | | आयोगले उल्लेखित उजुरीमा एउटै महिला एकभन्दा बढी हिंसाबाट पीडित र प्रभावित भएकाले कुल उजुरी संख्या र हिंसाका प्रकारमा फरक पर्न गएको जनाएको छ । |
| आर्थिक हिंसा | ३०१ | | |
| शारीरिक हिंसा | २७७ | | |
| यौनजन्य हिंसा | २२ | | |
| जम्मा | १०७० | | |

आयोगले जनाएअनुसार घरेलु हिंसाका उजुरीमा विवाहित पुरुषले विवाहको प्रलोभन देखाई झुठो आश्वासन दिइ अर्को महिलासँग पनि एकै समयमा सम्बन्ध राख्ने, महिलालाई बाहिरै राख्ने, भागेर जाने वा सम्पर्कविहीन हुने कारणले महिलाहरू बढी हिंसामा पर्ने गरेका छन् । यस्तै पुरुषले बालबच्चा जन्माएपश्चात् वैदेशिक रोजगारीमा जाने, लामोसमय बाहिर बस्ने, विवाह र बालबच्चाको जन्मदर्ता नबनाएकाले महिलाहरू थप पीडामा गर्ने अवस्था देखिन्छ । साथै श्रीमान्, सासु, ससुरालगायत परिवारका सदस्यले घरेलु हिंसा गर्ने, गालीगलौज, विभिन्न यातना, कुटपिट, आर्थिक हिंसामेत गर्ने गरेकाले महिलाहरू सबैभन्दा बढी मानसिक हिंसामा पर्ने गरेको आयोगको विश्लेषण छ । जसबाट तिनमा आश्रित बालबालिका, त्यसमा पनि बालिकाले हिंसा भोग्नु परिरहेको अवस्था देखिन्छ ।

आयोगमा Complaint management system सिएमएस, इमेल, अनलाइन, एसएमएस, हुलाक, प्रत्यक्ष उपस्थित भएर, ठाडोलगायत माध्यमबाट उजुरी गर्ने व्यवस्था छ ।

यसैगरी आर्थिक वर्ष २०८१/८२ को पहिलो तीन महिनामध्ये साउन (५०), भदौ (४१) र असोजमा २२ गरी कुल ११३ उजुरी आयोगमा अभिलेखीकरण भएका छन् । जसमध्ये १११ उजुरी घरेलु हिंसासम्बन्धी रहेको प्राप्त विवरणबाट थाहा हुन्छ ।

**हिंसाको जातीय अवस्था**

| महिनाअनुसार जम्मा उजुरी | दलित | गैरदलित (ब्रह्मण क्षेत्रीलगायत) | जनजाति | मधेशी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| साउन | ९ | ३३ | ३० | ३ | ७६ | (१नखुलेको) |
| भदौ | ८ | २० | १७ | ३ | ४८ | |
| असोज | ९ | २२ | १९ | ४ | ५४ | |
| कार्तिक | २ | ६ | ११ | २ | २१ | |
| मंसिर | ४ | १८ | २४ | ५ | ५१ | |
| पुष | ४ | १२ | १३ | २ | ३१ | |
| माघ | ५ | १६ | १९ | १ | ४१ | |
| फागुन | ४ | २८ | १८ | ३ | ५४ | (१नखुलेको) |
| चैत | १ | ९ | १२ | - | २२ | |
| बैशाख | ६ | १० | १४ | १ | ३१ | |
| जेष्ठ | ३ | १५ | २३ | ३ | ४४ | |
| असार | १२ | ४१ | ३५ | ५ | ९३ | |
| आव २०८१/८२ | | | | | | |
| साउन | ८ | १६ | २४ | २ | ५० | |
| भदौ | २ | २५ | १२ | २ | ४१ | |
| असोज | - | ७ | १३ | २ | २२ | |
| जम्मा | ७७ | २७८ | २८४ | ३८ | ६७९ | |
| प्रतिशतमा | ११.३४% | ४०.९४% | ४१.८२% | ५.५९% | | |

### ३) राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगमा आर्थिक वर्ष २०८०/८१ म कुल ५८ वटा उजुरी परेको जानकारी प्राप्त भएको छ। यी उजुरीबाट कुल ६० जना प्रभावित भएका छन्। जसमा जातीय छुवाछुत तथा गालीगलौज तथा कुटपिटका घटना सबैभन्दा बढी ३५ अर्थात् ६० प्रतिशत छन्। आयोगको अभिलेखअनुसार यीमध्ये जातीय तथा लैङ्गिक आधारमा महिलामाथि हुने हिंसाका २७ वटा उजुरी परेका थिए। यो कुल उजुरीमध्ये यो ४६.५५ प्रतिशत हो। यी घटनाबाट २५ महिला र पाँच बालिका प्रभावित भएका छन्। यसआधारमा ५० प्रतिशत दलित महिला तथा बालिका उल्लेखित घटनाबाट पीडित/प्रभावित भएका छन्।

| क्र.सं | उजुरी घटनाको प्रकृति | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | दलित हकअधिकार हनन | ४ | ७ % | |
| २. | जातीय छुवाछुत र भेदभाव, गालीगलौच तथा कुटपिट | ३५ | ६०.३४ % | |
| ३. | अन्तरजातीय प्रेम/विवाहपछि हिंसा | ६ | १०.३४ % | |
| ४. | हत्या/मृत्यु | ५ | ८.६२ % | |
| ५. | अन्य प्रकृति | ८ | १३.७९ % | |
| | जम्मा | ५८ | | |

### २७ वटा उजुरीको वर्गीकरण

| क्र.सं | उजुरी घटनाको प्रकृति | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | जातीय विभेद | ९ | ३३.३३ % | |
| २. | जातीय भेदभाव गरी कुटपिट | ५ | १८.५१ % | |
| ३. | अन्तरजातीय प्रेम/विवाहपछि कुटपिट, गालीगलौज | ६ | २२.२२ % | अस्वीकार गरेको, छोराछोरीको जन्मदर्ता, नागरिकता नबनाएको |
| ४. | विभेद गरी अभद्र व्यवहार | ४ | १४.८१ % | यसमा आन्तरिक विभेद, वडासदस्यबाट दलित महिला वडासदस्यमाथि विभेद, जजक गर्ने मनसायबाट व्यवहार |
| ५. | बोक्सीको आरोपमा कुटपिट | १ | ३.७ % | |
| ६. | बलात्कार गरी भागेको, प्रहरीले उजुरी नलिएको | २ | ७.४ % | |
| | जम्मा | २७ | | |

उल्लेखित विवरणअनुसार बोक्सीको आरोप लगाउने (३.७ प्रतिशत), विवाह गरेर धोका दिने, बच्चा जन्मेपछि जन्मदर्ता र नागरिकता नबनाउने, घरपरिवारले नस्वीकार्ने (२२.२२ प्रतिशत) समस्या त छँदैछन्, दलित भएकै कारण डेरा नपाउने (सरकारी कर्मचारीले समेत), समाजले बहिष्कार गर्ने र सरकारी सेवामा रहेकाहरूले पनि कोठा नपाउनेजस्ता जातीय भेदभाव गरी कुटपिटमा पर्ने (१८.५१ प्रतिशत), जबर्जस्ती करणी गरेको भनी न्यायका लागि जाँदा प्रहरीले उजुरी नलिँदा समस्यामा पर्ने (७.४ प्रतिशत), विभेद गरी अभद्र व्यवहारबाट पीडित (१४.८१ प्रतिशत) छन् । मनोरञ्जन क्षेत्रमा काम गर्दा सहकर्मीले नै यौन शोषण गरी अन्तमा जातकै कारण सम्बन्ध अगाडि बढाउन नसक्ने भनी हिंसा गर्नेजस्ता समस्यासमेत दलित महिलाले भोग्नुपरेका छन् ।

यसैगरी चालु आव २०८१/८२ को तीन महिना (साउन-असोज) सम्म आयोगमा १७ वटा उजुरीको अभिलेखीकरण भएको छ । यी घटनाबाट ९ महिला र ९ पुरुष पीडित भएका छन् । यसमा जातीय भेदभाव तथा अभद्र व्यवहारसँग सम्बन्धित ७, जातीय भेदभाव गरी कुटपिट गरेकामा प्रहरीले उजुरी नलिने, न्यायमा पहुँच नहुँदा समस्या ३, अन्तरजातीय विवाह/प्रेमसम्बन्ध गरी हिंसा गरेका २, बलात्कार तथा आत्महत्या दुरुत्साहन, अवैध गर्भपतनका २, सामाजिक सञ्जालबाट हिंसा, अभद्र व्यवहारसँग सम्बन्धित २ र अनावश्यक मुद्दामा दुःख दिएको, खाद्य अधिकारबाट वञ्चित गराएको भनि मिडियाबाट जानकारीमा आएको १ घटना छ । समग्रमा मन्दिर प्रवेशमा अवरोध, प्रेमसम्बन्ध र विवाह गरेपश्चात् परिवारको दबाबमा जातकै आधारमा हिंसा गरेको, जातीय आधारमा विभेद हुने खालका शब्दको सहारामा अभद्र व्यवहार, गालीगलौज, कुटपिट गरेका कुरा यी विवरणबाट थाहा हुन्छ ।

## ४.१.३ गैरसरकारी संस्थाको तथ्याङ्कमा हिंसा

### १) दलित महिला संघ (फेडो)

यस संस्थाको कार्यक्षेत्रबाट आर्थिक वर्ष २०८०/८१ को कात्तिकदेखि चालु आवको असोज महिनासम्म जम्मा २९२ घटना अभिलेखन भई सहयोग प्रदान गरिएको छ । हामीकहाँ मुख्य गरी ७ प्रकारका हिंसाका घटना दर्ता भएका छन् । जसमा नागरिकता नपाएको, त्यसका लागि संघर्ष गर्नु परेको, जन्मदर्ता, किशोरी अधिकार, स्थानीय सरकारबाट पाउने अधिकारबाट वञ्चितलगायत न्यायमा पहुँच नभएका घटनालाई अन्य (६७) मा राखिएको छ । हिंसाको प्रकारलाई विश्लेषण गर्दा सबैभन्दा बढी घरेलु हिंसा १२१ (४१.४३%) का घटना र त्यसपछि क्रमशः अन्य घटना ६७ (२२.९४%), जातीय विभेद ३० (१०.२७%), बहुविवाह २३ (७.८७%), बलात्कार (जजक) २१ (७.७२%), दुर्व्यवहार २१ (७.७२%, बालविवाह ८ (२.७३%) र जजक गरी हत्या १ (०.३४%)

जस्ता हिंसा भएका छन् । प्रदेशगत रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी हिंसाका घटना लुम्बिनी प्रदेशमा १०२ (३४.९३%) भएका छन् । त्यसपछि क्रमशः सुदूरपश्चिम ८१ (२७.७३%), कर्णाली ३१ (१०.६१%), मधेश २९ (९.९३%), कोशी २४ (८.२१%), गण्डकी १८ (६.१६%) र बागमती ७ (२.३९%) मा दलित महिला तथा बालिका पीडित भएकी छन् ।

| हिंसा | सहयोग प्रदान गरिएका घटना | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | | |
| जातीय विभेद | २ | ४ | ३ | ५ | ३ | ४ | ९ | ३० | १०.२७% |
| घरेलु हिंसा | ५ | १६ | ३ | ५ | ३० | १९ | ४३ | १२१ | ४१.४३% |
| बलात्कार (ज.ज.क) | ३ | १ | १ | | १० | १ | ५ | २१ | ७.१९% |
| जबर्जस्ती करणी गरी हत्या | १ | - | - | - | - | - | - | १ | ०.३४% |
| दुर्व्यवहार | ३ | ६ | - | ३ | - | २ | ७ | २१ | ७.१९% |
| बालविवाह | १ | ० | - | - | ४ | - | ३ | ८ | २.७३% |
| बहुविवाह | १ | २ | - | | ९ | ५ | ६ | २३ | ७.८७% |
| अन्य | ८ | - | - | ५ | ४६ | | ८ | ६७ | २२.९४% |
| जम्मा | २४ | २९ | ७ | १८ | १०२ | ३१ | ८१ | २९२ | |
| प्रतिशतमा | ८.२१% | ९.९३% | २.३९% | ६.१६% | ३४.९३% | १०.६१% | २७.७३% | १००% | |

## २) महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपाल

ओरेक नेपालबाट प्राप्त तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ (जुलाई २०२३ देखि जुन २०२४ सम्म) को अवधिमा सो संस्थामा अभिलेख भएका महिला हिंसाका घटना १३९७ छन् । ती विवरणलाई विश्लेषण गर्दा घरेलु हिंसामा ६५ प्रतिशत (९११), सामाजिक हिंसामा ११ प्रतिशत (१४९), यौनजन्य हिंसामा १४ प्रतिशत (१९५), मानव बेलबिखनमा ६ प्रतिशत (७७), साइबर क्राइममा ०.७२ प्रतिशत (१०) महिलामाथि हिंसा भएको पाइयो । यस्तै, हत्या ५, हत्याको प्रयास ४, आत्महत्या ६, आत्महत्याको प्रयास २, अलपत्र ६ र अन्य हिंसाबाट ३२ (२.२९ प्रतिशत) महिला हिंसामा परेका विवरण छन् ।

| हिंसाका प्रकार | प्रतिशत | संख्या | कैफियत |
|---|---|---|---|
| घरेलु हिंसा | ६५% | ९११ | |
| सामाजिक हिंसा | ११% | १४९ | |
| यौनजन्य हिंसा | १४% | १९५ | |
| साइबर क्राइम | ०.७२% | १० | |
| मानव बेचबिखन | ६% | ७७ | |
| हत्या | ०.३५% | ५ | |
| हत्याको प्रयास | ०.२९% | ४ | |
| आत्महत्या | ०.४३% | ६ | |
| आत्महत्या प्रयास | ०.१४% | २ | |
| ऋलपत्र | ०.४३% | ६ | |
| अन्य | २.२९% | ३२ | |
| **जम्मा** | **१००%** | **१३९७** | |

## प्रभावितको जातीय विवरण

उल्लेखित घटनालाई जातीय आधारमा विश्लेषण गर्दा हिंसापीडित महिलामा दलित महिलाको संख्या ३७८ अर्थात् २७ प्रतिशत छ। यस्तै आदिवासी जनजाति महिला ४४२ (३१%), मधेशी २२० (१६%), मुस्लिम ५० (४%), ब्राह्मण/क्षेत्री २८६ (२०%) र अन्य २१ (२%) महिला विभिन्न घटनाबाट हिंसामा परेको अभिलेख छ।

| प्रभावित | प्रतिशत | संख्या | कैफियत |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री पहाडे | १८% | २५३ | |
| ब्राह्मण/क्षेत्री तराई | २% | ३३ | |
| पहाडे दलित | १५% | २१३ | |
| तराई दलित | १२% | १६५ | |
| तराई/ मधेसी अन्य जाति | १६% | २२० | |
| तराई/ आदिवासी जनजाति | १४% | २०० | |
| पहाडे आदिवासी जनजाति | १७% | २४२ | |
| मुस्लिम | ४% | ५० | |
| अन्य | २% | २१ | |
| **जम्मा** | **१००%** | **१३९७** | |

### ४) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

इन्सेकबाट गत आर्थिक वर्ष २०८०/८१ देखि चालु आवको असोज मसान्तसम्म जातीय तथा लैङ्गिक आधारमा घटेका ९१४२ घटनाको अभिलेख विवरण प्राप्त भयो। जसअनुसार लैङ्गिक आधारमा मात्रै महिला तथा बालिकामाथि भएका हिंसाका घटनामा ९ हजार ८० जना पीडित भएको अभिलेख छ। सो अवधिमा घरेलु हिंसाका घटनामा ६३८९, बलात्कार प्रयासका घटनामा १६७, बहुविवाहमा १७३, बेचबिखनको प्रयासका घटनामा १४ र बेचबिखनका घटनामा ३६ तथा बोक्सीको आरोपमा २५ जना महिला पीडित भएका छन्।

यस्तै, बलात्कारका घटनाबाट ६८६ महिला र १०६३ बालिका, यौन दुर्व्यवहारमा ६३ महिला र ३८३ बालिका, हत्याका घटनामा ४ जना नवजात बालिका, बालविवाहबाट २८ बालिका, विद्यालयमा शारीरिक सजायबाट ६ र बेचबिखनबाट ४३ बालिका हिंसामा परेका पाइयो।

प्रदेशगत आधारमा ६२ वटा जातीय छुवाछुत घटनासँग सम्बन्धित अभिलेखसमेत प्राप्त भएका छन् तर तीनको लैङ्गिक विवरण प्राप्त हुनसकेन। उपलब्ध विवरणअनुसार जातीय छुवाछुतका घटना सबैभन्दा बढी मधेसमा र कम गण्डकी प्रदेशमा भएका छन्। जसमध्ये मधेसमा ३४, कर्णालीमा १४, बागमती र सुदूरपश्चिममा ४/४, लुम्बिनीमा ३, कोशीमा २ र गण्डकीमा एउटा घटना अभिलेखन भएको छ।

| हिंसाका प्रकार | महिला | बालिका | जम्मा |
|---|---|---|---|
| घरेलु हिंसा | ६३८९ | - | ६३८९ |
| बलात्कारको प्रयास | १६७ | - | १६७ |
| बहुविवाह | १७३ | - | १७३ |
| बेचबिखनको प्रयास | १४ | - | १७३ |
| बोक्सीको आरोप | २५ | - | २५ |
| महिला बेचबिखन | ३६ | - | ३६ |
| बलात्कार | ६८६ | १०६३ | १७४९ |
| यौन दुर्व्यवहार | ६३ | ३८३ | ४४६ |
| नवजात शिशुको हत्या | - | ४ | ४ |
| बालविवाह | - | २८ | २८ |
| विद्यालयमा शाीरिरक सजाय | - | ६ | ६ |
| बालबालिका बेचबिखन | - | ४३ | ४३ |
| जातीय छुवाछुत | - | - | ६२ |
| जम्मा | ७५५३ | १५२७ | ९१४२ |

## जातीय आधारमा तथ्याङ्क

कुल अभिलेखका घटनामध्ये ७१२१ घटनाको जातीय विवरण प्राप्त हुन आएको छ। जसमध्ये महिलाको संख्या ५८२० र बालिकाको संख्या १३०१ रहेको छ। सबैभन्दा बढी आदिवासी जनजातितर्फ महिला ३१.८२ प्रतिशत (१८५२) र बालिका ४३.२७ प्रतिशत (५६३) हिंसाबाट पीडित भएकी छन्। दोस्रोमा दलिततर्फ २७.६२ प्रतिशत (१६०८) महिला र २६.२८ प्रतिशत (३४२) बालिका हिंसामा परेकी छन्। यस्तै ब्राह्मण समुदायका १०.७३ प्रतिशत (६२५) महिला र ९.२२ प्रतिशत (१२०) बालिका, क्षेत्री समुदायका २३.३६ प्रतिशत (१३६०) महिला र १८.२१ प्रतिशत (२३७) बालिका तथा अन्य ६.४४ प्रतिशत (३७५) महिला र २.९९ प्रतिशत (३९) बालिका प्रभावित भएकी छन्।

| हिंसाका प्रकार | महिला | | | | | बलिका | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | ब्राहमण | क्षेत्री | आ.ज | अन्य | दलित | ब्राहमण | क्षेत्री | आज | अन्य | |
| घरेलु हिंसा | १३८९ | ५३८ | ११३६ | १४४७ | २८९ | - | - | - | - | - | ४७९९ |
| बलात्कार | १३४ | ५७ | १४० | २३० | ६१ | २५० | ७८ | १५५ | ३९५ | २५ | १५२५ |
| बलात्कारको प्रयास | १९ | ८ | २५ | ६५ | ३ | - | - | - | - | - | १२० |
| बहुविवाह | ४० | १२ | ३६ | ६१ | ९ | - | - | - | - | - | १५८ |
| बेचबिखनको प्रयास | ४ | - | ३ | ६ | - | - | - | - | - | - | १३ |
| बोक्सीको आरोप | ६ | २ | | ६ | - | - | - | - | - | - | १४ |
| महिला बेचबिखन | ३ | १ | १० | १८ | २ | - | - | - | - | - | ३४ |
| बालबालिका बेचबिखन | - | - | - | - | - | १३ | २ | ७ | ९ | ३ | ३४ |
| बलविवाह | - | - | - | - | - | ६ | ३ | ४ | ७ | १ | २१ |
| यौन दुर्व्यवहार | १३ | ७ | १० | १९ | ११ | ७० | ३५ | ६९ | १४७ | ७ | ३८८ |
| विद्यालयमा शीरिरक सजाय | - | - | - | - | - | १ | २ | २ | १ | - | ६ |
| नवजात शिशुको हत्या | - | - | - | - | - | २ | - | - | ४ | ३ | ९ |
| जम्मा | १६०८ | ६२५ | १३६० | १८५२ | ३७५ | ३४२ | १२० | २३७ | ५६३ | ३९ | ७१२१ |
| प्रतिशतमा | २७.६२% | १०.७३% | २३.३६% | ३१.८२% | ६.४४% | २६.२८% | ९.२२% | १८.२१% | ४३.२७% | २.९९% | |

## ४.१.४ मनोरञ्जन तथा सत्कार क्षेत्रमा हिंसाका घटना

माथि उल्लेखित संवैधानिक तथा सरकारी निकायका विवरणमा मनोरञ्जन तथा सत्कार क्षेत्रका श्रमिकहरूले भोगिरहेको समस्या दर्साउने कुनै पनि विवरण खुलाउने अभिलेख भेटिएन तर यो क्षेत्र यौनजन्य हिंसा र आन्तरिक मानवबेचबिखन तथा ओसारपसारको उच्च जोखिममा पर्न थालेकामा भने सबैजसोको चिन्ता छ ।

राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ ले यही कुरालाई पुष्टि हुने आधार देखाएको छ। प्रतिवेदनले मानिसको जीवनशैलीमा आएको परिवर्तन, विश्वव्यापीकरण, प्रविधिको विकास एवं विस्तार, बढ्दो आप्रवासन, सहरीकरण तथा मध्यम वर्गमा भएको वृद्धिका कारण विश्वभर नै वयस्क मनोरञ्जन व्यवसाय विस्तार हुँदै गएको तर मानव बेचबिखन र ओसारपसारको दृष्टिमा यो व्यवसाय थप एक चुनौतीका रूपमा विश्वसामु देखापरेको उल्लेख गरेको छ । "वयस्क मनोरञ्जन तथा सत्कार व्यवसायमा उच्च यौनजन्य हिंसाका क्रियाकलाप हुने गरेको तथ्य त्यस क्षेत्रमा कम उमेरका किशोरीको उपयोगमा रहेको बाहुल्यताले पुष्टि गर्दछ । नेपालका प्रमुख सहरहरूमा बढ्दो वयस्क मनोरञ्जन व्यवसायले आन्तरिक मानव बेचबिखन र ओसारपसारका घटना वृद्धि हुनुले थप जटिलता ल्याएको छ । यसका अतिरिक्त श्रमिकको खुला आवागमन, अन्तर्राष्ट्रिय मनोरञ्जन बजारसँगको सहज सम्पर्क र सञ्जाल, आन्तरिक र बाह्य एजेण्टको खुला गतिविधि, बेचबिखनकर्ताको सञ्जाल, खुला सीमाना, प्रविधिको बढ्दो प्रयोग, इन्टरनेटलगायत सुविधाका कारण नेपाली महिला तथा किशोरीलाई देशभित्र र अन्तर्राष्ट्रिय मनोरञ्जन बजारमा उपयोग गर्ने क्रम बढ्दै गएको छ । क्याबिन रेष्टुरेण्ट, दोहोरी साँझ, डान्सबार, मसाज सेन्टर, पार्लर जस्ता मनोरञ्जन केन्द्रमा यौन शोषणका गतिविधिहरू बढ्दै गएका प्रतिवेदनहरू सार्वजनिक हुने गरेका छन् । वयस्क मनोरञ्जन व्यवसायमा श्रम शोषण, यौन दुर्व्यवहार, मौखिक दुर्व्यवहार आदि जस्ता शोषण हुने गरेको पाइन्छ । अध्ययनअनुसार श्रम शोषण, बलात्कारको प्रयास, शारीरिक सम्पर्कका लागि अनुरोध, अनुचित स्पर्श आदि जस्ता कार्य हुने गरेको बताएको छ", प्रतिवेदनमा भनिएको छ ।

समस्या औंल्याए पनि यस क्षेत्रले भोग्नुपरेका हिंसाका सन्दर्भमा देशव्यवापी रूपमा अध्ययन भएको पाइएन । यस क्षेत्रमा क्रियाशील केही गैरसरकारी संस्थाहरूले परियोजनामा आधारित क्रियाकलाप सञ्चालन गरिरहेको र सोको कार्यक्षेत्रअनुसार केही अध्ययन तथा अभिलेख राख्ने गरेको पाइयो ।

**क) शक्ति समूह**

शक्ति समूहले सन् २०२३ मा मनोरञ्जन क्षेत्रका कर्मचारीहरूको सामाजिक–आर्थिक अवस्था र देशका तीन सहरहरूमा श्रमिक अधिकारहरूको कार्यान्वयन स्थितिसम्बन्धी अध्ययन गरेको छ । अनुसन्धानले मनोरञ्जन क्षेत्रका पाँच उपक्षेत्रहरूलाई समेटेको छः क्याबिन रेस्टुरेन्ट, खाजाघर, दोहोरी

रेस्टुरेन्ट, डान्स बार र मसाज पार्लर/स्पा। यो अनुसन्धान कास्की (पोखरा १०१), सुनसरी (इटहरी ८३) र काठमाडौँ (३२३) का कुल ५०७ नमूना उत्तरदाताहरूलाई आधार मानेर गरिएको थियो। यी ३ जिल्लामा अध्ययन गर्दा काठमाडौँमा ५९ जिल्ला, पोखरामा २० र इटहरीमा १० जिल्लाबाट आएर काम गरिरहेकाहरूको उपस्थिति पाइयो। यस्तै उत्तरदाताहरूको विविध जातीय पहिचानको कुरा गर्दा पहाडी जनजाति ४९%, पहाडी ब्राह्मण, क्षेत्री, सन्यासी र दस्नामी २३%, दलित १७% प्रतिशत (जसमा १% तराई दलित छ) रहेको उक्त अध्ययनले देखाएको छ। अन्य समूहहरूमा तराई ब्राह्मण/क्षेत्री/राजपूत (३%), तराई मधेसी र अन्य जाति (२%) र मुस्लिम (०.४%) समावेश छन्। यस अध्ययनले औँल्याएका केही मुख्य विषय मात्र यहाँ उल्लेख गरिएका छन्।

### पहिचान

अध्ययनअनुसार करिब १७% उत्तरदातासँग नागरिकता प्रमाणपत्र थिएन (पोखरामा ३२%, र काठमाडौं र इतरारीमा १४%)। डान्स बारका उत्तरदाताहरूको केवल ३३%, खाजाघरमा ७४%, दोहोरीमा ७८% र मसाज पार्लर/स्पामा ५९% सँग मात्र नागरिकता प्रमाणपत्र रहेको पाइएको थियो।

### नियुक्तिपत्र

श्रम ऐन, २०१७ अनुसार, कुनै पनि व्यक्तिलाई सम्झौताविना काममा लगाइएको हुनु हुँदैन तर यो अध्ययनले मनोरञ्जन क्षेत्रमा यसलाई पालना भएको देखिएन। केवल ३२ नमूना उत्तरदाताहरू (६%) सँग लिखित कामको सम्झौता थियो। रोजगारदाता श्रम अधिकारसँग सम्बन्धित कानूनी झन्झटहरूबाट बच्नका लागि कर्मचारीहरूलाई (कामदारहरूलाई) लिखित सम्झौता दिनमा हिच्किचाएका उनीहरूको कथन थियो। इटहरीका केवल १२% नमूना उत्तरदाताहरू र काठमाडौंका ७% नमूना उत्तरदाताहरूले लिखित सम्झौता राखेको पाइएको थियो। पोखरामा कुनै पनि नमूना उत्तरदातासँग लिखित सम्झौता थिएन। क्षेत्र विशेषका हिसाबले विश्लेषण गर्दा क्याबिन रेस्टुरेन्टका १४%, दोहोरी रेस्टुरेन्टका ८%, डान्स बारका ५%, खाजाघर र मसाज पार्लर/स्पाका प्रत्येक ४% नमूना उत्तरदाताहरूले लिखित सम्झौता राखेका थिए। कुल उत्तरदाताहरूको करिब ४५% ले लिखित सम्झौता पत्रमा के आवश्यक हुन्छ भनेर थाहा नभएको बताएका छन्।

### तलब

लगभग ४५% उत्तरदाताहरूलाई मासिक तलब, ३१% उत्तरदाताहरूलाई टिप, ११% उत्तरदाताहरूलाई आम्दानीको प्रतिशतको आधारमा र ६% उत्तरदाताहरूलाई बिक्री कमिशनको आधारमा भुक्तानी गर्ने, मासिक तलबलाई पारिश्रमिकको लागि सबैभन्दा सामान्य आधारको रूपमा पाइएको छ। मसाज पार्लरमा आम्दानीको प्रतिशतलाई सबैभन्दा बढी अभ्यासमा ल्याइएको पाइएको छ।

**हिंसा र दुर्व्यवहार**

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) उचित कामको परिभाषाअनुसार कार्यस्थलमा सुरक्षा र सबैका लागि सामाजिक संरक्षण मुख्य तत्वहरूमध्ये एक हो। यसैले कार्यस्थल कुनै पनि प्रकारको दुर्व्यवहार, शोषण र हिंसाबाट मुक्त हुनु आवश्यक छ तर यस अनुसन्धानले कुल उत्तरदाताहरूमध्ये ४६% ले कार्यस्थलमा कुनै न कुनै प्रकारको दुर्व्यवहार अनुभव गरेको देखायो। स्थान विशेषमा पोखरामा ६९% काठमाडौंमा ४५% र इटहरीमा २३% उत्तरदाताहरूले दुर्व्यवहारका घटनाहरूको अनुभव गरेको बताए। क्षेत्र विशेषमा डान्स बारका ७३%, दोहोरी ५१%, मसाज पार्लर ३४%, क्याबिन ३०%, र खाजा घरका ३०% उत्तरदाताहरूले दुर्व्यवहारको अनुभव बताएका छन्।

विशेष गरी शब्द, शारीरिक, मनोवैज्ञानिक, यौन, भेदभाव र अन्य प्रकारका दुर्व्यवहारहरू ग्राहक, रोजगारदाता, सहकर्मी, पुरुष र महिलाहरू, प्रहरी, समुदायका सदस्यहरू, श्रीमान्, प्रेमी, साथीहरू आदिबाट दुर्व्यवहार हुने गरेको छ। त्यसमध्ये १८ प्रतिशतले पुलिस र ५ प्रतिशतले गैरसरकारी संस्थामा दुर्व्यवहार र हिंसामा परेको भनेर सहयोग माग्न जाने।

**ख) विश्वास नेपालः**

यस संस्थाले मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिकहरुको श्रम अधिकार, पेसागत पहिचान तथा मर्यादा र यस क्षेत्रका श्रमिकहरुकै नेतृत्वमा पेसागत हक अधिकार र शोषणमुक्त श्रम सुनिश्चितताका लागि काम गर्दै आएको जनाएको छ। संस्थाको दाबीअनुसार नेपालमा मनोरञ्जन तथा सत्कार क्षेत्रमा आठ लाखभन्दा बढी श्रमिक कार्यरत छन् र त्यसमध्ये ८० प्रतिशत महिलाहरू छन्। “यस व्यवसायको माध्यमबाट पाहुनालाई सेवा सत्कार मात्रै होइन लोकसंस्कार, लोकसंस्कृतिको जगेर्ना हेतु वा उद्देश्यले करोडौंको लगानी रहेको छ , यस व्यवसायले नेपालमा ८ लाखभन्दा बढी श्रमिकलाई रोजगारी दिनुका साथै आन्तरिक र बाह्य पर्यटनमा पनि वृद्धि भएको छ”, संस्थाको दाबी छ।

यति महत्वपूर्ण पेसामा बालबालिकाको प्रयोग र दुरुपयोग, आन्तरिक र बाह्य मानव बेचबिखनको केन्द्र, श्रमिकले पहिचान र परिचय लुकाएर काम गर्नुपर्ने विकृत पेसाको भ्रम, आधुनिक दासत्वको रूपमा राखिनु र यसको व्यवस्थापनका लागि नीति निर्माण नहुनु र भएका कानुन लागू गर्न नसक्नेजस्ता समस्या विद्यमान रहेको संस्थाको निष्कर्ष छ।

सन् २०२३ मा यस संस्थामा अभिलेख भएका उजुरीहरूले पनि त्यो कुरालाई पुष्टि गर्छ। सो अवधिमा यस संस्थामा ४५०८ घटना अभिलेख भएका छन्। जसबाट ४३४६ महिला, १५७ पुरुष

र अन्य पाँच जना प्रभावित भएका छन् । जातीगत आधारमा यसरी प्रभावित हुनेमध्ये ब्राह्मण/क्षेत्रीको संख्या वयस्क १४४२ र बालबालिका १४९, जनजातितर्फ वयस्क २३६५ र बालबालिका १०९, दलिततर्फ वयस्क ५३९ र बालबालिका ३५ र अन्यतर्फ वयस्क १६२ र बालबालिका ५ जना छन् । प्रदेशगत रूपमा सबैभन्दा बढी बागमतीबाट २२९३, लुम्बिनीबाट ६५९, कोशीबाट ५३०, गण्डकीबाट ४५४, सुदूरपश्चिमबाट २२७, कर्णालीबाट १६६ र नेपालभन्दा बाहिरबाट पाँच जनाले हिंसामा परेको गुनासो दर्ज गराएको संस्थाको अभिलेखमा देखिन्छ ।

यी घटनाबाट सबैभन्दा बढी क्रमशः मानसिक, यौनजन्य, आर्थिक तथा सामाजिक रूपमा हिंसामा परेकाहरू बढी रहेको देखिएको संस्थाका कार्यक्रम संयोजक कमला सापकोटाको भनाइ छ ।

यस संस्थाले 'मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरुको अवस्थाबारे विषयगत अध्ययन प्रतिवेदन २०७९' सार्वजनिक गरेको छ । सो अध्ययनमा काठमाडौँ र ललितपुरका विभिन्न स्थानमा रहेका मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र एवं त्यसमा कार्यरत श्रमिकसहित ३०२ जना समेटिएका छन् । त्यसमा कुल उत्तरदातामध्ये ९.४ प्रतिशतले मात्रै नियुक्तिपत्र पाएको र ७ प्रतिशतसँग श्रम सम्झौता गरिएको पाइएको उल्लेख छ । ३०.८ प्रतिशतले कार्यस्थलमा यौनजन्य हिंसा तथा दुर्व्यवहार सामना गर्नुपरेको तर तीमध्ये १५.२ प्रतिशतले आफ्नो र जागिरको सुरक्षाका लागि सहेर बसेको जनाएका थिए । हिंसामा पर्नेमध्ये ३६.७ प्रतिशत महिला र १७.४ प्रतिशत पुरुष रहेको कुराले यस क्षेत्रमा महिला भएकै कारण हिंसा हुने दर उच्च रहेको देखाउँछ । र, १२ प्रतिशतले चाहेको बेला जागिरसमेत छोड्न नपाउने बताएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, ४०.५ प्रतिशतले सेवा क्षेत्रका मुख्य सरोकारवालाबारे थाहा नै नपाएको, ४९.८ प्रतिशतले कार्यस्थलमा कुनै अनुगमन नभएको र ५१.८ प्रतिशतले कार्यस्थलमा कुनै आचारसंहिता लागु नभएको बताएको पनि जनाइएको छ । उत्तरदातामध्ये ५३.५ जनजाति, ३७.१ प्रतिशत ब्राह्मण, क्षेत्री, ठकुरी एवं दशनामी र ९ प्रतिशत दलित समुदायका रहेका विवरणमा उल्लेख छ ।

यही संस्थाले २०७९ मा 'मनोरञ्जन क्षेत्रसम्बन्धी सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा गरिएको द्रुत अनुसन्धान प्रतिवेदन' गरेको जनाएको छ । यसमा नेपालगञ्ज, धनगढी र महेन्द्रनगरमा कार्यरत मनोरञ्जन क्षेत्रका श्रमिकसहित १०४ जना उत्तरदाता छन् । जसमध्ये ६७.३० प्रतिशत महिला, २५ प्रतिशत पुरुष र ७.७० प्रतिशत १८ वर्षमुनिका थिए । उक्त प्रतिवेदनमा उल्लेखित अध्ययनका तथ्यसँगै पृष्ठभूमिमा उल्लेख गरिएका विषय यहाँ उद्धृत गर्नु वाञ्छनीय होला । "अमेरिकी विभाग मोनिटर एण्ड कम्ब्याट ट्रयाफिकिङ २०२० को प्रतिवेदनअनुसार नेपालमा मानव बेचबिखनका दलालहरूले नेपाली केटाकेटीहरूलाई सडक, डान्सबार, मसाज पार्लर र क्याबिन

रेष्टुरेन्टहरूलगायत सत्कार क्षेत्र जस्तो स्थानमा यौन क्रियाकलापमा सङ्लग्न गराउने जनाएको छ । ती यौनकर्मीहरूले निजी अपार्टमेन्टहरू, भाडाका कोठा, गेष्टहाउस र रेष्टुरेन्टहरूलाई यौन बेचबिखन स्थानका रूपमा प्रयोग गर्छन्", त्यहाँ उल्लेख छ,"यस क्षेत्रमा प्रवेशबारे एउटा अध्ययनले भन्छ कि अधिकांश श्रमिकहरू अर्थात ६२ प्रतिशतले १८ वर्षमुनिकै उमेरमा काम सुरु गर्छन् ।... यी ठाउँहरूमा काम गरिरहेका व्यक्ति चाहे १२ वर्षका हुन् वा २१, श्रमिकहरूले विभिन्न शोषणको सामना गरिरहेका छन् ।"

अध्ययनको मूल विषयको कुरा गर्दा हिंसा भइरहेको त देखिन्छ तर उत्तरदातामध्ये ८६ प्रतिशतले सहकर्मीहरूले भागिरहेको दुर्व्यवहारबारे थाहा पाउँदैनन् । १४ प्रतिशतले मात्रै सहकर्मीले रोजगारदाता र ग्राहकले अपमान गरेको थाहा पाएको बताउँछन् । उनीहरूको संरक्षण गर्नेसमेत कोही हुँदैनन् किनकि ८२ प्रतिशतले ग्राहकले गर्ने दुर्व्यवहारबारे रोजगारदाताले प्रायः ख्याल नगरेको बताएका छन् । ६९ प्रतिशतले कार्यस्थलमा सुरक्षा व्यवस्था नभएको र दुर्व्यवहारमा पर्ने १८ प्रतिशतले पुलिसको सहयोगमा दुर्व्यवहार गर्नेविरुद्ध कारबाही गर्ने उल्लेख गरेका छन् ।

यस्ता क्षेत्रमा आउने ग्राहकमध्ये अधिकांशले मदक पदार्थ सेवन गर्ने (महेन्द्रनगरमा सतप्रतिशत, नेपालगञ्जका ४५, धनगढीका ५०) र महेन्द्रनगरका ८३ प्रतिशत ग्राहकले शारीरिक सम्पर्क वा व्यक्तिगत सम्बन्धका लागि बाहिर भेट्ने प्रस्ताव राखे पनि श्रमिकमध्ये धेरैले बेवास्ता गरे (नेपालगञ्जमा ९०, धनगढीमा ८४ र महेन्द्रनगरमा ५८ प्रतिशत) पनि धनढीमा ८ र महेन्द्रनगरमा १७ प्रतिशतले ग्राहकको अनुरोध स्वीकार्ने गरेको बताएका । र सबैभन्दा दुःखद् कुरा त श्रमिकहरूले बिरामी पर्दासमेत बिदा पाउँदैनन्, बिदा बसे तलब काटिन्छ भन्ने गरेका छन् ।

**ग) सामरी उत्थान सेवा**

यस संस्थाले पनि वयस्क मनोरञ्जन तथा सत्कार क्षेत्रका श्रमिक अधिकारको पैरवी गर्दै आएको छ । यस संस्थाले पछिल्लो समय यस क्षेत्रमा आन्तरिक मानव बेचबिखनको जोखिमका सम्बन्धमा अध्ययन गरेको थियो । चितवनको माडी नगरपालिका-८, ९, राप्ति नगरपालिका-१, २ र ५ तथा भरतपुरमहानगरका-२ का गरी चार सय २० घरधुरीमा यससम्बन्धमा अध्ययन गरेको थियो । अध्ययनमा दलित ४१, तामाङ ३६ र चेपाङ २३ प्रतिशत घरधुरी समेटिएका छन् । अध्ययनअनुसार त्यस क्षेत्रबाट ९.५ प्रतिशत मानिसहरू वयस्क मनोरञ्जन क्षेत्रमा कार्यरत रहेका र यसरी आबद्ध हुनुको कारणमा गरिबी, बहिष्करण, विभेद र भूमिहीनता जस्ता समस्या रहेका छन् । कार्यरतमध्ये ८५.५ प्रतिशत श्रमिक महिलाहरूले आफूहरूमाथि ग्राहक तथा व्यावसाय सञ्चालक दुवैबाट यौनजन्य हिंसा र शोषण हुने गरेको प्रतिवेदनमा उल्लेख छ । प्रहरीले यस्ता

घटनालाई नजरअन्दाज गरेको उनीहरूका गुनासा थिए । अध्ययनले यस क्षेत्रमा १३.६ प्रतिशत श्रमिक १० देखि १४ वर्षका बालबालिका रहेको देखाएको थियो ।

अध्ययन क्षेत्रबाट धेरै किशोरी तथा महिलाहरू भरतपुर, काठमाडौँ, धनगढी र पोखरालगायत सहरी क्षेत्रका मनोरञ्जन व्यवसायमा कार्यरत रहेको र तीमध्ये अधिकांश जनजाति र दलित समुदायका थिए । कार्यरत दलित समुदायका किशोरी तथा युवतीहरूले जातकै कारण रोजगारी पाउन कठिन भएको, कार्यस्थलमै पनि जातीय विभेद हुने गरेको, रोजगारी पाउनका लागि थर परिवर्तन गर्न बाध्य हुनुपरेको सुनाएका थिए । संस्थाका कार्यक्रम व्यवस्थापक शिवहरी ज्ञावालीले पहिचान लुकाएका कारण उनीहरू थप हिंसामा पर्ने गरेको सुनाउनुभयो । “थर लुकाउनु भनेको आफ्नो पहिचान खुल्ने कानुनी परिचयपत्र नदिनु हो । यदि कानुनी पहिचान नै छैन भने त्यहाँ कार्यसम्झौता हुँदैन । कार्यसम्झौता नभएमा जुनसुकै बेला यौनजन्य, शारीरिक, मानसिक तथा आर्थिक हिंसा पर्नसक्छ तर कानुनी रूपमा प्रतिवाद गर्ने आधार नहुँदा थप हिंसा भइरहेको छ”, उहाँले भन्नुभयो ।

समग्रमा सो अध्ययनले निम्न प्रकारका हिंसा देखाएको थियो ।




सो अध्ययनमा विभिन्न सन्दर्भ सामग्रीलाई उद्धृत गर्दै भनिएको छ,“नेपालमा मानव बेचबिखनबाट प्रभावित हुनेहरूमध्ये ६८.४९ प्रतिशत घटनाहरू आन्तरिक मानव बेचबिखनसँग सम्बन्धित छन् । त्यसमा पनि सबैभन्दा ठूलो क्षेत्र वयस्क मनोरञ्जन क्षेत्र हो । यसले नेपालमा हुने मानव बेचबिखनको सबैभन्दा धेरै अर्थात् १८ प्रतिशत हिस्सा ओगट्छ ।”

## ४.१.५ मिडियामा महिला तथा बालिका हिंसाका समाचार विश्लेषण

यस अध्ययनको एउटा विधिमध्ये मिडियाका विषयवस्तु र र सम्बद्ध निकायका दस्ताबेज विश्लेषण गर्नु पनि हो । मिडियाले महिला तथा बालिकामाथि हुने हिंसाका कस्ता विषयवस्तु कसरी, कति प्राथमिकताका साथ उठान गर्छन् भनेर हेर्नु यसको उद्देश्य हो । जसले आगामी दिनमा मिडिया रणनीति निर्माणका लागि सन्दर्भ सामग्रीका रूपमा सहयोग पुग्ने हाम्रो अपेक्षा छ ।

### विषयवस्तुको विश्लेषण

| क्रस | मिडिया | प्रकाशित विषयवस्तु | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | समाचार | | | | विचार | | | | सम्पादकीय | | | | पाठकपत्र | | | | |
| | | ज | म | बा | अ | ज | म | बा | अ | ज | म | बा | अ | ज | मा | बा | अ | |
| १. | गोरखापत्र दैनिक | ८८ | ६२ | ११ | १५ | १५ | ४ | ४ | ७ | - | - | - | - | - | - | - | - | |
| २. | कान्तिपुर दैनिक | ३२ | १५ | ५ | १२ | १७ | ४ | २ | ११ | १ | - | - | - | ४ | | | | |
| ३. | अनलाइन खबर | ३२ | १२ | ५ | १५ | १५ | ८ | - | ७ | - | - | - | - | - | - | - | - | |
| ४. | उद्घोष दैनिक | २९ | १५ | ५ | ९ | ४ | २ | १ | १ | - | - | - | - | - | - | - | - | |
| ५. | जनकपुर टुडे | ६१ | १८ | १२ | ३१ | ३ | १ | १ | १ | - | - | - | - | - | - | - | - | |
| ६. | समाधान दैनिक | २६ | १० | ६ | १० | ४ | १ | - | ३ | ३ | - | - | ३ | - | - | - | - | |
| ७. | हेटौडा सन्देश | ४३ | १४ | १३ | १६ | ६ | - | - | ६ | ५ | २ | १ | २ | - | - | - | - | |
| ८. | बुटवल टुडे | २४ | ८ | ६ | १० | ३ | २ | - | १ | ३ | २ | | १ | - | - | - | - | |
| ९. | जनचासो खबर दैनिक | १७ | ६ | ६ | ५ | १ | १ | - | - | - | - | - | - | - | - | - | - | |
| १०. | अनुमोदन दैनिक | २० | ११ | ३ | ६ | ५ | ३ | - | २ | - | - | - | - | - | - | - | - | |
| जम्मा | ३७२ | १७१ | ७२ | १२९ | ७१ | २४ | ८ | ३९ | १२ | ४ | १ | ७ | ४ | - | - | - | | |

नोटः यहाँ अन्यले महिला वा बालिका किटान नगरिएका पुरुषलगात सबै विषय भन्ने जनाउँछ ।

पूर्वनिर्धारित विधिअनुसार यहाँ १० वटा मिडियामा प्रकाशित ४५९ विषयवस्तु हेरिएका छन् । जसमा समाचारमा ३७२ (८१.०४ प्रतिशत), विचार ७१ (१५.४६ प्रतिशत), सम्पादकीय १२ (२.६१ प्रतिशत) र पाठकपत्रमा चार (०.८७ प्रतिशत) सामग्री प्रकाशन भएको पाइयो । जसमा समाचारमध्ये महिलासँग सम्बन्धित १७१, बालबालिकासँग ७२ र अन्य १२९ वटा विषयवस्तु थिए ।




## विषयवस्तुको उठान

| क्रसं | सम्बन्धित समाचार | मिडिया | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गोरखापत्र | कान्तिपुर | अनलाइनखबर | उद्घोष | जनकपुर टुडे | समाधान | हेटौंडा सन्देश | बुटवल | जनचासो खबर | अनुमोदन | |
| १ | बलात्कार, बलात्कार प्रयास तथा पक्राउ | २ | - | ४ | १ | २ | - | १ | - | - | - | १० |
| २ | हत्या, मृत्यु तथा पक्राउ | ५ | ६ | ३ | ५ | ७ | २ | ३ | ३ | ३ | ४ | ४१ |
| ३ | विभेद/जातीय विषय | ७ | १२ | १८ | - | ४ | ३ | २ | - | २ | ३ | ५१ |
| ४ | मानव बेचबिखन तथा पक्राउ | २ | - | ४ | १ | २ | १ | १ | १ | - | - | १२ |
| ५ | घरेलु हिंसा, कुटपिट, दुर्व्यवहार | २५ | ६ | ५ | ८ | ९ | १० | १४ | ११ | २ | १ | ९१ |
| ६ | अधिकार/जानकारी/भाषण | २० | ७ | ११ | ५ | १८ | ५ | ७ | ४ | २ | ७ | ८४ |
| ७ | महिला तथा बालबालिका (समस्या, सम्मान) | ४२ | २४ | २ | १३ | २२ | १२ | २६ | ११ | ९ | १० | १७० |
| **जम्मा** | | **१०३** | **५५** | **४७** | **३३** | **६४** | **३३** | **५४** | **३०** | **१८** | **२५** | **४५९** |

## घटना प्रकृतिका आधारमा विषयवस्तुको प्रतिशत




माथिल्ला खण्डहरूमा विभिन्न संवैधानिक आयोग, नेपाल प्रहरी तथा अन्य गैरसरकारी संस्थाका अभिलेखहरूले देखाएजस्तै यस खण्डमा गरिएको विषयवस्तु विश्लेषणबाट पनि हिंसाजन्य घटनाहरूमा मिडियाका विषय उठान भइरहेकै छन् तर सञ्चारमाध्यमहरूमा उठान हुने विषयमा पनि महिला तथा बालबालिकाका समस्या र तिनका सम्मान एवं सफलतासँग जोडिएका विषयवस्तु (उपचार पाएनन्, तीन चच्चा जन्माइन, गुमनाम भइन, चिसो लाग्यो, सबलीकरण भयो, सफलता हासिल गरिन्, सम्मानित भइन् आदि) उठानको प्रतिशत ३७ र यी विविध विषयमा जानकारीमूलक तथा भाषणजन्य विषयको (सरकारले महिला बालकालिकालाई बजेट दिनेछ (अर्थमन्त्री), सहभागिता बढाउन काम गर्छः सञ्चारमन्त्री, यौनिक शिक्षा, प्रभावकारी बन्दै दिवाखाजा, हानिकारक अभ्यास, सुरक्षा टिप्स आदि) प्रतिशत १८ छ । यो दुवैको प्रकृति उस्तैउस्तै भएकाले करिब ५५ प्रतिशत विषय औपचारिक घटनाक्रम, कसैले सूचना, सन्देश दिने उद्देश्यले आयोजना गरेका गतिविधिमा आधारित रहेका समाचार प्रकाशन भएको पाइयो ।

यसबाहेक अन्य हिंसाका घटनाजन्य विषयहरू घरेलु हिंसाजन्य गतिविधिका २०, विभेद तथा जातीय विषय (लैङ्गिक विभेद, जातीय छुवाछुतमा अदालतका फैसला, आन्दोलन, अन्तरजातीय प्रेम, विवाह, समस्या) ११, हत्या, मृत्युजन्य विषय (महिला वा पुरुषद्वारा हत्या, लापरवाहीले मृत्यु, विभिन्न घटनाका अपराधी पक्राउ आदि) ९, मानव बेचबिखन तथा पक्राउ ३ र जजक, जजकउ प्रयास र पक्राउसँग सम्बन्धित २ प्रतिशत समाचारहरू प्रकाशन भएको देखियो । यी घटनाहरू पनि प्रहरीको बुलेटिन वा जानकारी, अदालतका फैसला वा कसैले औपचारिक रूपमा भनेका आधारमा दिने जानकारीमूलक प्रकृतिका छन् । यसर्थ मिडियाले स्वस्फूर्त रूपमा प्रोएक्टिभ भएर विधागत पत्रकारिताको सीप वा अभ्यासअनुसार विषयवस्तु उठान गर्ने प्रवृत्ति अझै पनि व्यवस्थित बन्न नसकेको छनक पाइन्छ ।

## विषयवस्तुको विधागत उठान कति ?
## केन्द्रीयस्तरमा




गोरखापत्र दैनिकमा सबैभन्दा बढी विषयवस्तु प्रकाशन भएका छन् । जसमा समग्रमा १०३ मध्ये विचार १५ वटा छन् भने सम्पादकीय र पाठकपत्रतर्फ एउटा पनि छैन । त्यसमध्ये पनि महिला तथा बालबालिकाका समस्या, सम्मानलगायत विषयमा ४२, घरेलु हिंसा, कुटपिट तथा दुर्व्यवहारसँग सम्बन्धित २५, महिला तथा बालिका अधिकार, जानकारी, यही सवालमा भाषणलगायत विषय २०, विभेद तथा जातीय भेदभावसँग सम्बन्धित ७, हत्या, मृत्यु तथा पक्राउ ५, बलात्कार तथा बलात्कार प्रयास पक्राउ र मानव बेचबिखन तथा पक्राउबारे २/२ वटा समाचार प्रकाशन भएको देखियो ।

यस्तै, कान्तिपुर दैनिकमा ५५ वटा विषयवस्तु प्रकाशन भएकामा त्यसमध्ये १७ वटा विचार, एउटा सम्पादकीय र चारवटा पाठकपत्र छन् । समग्रमा महिला तथा बालबालिकाका समस्या, सम्मानलगायत विषयमा २४, विभेद तथा जातीय भेदभावसँग सम्बन्धित १२, महिला तथा बालिका अधिकार, जानकारी, यही सवालमा भाषणलगायत विषय ७, हत्या, मृत्यु तथा पक्राउ र घरेलु हिंसा, कुटपिट तथा दुर्व्यवहारसँग सम्बन्धित ६/६ विषय छन् ।

अनलाइन खबरको हकमा जम्मा ४७ वटा विषयवस्तु नमुनाका रुपमा हेरिएकामा सबैभन्दा बढी १८ समाचार विभेद तथा जातीय भेदभावसँग सम्बन्धित रहेको पाइयो । महिला तथा बालिका अधिकार, जानकारी, यही सवालमा भाषणलगायत विषय ११, घरेलु हिंसा, कुटपिट तथा दुर्व्यवहार ५, बलात्कार तथा बलात्कार प्रयास पक्राउ र मानव बेचबिखन तथा पक्राउसँग सम्बन्धित ४/४, हत्या, मृत्यु तथा पक्राउ ३ र महिला तथा बालबालिकाका समस्या, सम्मानलगायत विषयमा २ वटा समाचार प्रकाशित भएको देखियो ।

यी मिडियाको समाचारको प्रवृत्ति हेर्दा धेरैजसो घटना प्रधान, औपचारिक कार्यक्रम वा कुनै संस्थाका क्रियाकलापसँग सम्बन्धित देखिन्छन् । खोजी वा विधागत पत्रकारिताको सीप प्रयोग गरेर यस क्षेत्रका विषयको उत्खनन् गर्ने परिपाटी खासै पाइएन, त्यो कुरा विषयवस्तुबाट प्रष्ट थाहा हुन्छ ।

मिडियाको आफ्नो दृष्टिकोण सम्पादकीयबाट दिने भएकाले यो निकै महत्वपूर्ण मानिन्छ तर केन्द्रीयस्तरका यी मिडियामा सम्पादकीयमा महिला तथा बालिकाका मुद्दाले प्राथमकिता पाएको देखिएन । कान्तिपुरले एक महिनामा एउटा मात्रै सम्पादकीय लेखेको र अन्य मिडियामा स्थानै नपाएको देखियो । विचार प्रायः विषयविज्ञ वा जानकारहरूबाट लेखिने भएकाले विषयवस्तु उठानका हिसाबले सन्तोषजनक नै छ । पाठकपत्रमा पनि गोरखापत्रले शून्य स्थान दिएको र कान्तिपुरमा भने महिनामा जम्मा ४ वटाले मात्रै स्थान पाएको देखियो । अनलाइनमा पाठकपत्र भनेर छुट्टै स्तम्भ पाइएन ।

### ४.३.२.२ प्रदेशस्तरमा




कोशी प्रदेशबाट प्रकाशित उद्‌घोष दैनिकमा ३३ वटा विषयवस्तु प्रकाशन भएकामा त्यसमा समाचार २९ र विचार ४ वटा छन् । तीमध्ये महिला तथा बालबालिकाका समस्या तथा सामान्य विषय १३, हिंसा, कुटपिट, दुर्व्यवहार ८, हत्या, मृत्यु तथा पक्राउ ५, महिला तथा बालिका अधिकार, जानकारी, यही सवालमा भाषणलगायत विषयमा ५, बलात्कार तथा पक्राउ र मानव बेचबिखन तथा पक्राउसँग सम्बन्धित एउटा एउटा समाचार छन् ।

मधेस प्रदेशबाट प्रकाशित जनकपुर टुडे कुल ६४ वटा विषवस्तु प्रकाशन भएका छन् । त्यसमा ६१ वटा समाचार र ३ वटा विचार समेटिएका छन् । जसमा महिला तथा बालिकाका समस्या र सम्मान २२, महिला तथा बालिका अधिकार, जानकारी, यही सवालमा भाषणलगायत विषयमा १८, हिंसा,

कुटपिट, दुर्व्यवहार ९, हत्या, मृत्यु, तथा पक्राउ ७, विभेद/जातीय ४, बलात्कार, बलात्कार प्रयास तथा पक्राउ र मानव बेचबिखन तथा पक्राउसँग सम्बन्धित विषयमा २/२ विषय प्रकाशित भएका छन् ।

गण्डकी प्रदेशबाट प्रकाशित हुने समाधान दैनिकमा ३३ वटा विषयवस्तु प्रकाशन गरिएकामा २६ समाचार, ४ वटा विचार र ३ वटा सम्पादकीय छन् । तीमध्ये महिला तथा बालबालिका (समस्या, सम्मान) मा १२, हिंसा, कुटपिट, दुर्व्यवहारमा १०, महिला तथा बालिका अधिकार, जानकारी, यही सवालमा भाषणलगायत ५, विभेद तथा जातीय ३, हत्या, मृत्यु तथा पक्राउ २, मानव बेचबिखन तथा पक्राउका विषयमा एउटा समाचार प्रकाशन भएको पाइयो ।

बागमती प्रदेशबाट प्रकाशित हुने हेटौडा सन्देश दैनिकमा ५४ वटा विषयवस्तु प्रकाशन गरिएकामा महिला तथा बालबालिका (समस्या तथा सम्मान) २६, भाषणलगायत ७, जानकारी तथा भाषणलगायत सामग्री १४, हत्या, मृत्यु तथा पक्राउ ३, विभेद तथा जातीय २, बलात्कार, बलात्कार प्रयास तथा पक्राउ र मानव बेचबिखन तथा पक्राउसँग सम्बन्धित एउटा/एउटा विषय प्रकाशन गरिएको छ ।

लुम्बिनी प्रदेशबाट प्रकाशित हुने बुटवल टुडेमा ३० वटा विषयवस्तु प्रकाशन भएकामा त्यसमा २४ समाचार ३ विचार र ३ वटा सम्पादकीय छन् । विषयवस्तुलाई विभाजन गरेर हेर्दा महिला तथा बालबालिका (समस्या, सम्मान) र घरेलु हिंसा, कुटपिट, दुर्व्यवहारमा ११/११, अधिकारबारे अधिकार/जानकारी/भाषण ४, हत्या, मृत्यु तथा पक्राउ ३ र मानव बेचबिखन तथा पक्राउसँग सम्बन्धित एउटा समाचार देखियो ।

यस्तै कर्णाली प्रदेश राजधानी सुर्खेतबाट प्रकाशित हुने जनचासो खबर दैनिकमा १८ वटा विषयवस्तु प्रकाशन भएकामा त्यसमा १७ समाच र एउटा विचार छ । विषयवस्तुका हिसाबमा महिला तथा बालबालिका (समस्या, सम्मान) ९, हत्या, मृत्यु तथा पक्राउमा ३, विभेद/जातीय विषय, घरेलु हिंसा, कुटपिट, दुर्व्यवहार र अधिकार/जानकारी/भाषणजन्य विषयसँग सम्बन्धित २/२ विषय यसमा समेटिएका छन् ।

र, सुदूरपश्चिम राजधानी धनगढीबाट प्रकाशित हुने अनुमोदन दैनिकमा २५ विषयवस्तुमध्ये २० वटा समाचार र ५ वटा विचार रहेका छन् । यसमा सबैभन्दा बढी महिला तथा बालबालिका (समस्या, सम्मान) १०, अधिकार/जानकारी/भाषणजन्य ७, हत्या, मृत्यु तथा पक्राउका ४, विभेद/जातीय विषय ३ र घरेलु हिंसा, कुटपिट, दुर्व्यवहारसँग सम्बन्धित एउटा समाचार प्रकाशन गरिएको छ ।

प्रदेशबाट प्रकाशन भएका विषयवस्तुमध्ये धेरैजसो एउटै समाचार सबैजसो मिडियामा प्रकाशित भएको देखिन्छ । आफ्नो प्रदेश र क्षेत्रसँग सम्बन्धित नभए पनि समाचारलाई स्थान दिनु र त्यस्तै समाचार अन्य प्रदेशका सञ्चारमाध्यममा समेत दोहोरिनुले यी समाचार कपि गरेको वा न्युज एजेन्सीबाट लिइएको र यी मिडियाले विधागत पत्रकारिताको व्यवहारिक अभ्यास नगरेको कुरा विषयवस्तुबाट अनुमान गर्न सकिन्छ ।

## ४.१.६ विज्ञसँग परामर्श तथा कुराकानी

हामीले अध्ययनका क्रममा सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि (जो विशेषविज्ञ पनि हुनुहुन्छ) गरी ११ जनासँग कुराकानी गरेका छौँ । उहाँहरू सबैलाई नेपालमा महिला तथा बालिकामाथि हुने हिंसाको अवस्था के छ ? त्यसमा दलित महिला र बालिकाले भोग्न हिंसा उस्तै छ कि जातीय आधारमा थप हिंसाको सामना गरिरहनुपरेको छ ? यस्तो अवस्थामा हिंसा न्यूनीकरणका लागि के गरिनुपर्छ ? भनेर उस्तै प्रश्न सोधेका छौँ भने प्रहरीलाई तपाईहरू कहाँ अन्य निकायको तुलनामा किन दलित महिला र बालिका वा जातीय विभेदका कम आउँछन् ? भनेर थप प्रश्न सोधेका छौँ । यसैगरी मिडिया क्षेत्रका व्यक्तिहरूसँग हिंसापीडित महिला र बालिकाका मुद्दाहरू मिडियामा किन प्राथमिकतामा पर्दैनन् र अब के गर्न सकिन्छ भनेर सोधेका थियौँ ।

सबैजसो विज्ञहरूले हिंसाको सबैभन्दा मुख्य स्रोतमा रहेको घरेलु हिंसा न्यूनीकरणका लागि प्रवर्धनात्मक (परिवार, समाज, विद्यालय, समूह आदि) मा गतिविधि अगाडि बढाउनुपर्ने, दलित महिला र बालिकाका सवालमा न्यायमा पहुँच बढाउन थप सहयोग आवश्यक रहेको बताएका छन् । मिडियामा पनि विषयवस्तु विश्लेषणको अभ्यासका आधारमा विषयवस्तुमा विविधताका लागि पहल आवश्यक रहेको सम्बद्ध विज्ञको जोड छ । उहाँहरूबाट व्यक्त विचारको संक्षिप्त अंश यहाँ प्रस्तुत गरिएको छ ।

**१. देवराज विश्वकर्मा, अध्यक्ष, राष्ट्रिय दलित आयोग**

तथ्याङ्कमा हेर्दा नेपालमा महिला र बालिकामाथि हुने हिंसाको समग्र अवस्था घटिरहेको देखाउँछ । यसको कारण के हो भनेर अनुसन्धानको विषय हुनसक्छ तर दलित भएकै कारण महिला तथा बालिकामाथि हुने हिंसा वा छुवाछुतको अवस्था प्रवृत्तिगत हिसाबमा उस्तै छ । सरकारी निकाय र गैरसरकारी संस्थाका अभिलेखमा पनि फरकफरक तथ्याङ्क पाइए पनि घटेको वा बढेको भन्दा पनि जातीय आधारमा हुने हिंसाको अवस्था स्थिर छ । संविधान बनेको छ, त्यसअनुसार तीन तहका सरकार, ऐन, कानुन बनेका छन्, तिनको कार्यान्वयन भइरहेको छ । हामी सबैको दाबी छ समाज शिक्षित, अचेत र जागरुक बन्दैछ तर दलित महिला र बालिका तथा सिङ्गो समुदायमाथि

हुने हिंसा उस्तै हुनु वा तथ्याङ्कमा देखिनु निकै चिन्ताको विषय हो । यो हामी राज्यका निकाय र यहाँभित्र रहेका सबैमाथि गम्भीर प्रश्न उठ्नु हो ।

म त के भन्छु भने अझै स्वस्फूर्त रूपमा उजुरी आउने अवस्था बनिसकेको छैन, बन्न दिइएको छैन । केही भइहालेमा उजुरी गर्न जाँदा अवरोधको अवस्था कायमै छ । यही समाजमा त बस्लास् नि भनेर डर, त्रास, धम्की र प्रभाव देखाएर दबिएर बस्नुपर्ने अवस्था कायमै राख्न खोजेको देखिन्छ । मानवको जात मानव नै हो तर विभिन्न प्रथा, परम्परा, अन्धविश्वास, सानो र ठूलो जातको भ्रमका कारण मुलुकमा दैनिक सयौँ मानिस दलित भएकै कारण विभेदमा पर्ने अवस्था छ । पछिल्लो समय डरलाग्दो कुरा त के छ भने युगौँदेखि सबै हिसाबले बहिष्करणमा पारिएका दलितलगायत वर्ग, समुदायलाई सकारात्मक विभेदको नीतिअनुसार आरक्षण दिइएकामा यसको लाभ दलितले मात्रै लिए भनेर पढेलेखेका मान्छेहरूबाटै थप विभेद भइरहेको छ । समावेशिताको मुद्दालाई विषयान्तर गर्न 'तरमारा' शब्दले उपहास गर्न गर्न खोजिएको छ । जबकी दलितको प्रतिनिधित्व विसं २०६४ देखि हालसम्म निजामती सेवामा २.३७ प्रतिशत मात्रै पुगेको छ तर एउटा वर्गले सामाजिक सञ्जाललगायत प्रविधिको प्रयोग र अन्यमाध्यमबाट पनि संरचनागत हिसाबमा विभेद गर्न पाउनुपर्छ र यो हाम्रो संस्कार हो भन्ने ढङ्गले प्रस्तुत हुने प्रवृत्ति बढेको छ ।

यसर्थ आयोगले यस्तो विभेद, महिला र बालिकामाथि हुने हिंसा घटाउनका लागि सरकार र सरकारका निकायलाई संविधान, कानुन, ऐन, नियम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता कार्यान्वयनका लागि सिफारिस गरिरहेको छ । सुझाव दिइरहेको छ । संविधानको अक्षरशः पालना गरी हिंसा न्यूनीकरणमा लाग्न हाम्रो आग्रह छ ।

**२. कमला पराजुली, अध्यक्ष, राष्ट्रिय महिला आयोग**

पछिल्लो समय घरेलु हिंसा सबै हिंसाको मुख्य कारकका रूपमा देखिएको छ । त्योसँग आर्थिक, शारीरिक, मानसिक, यौनजन्य हिंसा, पारिवारिक विखण्डन, आश्रित बालबालिकाको विचल्ली (नाता प्रमाणित, जन्मदर्ता, नागरिकता पाउनेलगायत समस्या) जोडिएर आउँछन् । साथै घरमा हिंसा हुने भएपछि पारिवारिक सहयोग नपाउने, वृत्तिविकास, शिक्षादिक्षामा अवरोध हुने र त्यसको फाइदा उठाउँदै बाहिर थप हिंसा हुने देखिन्छ । पछिल्लो समय यौनजन्य हिंसा (बलात्कार र बलात्कारको प्रयास, यौन दुर्व्यवहार) धेरै बढिरहेको छ । त्यसमा पनि बालिकाहरू (१४ वर्षमुनिकी) सबैभन्दा बढी पीडित छन् ।

हिंसा त शक्ति, सामथ्र्य र संरचनागत व्यवस्थासँग पनि जोडिएको हुन्छ । पीडिक बलियो हुने र पीडित कमजोर हुने, त्यसको फाइदा उठाउने, बालिका र सीमान्तकृत महिला आवाज उठाउँन

सक्दैनन् भन्ने सोचेर बढी हिंसा हुन्छ । अभिलेखमा आउने, उजुरी गर्ने भनेको त कुनै पनि हिसाबले दबाउन नसकेपछि मात्रै हो । त्यसैले तथ्याङ्कले कम देखियो भनेर हिंसा भएन भन्ने अवस्था छै । यो अध्ययनको विषय हुनसक्छ ।

हिंसा न्यूनीकरणका लागि अब के गर्ने भन्ने सवालमा हालसम्म उपचारात्मक विधिका कुरा धेरै भए । त्यसले मात्रै हुँदैन भन्ने त देखाइसक्यो । अब उपचारात्मक विधिलाई सशक्त र प्रभावकारी बनाउँदै मुहान सफा गर्ने अर्थात् हिंसा गर्नु हुँदैन गरेमा हाम्रो सम्पूर्ण जीवन नै बर्बाद हुन्छ भन्ने सिकाउन, सचेतना जगाउँन प्रवर्धनात्मक विधिमा जोड दिनुपर्ने देखियो। त्यसको लागि विद्यालयबाट सिकाउने, युवा, अभिभावक, पीडक समूह भनेर चिनिने वर्गलाई सचेत गराउन प्रहरी, विद्यालय, समुदायमा प्रभाव भएका समूह (राजनीतिक दल, संगठनलगायत), स्थानीय तह सबैलाई सँगै परिचालन गरेर अगाडि बढ्नुपर्छ ।

**३. डा टीकाराम पोखरेल, प्रवक्ता, राष्ट्रिय मानव अधिकार आयोगः**

नेपालमा महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि संवैधानिक, कानुनी, संस्थागत र नीतिगत रूपमा थुप्रै व्यवस्था भएका छन्। अन्तर्राष्ट्रिय रूपमा पनि धेरै प्रतिबद्धता गरी सोअनुसार कार्ययोजना, कार्यक्रम र बजेट पनि व्यवस्थापन गरिएको छ । प्रयास धेरै भएका छन् तर हिंसा भने तात्विक रूपमा घटेन । धेरै कुराहरू औपचारिकताका लागि मात्रै भइरहेको छ कि भन्ने प्रश्न पनि उठिरहेको छ । ग्रामीण क्षेत्रमा हिंसाका धेरै घटनाहरू भइरहेका छन् तर प्रकाशमा आउँदैनन् । सहरी क्षेत्रमा तुलनात्मक रूपमा कम घटना हुने गरेका छन्, ती अभिलेखन हुने क्रम भने बढ्दो छ ।

महिलाभित्र पनि दलित महिला र बालिकाको अवस्था थप चिन्ताजनक छ। धर्म, संस्कारका नाममा मन्दिर र सार्वजनिक स्थलमा मात्रै होइन, चेतना र विवेकको दियो बाल्ने कतिपय विद्यालयमा अहिलेसम्म पनि विभेद भइरहेका घटनाहरू हामीले सुन्छौँ। प्रतिनिधित्वको कुरा गरिएको छ तर स्थानीय तहमा त्यो अर्थपूर्ण हुनसकेको छैन। संविधानले भनेका कारणले बाध्यकारी त भयो तर औपचारिकताका लागि मात्रै त्यसको पालना गरेजस्तो देखिन्छ ।

सरकारका सबै निकायले काम गरिरहेका छौँ भन्ने दाबी गर्छन् तर परिणाममा देखिदैन। यस्ता सवालमा आयोगले पटकपटक सरकारको ध्यानाकर्षण गराएको छ । दोहो¥याइँ तेहे¥याइँ एउटै कुरा भनिरहनुपर्ने स्थिति छ । स्वास्थ्य, सचेतना, शिक्षालगायत विषयमा सिफारिस गरेको छ तर 'काग कराउँदै गर्छ पिना सुक्दै गर्छ' भनेजस्तो भइरहेको छ । यो राम्रो भएन । हिंसा न्यूनीकारणका लागि सरकारी, गैरसरकारी संघसंस्था तथा नागरिक सबै जिम्मेवार बन्न आवश्यक छ ।

### ४. डा कुन्दन अर्याल, अध्यक्ष, इन्सेक (वरिष्ठ सञ्चारविज्ञ)
नेपालमा अझै पनि धेरै क्षेत्रमा दण्डहिनताको कुरा छ । खासगरी जो अपराधमा संलग्न हुन्छन्, उनीहरुलाई कानुनी दायरामा ल्याउने कुरामा कमिकमजोरी छन् । घटनाहरुको प्रभावका आधारमा राम्रोसँग छानबिन नहुने, दोषी पत्ता नलाग्ने अवस्था अझै विद्यमान छ । यसो हुँदा घटनामा संलग्न हुनेहरु झन् उत्साहित हुने अवस्था रहन्छ । खासगरी छुवाछुत, महिला तथा बालबालिकामाथि हुने हिंसा, यौनजन्य हिंसाका कुरामा पीडितहरुले न्यायका लागि धेरै नै संघर्ष गर्नुपरेको अवस्था छ । जसले पीडकहरुलाई कानुन, दण्डसजाय, अनुसन्धानको डर नहुने स्थिति छ । यस्ता अपराधमा संलग्न हुनेहरु प्राय शक्तिमा हुने र शक्तिको दम्भ हुनेहरु नै हुन्छन्, तिनले प्रभाव पार्ने अवस्था कायमै हुनु दुःखद कुरा हो । पछिल्लो समय त हिंसा गर्ने र प्रमाण नष्ट गर्नका लागि ज्यानलिने प्रवृत्ति निकै डरलाग्दो छ । यो हामी सबैका लागि निकै चुनौतीको विषय पनि हो ।

खासगरी दलित महिला र बालिकामाथि हुने हिंसाको कुरा गर्दा यिनीहरु बोल्न सक्दैनन्, पहुँच छैन भनेर थप जोखिमको स्थिति छ । आमरुपमा महिला र बालिकालाई बोल्न सक्दैनन् भन्ने नै छ । दलितको सवालमा त विपन्नता, राजनीतिक तथा न्यायमा पहुँचको अभावमा अपराधीहरुले बढी लक्षित गरेको पनि देखिन्छ । हामीकहाँ भन्ने गरिन्छ नि सानोलाई ऐन, ठूलोलाई चैन । त्यसैले कतिपय अवस्थामा न्याय नपाएर देशभरिबाट माइतीघर मण्डलामा आएर धर्ना, आन्दोलन, जुलुस गनेपछि केही सुनुवाइ हुने स्थिति यसैको उपज हो ।

यस्तो अवस्थामा तीन तहका सरकार, राज्यका निकाय, दल, अन्य निकाय गम्भीर बन्नुपर्ने आवश्यकता छ । कतिपय अवस्थामा हामी चुक्छौँ, रुकुमपश्चिममा नवराज विकलगायतको हत्या प्रकरणमा पूरै समुदायमाथि आक्रमण भयो । यसर्थ कानुनको पूर्ण बहाली, कानुनको दृष्टिमा सबै बराबरी भन्ने ध्येयले काम गर्ने र नागरिकको भरोसा जगाउने गरी हामी सबैलाई सबैको न्यायका लागि थप क्रियाशील हुनुपर्ने आवश्यकता छ ।

### ५. लक्ष्मी शर्मा, उजुरी शाखा प्रमुख, राष्ट्रिय महिला आयोग
तथ्याङ्कमा हिंसाको अवस्था हेर्दा घट्दो क्रममा नै छ । आयोगले विगत छ वर्षमा घटेका घटनाको स्थिति विश्लेषण गर्दा कोरोना महामारीको समयमा एक वर्ष केही घटना बढे पनि बाँकी वर्षहरूका तथ्याङ्कले हिंसा घट्दो अवस्थामा रहेको देखाउँछ । यसको कारण त अध्ययनकै विषय भयो तर पछिल्लो समय एउटै प्रकृतिका हिंसाका उजुरी धेरै ठाउँमा दिने गरिएको छ । घरेलु हिंसाकै हकमा नेपाल प्रहरी, स्थानीय तहका न्यायिक समिति, अदालतमा नै उजुरी दिने व्यवस्था भएकाले पनि आयोगमा उजुरी नबढेको पनि हुनसक्छ । फौजदारी प्रकृतिका मुद्दा प्रहरी र अदालतमै जाने भएकोले यहाँ आए पनि हामीले त्यहीअनुसार सहजीकरण गर्ने गर्छौं ।

यति हुँदा हुँदै पनि महिला तथा बालिकामाथि हुने हिंसाको प्रवृत्ति भने निकै डरलाग्दो छ । चेतना, शिक्षा, जागरण बढेको भनिएको छ तर घरपरिवार, समाज, कार्यस्थल वा अन्य स्थानमा पनि सुरक्षाको अवस्था छैन । घरेलु हिंसा र बलात्कार, हत्याका घटनाले त्यो देखाउँछ । पछिल्लो समय त सूचना प्रविधि (सामाजिक सञ्जाल) को प्रयोग गरी हिंसा हुने क्रम बढ्दो छ । त्यसैबाट चिनजान हुने, सम्पर्क बढ्ने, लिभिङ टुगेदरमा बस्ने, विवाह गर्ने तर घर, ठेगाना, परिवारको स्थिति, पहिले विवाह गरेको वा नगरेको केही थाहा नहुने, मिलुञ्जेल प्रेम गर्ने, बच्चा जन्माउने तर केही समस्या भयो भने भाग्ने प्रवृत्ति छ । पहिचान र ठेगाना नै नभएपछि न्याय माग्न कठिन हुन्छ, सन्तानले नागरिक र जन्मदार्ता नै नभएर थप हिंसा भोग्छन् । दलित महिला र बालिकाको हकमा यसबाहेक जातीय विभेदजन्य थप हिंसा भोग्नुपर्छ । परिवारले नस्वीकार्ने, श्रीमानले छोड्ने, हिंसा गर्ने, परिवार, समाजको साथ नहुने, कतिपय अवस्थामा न्याय माग्न जाँदा पनि आवाजको सुनुवाइ नहुने जस्ता कारणले मानसिक, आर्थिक, यौनजन्य, सामाजिक हिंसाको चौतर्फी मार खेप्नुपर्ने हुन्छ ।

यसको न्यूनीकरणका लागि आयोगले आफ्नो संवैधानिक क्षेत्राधिकारअनुसार काम गरिरहेकै छ । सरकार र सरकारका निकायलाई सोहीअनुसार सिफारिस गरिरहेको छ । अरु निकाय पनि यसमा गम्भीर रहेको पाउँछौं । यसमा थप सबै सचेत र जिम्मेवार बन्नुपर्‍यो । हरेक व्यक्ति, परिवार सचेत बन्नुपर्‍यो । त्यसले समाज र राष्ट्रलाई नै हिंसाविरुद्धमा लाग्न बाध्य पार्छ ।

### ६. दीपेन्द्र जिसी, एसएसपी, प्रमुख महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, नेपाल प्रहरी

महिला तथा बालबालिकामाथि हुने हिंसाको पछिल्लो तथ्याङ्क (२०७९/८० र २०८०/८१) लाई विश्लेषण हेर्दा उजुरी तथा मुद्दा संख्या बढेको छ। यसो हुँदा पीडित बढ्ने नै भए। विशेषगरी हिंसाहरुमा पनि घरेलु हिंसा र यौनजन्य हिंसा बढिरहेको छ । घरेलु हिंसामा १९–५९ उमेर समूहका महिलाहरू तथा यौनजन्य हिंसामा १८ वर्ष मुनिका बालिकाहरू पिडित भएको देखिएको छ ।

समग्रमा हेर्दा हिंसा र अपराधका घटना बढेका छन् तर दलित महिला तथा बालबालिकातर्फ भने उजुरी, मुद्दा र पीडितहरूको संख्या घटेको छ। यसरी घटना कम हुनुमा संकेत हो। हाम्रो विश्लेषणमा समाज, परिवार र आम रूपमा सचेतना बढेका कारणले यस्तो हुन गयो ।

### ७. शिव गाउँले, पूर्वअध्यक्ष नेपाल पत्रकार महासंघ, प्रधान सम्पादक अनलाइनखबर

पत्रकारिताको सिद्धान्तकै कुरा गर्ने हो भने पनि आवाजविहीनको आवाज (Voice of the voiceless) भन्ने गरिन्छ । यसैले पनि जातीय र लैङ्गिक पहिचानकै आधारमा हिंसाको सामना गर्नुपर्ने अवस्थाका महिलाहरू पत्रकारिताको प्राथमिकतामा पर्नुपर्छ नै तर हाम्रा धेरैजसो

विषयवस्तु घटना (Event) मा आधारित छन् । अझै पनि यस सवाललाई मुद्दा (Issues) कै रूपमा निरन्तर उठान गर्ने, यस क्षेत्रमा विधागत पत्रकारिताको अभ्यास गर्ने अवस्था पनि निकै कमजोर रहेको पाउँछु ।

समाजको आधाभन्दा बढी जनसंख्याको हिंसा ओगटेको महिलाका सवाल बृहत्त प्रभाव (Wider Impact) पर्ने हुन्छन् । सामाजिक उत्तरदायित्वका हिसाबले समस्यामा परेका वा पारिएकाहरू पत्रकारिताका प्राथमिक लक्षित वर्ग हुन् । त्यसो हुनसकेको छैन । झन् दलित महिला र बालिकाका विषय मात्रै हेर्ने भन्ने कुरा त कमजोर हुने नै भयो । यसर्थ पत्रकारिता क्षेत्रले नयाँ रणनीतिका साथ अहिले पनि विभिन्न नाममा हिंसा र विभेदमा पर्ने समूहका सवालहरूलाई प्राथमिकता दिने, खोजी रिपोर्टिङ गर्ने, समावेशी विषयवस्तुको उठान गर्न आवश्यक छ ।

**८. बृजकुमार यादव, प्रधान सम्पादक, जनकपुर टुडे**

यहाँ अहिले पनि दाइजो, बोक्सीलगायत विभिन्न प्रथा र परम्पराका नाममा महिलामाथि हिंसा भइरहेको छन् । पछिल्लो समय श्रीमान् वैदेशिक रोजगारीमा गएका महिलाहरू एकल अवस्थामा भएका कारण घरमा र घरबाहिर बढी हिंसामा परिरहेको देखिन्छ । पहिलेभन्दा केही सुधार त भएको छ तर अझै पनि अवस्था धेरै सुधारोन्मुख छैन । यस्तो अवस्थामा मिडियाको भूमिका महत्वपूर्ण छ । हामीले घटनाजन्य हिंसाका सवालहरू उजार गरिरहेकै छौँ, मिडियामा स्थान दिइरहेकै छौँ तर खोजमूलक विषयवस्तुको भने अभाव छ । जनशक्ति, स्रोततसाधन, लगानी, पत्रकारको सुरक्षा चुनौतीका कारण पनि धेरै विषय उत्खनन् गर्नसकेका छैनौँ । आगामी दिनमा राज्य संयन्त्रले सुरक्षाको प्रत्याभूति गर्ने र मिडियाले यस्ता हिंसा बढीभन्दा बढी घटना उजार गर्न लाग्नुपर्छ ।

**९. सविता पोखरेल, अध्यक्ष, महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालः**

नेपालमा संवैधानिक र कानुनी रूपमा महिला तथा बालिकाका हकअधिकारमा समस्या छैन । सोहीअनुसार स्थानीय तहदेखि संघीय सरकारसम्म विभिन्न ऐन, कानुन, नीति, नियम बनाएर कार्यान्वयन गर्ने, महिला तथा बालिकामाथि हुने हिंसाको संवेदनशीलताअनुसार सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले पनि भिभिन्न तवरबाट प्रयास गरिनै राखेको अवस्था छ । तर सामाजिक रूपमा रहेको संरचनागत विभेदकारी दृष्टिकोण फेरिएन, जसले गर्दा आशातित परिणाम आउनसकेको छैन । यसले कार्यान्वयन तहमा समस्या छ भन्ने देखाउँछ । नागरिकमा रहेको पितृसत्तात्मक सोच र व्यवहारले घटनाहरू भइरहेकै छन् । पहिले उजुरी गर्ने, हिंसाविरुद्ध बोल्ने र अभिलेख गर्ने परिपाटी थिएन, पछिल्लो समय त्यो प्रवृत्त बढ्दै गएकाले हिंसाका घटना बाहिर आउन थालेका छन् । विशेष गरी हिंसा नसहने र प्रतिवाद गरिहाल्ने प्रवृत्तिका कारण

आदिवासी जनजाति समुदायका महिला तथा बालिका खुलेर आउन थालेका छन् । परिवारले पनि कानुनी बाटोमा सहयोग गरिरहेको अवस्था छ । ब्राह्मण क्षेत्रीतर्फ अहिले पनि विभिन्न कारणले खुलेर आउने अवस्था बनको छैन । दलित महिला तथा बालिकाको हकमा पनि न्यायमा पहुँचतर्फ विभिन्न अवरोध नै छन् । हिंसाको अवस्था चिन्ताजनक नै छ ।

पछिल्ला वर्षहरूमा त हत्या, बलात्कार जस्ता जघन्य अपराधका घटना भइरहेका छन् । नेपाल प्रहरीले नै भन्छ दैनिक ७ जना महिला तथा बालिका बलात्कारको सिकार हुन्छन् । बहुविवाह गर्ने दुःख दिनेलगायत क्रुर खालका अमानवीय घटना घटाउन प्रवृत्ति डरलाग्दो गरी बढिरहेको छ । यसरी अमानवीय कार्य गर्नेहरूको शक्तिको स्रोत के हो ? यही पितृसत्तात्मक सोच, त्यसैको आधारमा पीडकलाई संरक्षण गर्ने संरचनात्मक सोचको उपजकै कारण यस्ता घटना गर्न बल पुगिरहेको छ । बलात्कार, हत्या, हिंसाका कारण जेल परेको छ तर हाम्रै राजनीतिक, सामाजिक संरचनाले फूलमाला दिएर सम्मान गर्ने परिपाटी छ । विभिन्न बहाना र कारणले अपराधलाई ढाकछोप गरी हिंसालाई प्रश्रय दिने अवस्था झन डरलाग्दो छ ।

यसमा दलित महिला र बालिकाको कुरा गर्दा उनीहरूले जातीय, आर्थिक, सामाजिक, सांस्कृतिक, पहुँच र प्रतिनिधित्वको कमजोर अवस्थाले थप दोहोरो तेहेरो हिंसा भोग्नु परिरहेको छ । शिक्षा, अवसर र सामाजिक सशक्तीकरणको अभावमा यो समुदायका महिलाले अन्यको हकमा थप प्रताडित हुनुपरेको छ । कतिपय अवस्थामा हिंसा भएर पनि अन्य निकाय, परिवारका सदस्य र प्रभुत्वशाली वर्गको सहयोग नपाउँदा सहेर बस्नुपर्ने वा न्यायका लागि आवाज उठाउन नसक्ने अवस्था छ ।

यसर्थ अपराध अपराध नै हो, जसले जसरी गरे पनि । यसको रोकथामका लागि राज्यले आफ्ना निकायहरूमार्फत कानुनको अक्षरशः पालना गर्ने र शून्य सहनशीलताको नीतिअनुसार हिंसा नियन्त्रण काम गर्नुपर्छ । साथै समाज र परिवारमा दृष्टिकोण र व्यवहार बदल्न सचेतना अभिवृद्धि, मनोसामाजिक परामर्श दिने र हिंसा कहाँ के छ भनेर अध्ययन अनुसन्धान गरी सबै मिलेर त्यसको सम्बोधन गर्न लाग्नु आवश्यक छ ।

**१०. तारा भण्डारी, अध्यक्ष-विश्वास नेपालः**

हाम्रो संस्था मनोञ्जनका क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको अगुवाइमा विसं २०६२ भदौं २६ गते स्थापना भएको हो । हाल संस्थामा देशभरका ४२६ जना सदस्यका रुपमा आवद्ध छन् । यी सबैजसो मनोरञ्जन क्षेत्रमा कार्यरत वा पूर्वश्रमिक हुन् । यी सबैका अनुभव तथा हामीले गरेका अध्ययन, अनौपचारिक तथा औपचारिक छलफलबाट के पाइन्छ भने यस क्षेत्रमा ७७ जिल्लाकै

श्रमिकको सहभागिता छ । यसमा बालबालिकाको उपस्थिति उल्लेख्य छ । दलित महिला तथा बालिकाको उपस्थिति पनि त्यस्तै छ तर पहिचान लुकाउने समस्याले यकिन तथ्याङ्क आउँदैन । सायद विभेदका कारणले पनि होला किनकि गाउँमा विभेद थाहा थिएन सहर आएपछि थाहा पाइयो भन्नेहरू पनि हामीले भेटेका छौँ । आठ लाखभन्दा बढीले श्रम गर्ने ठाउँ हो यो तर यौनजन्य क्रियाकलाप गर्ने क्षेत्र भनेर बदनाम गरिएको छ । यति धेरैलाई रोजगारी दिएको क्षेत्रलाई व्यवस्थित, मर्यादित र सम्मानित बनाउने जिम्मा हामी सबैको हो, त्यसमा पनि सरकारको भूमिका र दायित्व दुवै बढी छ । श्रम ऐन, कार्यान्वयन गर्ने, अनुगमनमा जोड दिने, सुरक्षाको प्रत्याभूति गराउने कार्यमा राज्यले ध्यान दिनुपर्छ । यसमा स्थानीय सरकार अझ बढी जिम्मेवार हुनेपर्ने आवश्यकता छ । आफ्नो क्षेत्रमा रहेका मनोरञ्जन क्षेत्रमा असल नियतका साथ अनुगमन तथा सुरक्षाका लागि काम गर्ने हो भने धेरै समस्या समाधान हुनसक्छन् ।

**११. शिवहरी ज्ञवाली, कार्यक्रम व्यवस्थापक तथा अनुसन्धाता, समरी उत्थान सेवा**

देशभरि बृहतखालको अध्ययन त भएको छैन तर हामी यसै क्षेत्रमा काम गरिरहेकाले वयस्क मनोरञ्जन क्षेत्रमा जति मानिसहरू काम गरिरहेका छन्, त्यसमा ७०-९० प्रतिशत दलित समुदायका छन् । समस्या कहाँनिर छ भने काम नपाउने र जातीय आधारमा थप हिंसा हुने डरले धेरैले आफ्नो पहिचान खुलाउँदैनन्, थर बदल्छन् । हुन पनि निधारमा चन्दन लडाएर जाने, रक्सी, मनोरञ्जन र सबै चल्ने तर दलित हो भन्ने थाहा पाएपछि नरुचाउने गुनासा हामीकहाँ पनि आएका छन् । यतिसम्म कि काठमाडौँबाट चितवन बस्ने भनेर लिइएकी एउटा श्रमिकलाई चितवनमा दलित हो भन्ने थाहा पाएपछि फिर्ता पठाउनेसम्मको घटना हामीले थाहा पाएका छौँ । यसर्थ धेरैले पहिचान लुकाउने, परिवार र समाजमा नराम्रो नजरले हेर्छन् भनेर आफ्नो कामबारे जानकारी नदिने, रोजगारदातालाई पनि पहिचान नभन्ने, नागरिकता वा अन्य कुनै परिचय खुल्ने कागजात नदिने भएकाले दलित समुदायका श्रमिकहरू धेरै किसिमका हिंसाबाट गुज्रिरहनुपरेको छ । समाधानको कुरा गर्दा एउटा अध्ययनले काठमाडौँका ३७ वटा मसाज सेन्टरको स्वामित्व हेर्दा अधिकांश पूर्वसुरक्षाकर्मी वा तिनका पारिवारिक सदस्यले चलाएको पाइयो । यसले गर्दा पनि समस्यामा परेकाहरूको गुनासो सुनुवाइ गर्न कठिनाइ भएको धेरैले अनुभव गरेका छौँ । तथापि राज्यले मर्यादित र सम्मानित, सुरक्षित र व्यावसायिक बनाउने उद्देश्यसहित गम्भीर रूपमा काम गरेमा धेरै समस्या समाधान हुन्छन्, त्यसमा हामीजस्ता गैरसरकारी संघसंस्था पनि सहयोग र सहकार्य गर्न तयार छौँ ।

अध्याय ५ (पाँच)

# प्राप्त तथ्य, निष्कर्ष र सुझाव

## अध्ययनबाट प्राप्त तथ्य र निष्कर्ष

यस खण्डमा निष्कर्षहरूको संक्षिप्त सारांश, सरकार र मुख्य सरोकार भएकाहरूलाई सुझाव तथा केही सिफारिस समेटिएका छन् । नेपालीहरूको ठूला चाडपर्वहरू परेकै समयमा यो अध्ययन गर्नुपर्ने संयोग परेकाले खोजेअनुसारका तथ्याङ्क सङ्कलन र बढीभन्दा बढी सरोकार भएकाहरूसँग पुग्न चुनौती भयो । साथै तथ्याङ्क लिइएका सबैजसो कार्यालयले लैङ्गिक र जातीय आधारमा हुने हिंसा लक्षित वर्गअनुसार छुट्टाछुट्टै अभिलेख नराख्दा धेरै समय एउटै विषयमा अल्झिनुपर्ने र त्यसलाई एकीकृत गरी अध्ययनको मूल विषयसँग मेल खाने गरी खण्डीकृत गर्दा केही समस्या भयो ।

समग्रमा दस्तावेज समीक्षा, मिडिया विषयवस्तुको विश्लेषण तथा विज्ञ सरोकारवालारूसँगको कुराकानीबाट के देखियो भने लैङ्गिकि तथा जातीय आधारमा हुने हिंसा न्यूनीकरणका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा थुप्रै प्रतिवद्धता र प्रयास गरे पनि त्यसको परिणाम भने सन्तोषजनक पाइएन । समाज शिक्षित, सचेत बन्दै गएको, जातीय र लैङ्गिक आधारमा समानता, सशक्तीकरण, स्वतन्त्रता र सम्मानमा धेरै परिवर्तन आएको दाबी गरिए पनि आशातित उपलब्धि हासिल भएको देखिँदैन ।

महिला भएकै कारणले अत्यधिक हिंसामा पर्ने (९० प्रतिशतभन्दा बढी) अवस्था कायमै छ । त्यसमा पनि आर्थिक, सामाजिक र हरेक मानवविकास सूचकाङ्कमा पछाडि परेका मधेशी महिला र बालिकातर्फ जनजातिमा धेरै हिंसा हुने गरेको देखियो । नेपाल प्रहरीमा अभिलेखन भएका कुल उजुरीमा महिलातर्फ ३३.६५ प्रतिशत मधेशी महिला र बालिकातर्फ ३४.७१ प्रतिशत जनजाति बालिकाले विभिन्न प्रकारका हिंसाको सामना गर्नुपरेको छ । कम हिंसामा परेका ब्राह्मण महिलातर्फ कुल घटनाको ५.७६ (९१६) प्रतिशत पीडित भएको पाइयो । हिंसाको सबैभन्दा ठूलो

कारण घरेलु हिंसा देखिन्छ । यो सबैजसो निकायको अभिलेखको निष्कर्ष हो । यसमा महिला भएकै कारण १७६९१ (८९.४७ प्रतिशत) पीडित हुँदा १९२० (९.७१ प्रतिशत) पुरुष पीडित भएका छन् । यस्तै घरेलु हिंसाका कारण कर्तब्य ज्यान (हत्या/मृत्यु) भएका ८९ मध्ये महिला ६९, पुरुष १४, बालिका २ र बालक ४ जना छन् । जातीय छुवाछुतका घटनाबाट महिला १७, पुरुष १६ र एक जना बालक पीडित भएका छन् । बालविवाहमा ३ किशोरी (महिला), ३० बालिका र एक बालक पीडित भएका छन् । यस्तै अप्राकृतिक मैथुनबाट एक पुरुष, २ बालिका र २४ बालक हिंसामा परेका छन् ।

नेपाल प्रहरीको विवरणअनुसार हिंसा हुने क्षेत्रमा क्रमशः घरेलु हिंसा (८२.२३%), बलात्कार (ज.ज.क १२.१६%), बलात्कारको प्रयास (ज.ज.क.३ २.१२%), बाल यौन दुरुपयोग (२%), घरेलु हिंसाका कारण कर्तव्य ज्यान (०.३७%), अपहरण गरी बलात्कार (०.२६%), बालविवाह (०.१४%), जातीय छुवाछुत (०.१४%), बोक्सीको आरोप (०.१३%), अप्राकृतिक मैथुन (०.११%) रहेका छन् । **फेडोमा अभिलेख** भएकामध्ये सबैभन्दा बढी घरेलु हिंसा ४१.४३%, त्यसपछि क्रमशः अन्य घटना २२.९४%, जातीय विभेद १०.२७%, बहुविवाह ७.८७%, बलात्कार (७.७२%), दुर्व्यवहार ७.७२%, बालविवाह २.७३% र बलात्कार गरी हत्या ०.३४% जस्ता हिंसा भएका छन् ।

मानव अधिकार आयोगका अनुसार सबैभन्दा बढी जनजाति महिला (३०.३२%) र कम अन्य महिला १.८६%) हिंसामा परेको पाइयो । यसमा दलित महिलाको संख्या भने १० प्रतिशत छ । महिला आयोगका अनुसार सबैभन्दा बढी जनजाति महिला (४१.८२%) र कम मधेशी महिला (५.५९%) तथा ११.३४% दलित महिला हिंसापीडित देखिन्छन् । राष्ट्रिय दलित आयोगमा जातीय छुवाछुत तथा गालीगलौज तथा कुटपिटका घटना सबैभन्दा बढी ६० प्रतिशत छन् । लैङ्गिक आधारमा महिलामाथि हुने हिंसाका उजुरी ४६.५५ प्रतिशत छन् । यसमा जातीय विभेद भोग्ने सबैभन्दा बढी ३३.३३ प्रतिशत समस्या त छँदैछन्, विवाह गरेर धोका दिने, बच्चा जन्मेपछि जन्मदर्ता र नागरिकता नबनाउने, घरपरिवारले नस्वीकार्ने (२२.२२ प्रतिशत) समस्या पनि उत्तिकै विकराल छ । दलित भएकै कारण डेरा नपाउने (सरकारी कर्मचारीले समेत), समाजले बहिष्कार गर्ने, जातीय भेदभाव गरी कुटपिटमा पर्ने (१८.५१ प्रतिशत), विभेद गरी अभद्र व्यवहारबाट पीडित (१४.८१ प्रतिशत), जबर्जस्ती करणी गरेको भनी न्यायका लागि जाँदा प्रहरीले उजुरी नलिँदा समस्यामा पर्ने (७.४ प्रतिशत) र बोक्सीको आरोपमा प्रातडनामा पर्ने (३.७ प्रतिशत) समस्या कायमै छ । मनोरञ्जन क्षेत्रमा काम गर्दा सहकर्मीले नै यौन शोषण गरी अन्तमा जातकै कारण सम्बन्ध अगाडि बढाउन नसक्ने भनी हिंसा गर्नेजस्ता समस्यासमेत दलित महिलाले भोग्नुपरेका छन् ।

यस्तै महिलातर्फ मधेशी र बालिका तर्फ जनजातिमा धेरै हिंसा भएको देखिन्छ । महिलातर्फ कम हिंसाका घटना भएको समुदायमा ब्राहमण देखिएको छ भने बालिकातर्फ अन्यको संख्या कम छ । नेपाल प्रहरीको विवरणमा हिंसापीडित **दलित महिलाको कुल संख्या ११.५४ प्रतिशत** (२२२१) छ । हिंसापीडित दलित समुदायका बालिकाको **संख्या १९.४४** प्रतिशत छ । राष्ट्रिय महिला आयोगमा अभिलेख भएका घटनामध्ये **११.३४% दलित** महिलासँग सम्बन्धित छन् । ओरेक नेपालको अभिलेखअनुसार त हिंसापीडित महिलामा **दलित महिलाको संख्या** २७ प्रतिशत छ । जुन आदिवासी जनजाति महिला (३१ प्रतिशत) पछि हो । **इन्सेकको** अभिलेखमा पनि दोस्रो बढी हिंसामा पर्ने महिलामा दलित छन् । अभिलेखमा सबैभन्दा बढी आदिवासी जनजातितर्फ महिला २६ प्रतिशत हिंसामा पर्दा **दलित महिला पनि २२.५८ प्रतिशत** पीडित भएकी छन् । अन्य निकायको अभिलेखमा पनि करिब यस्तै अवस्था देखिन्छ ।

यस्तै प्रदेशगत आधारमा प्रहरीको अभिलेखमा सबैभन्दा बढी हिंसा हुने प्रदेशका रूपमा मधेश (३१.५३ %) छ भने कम हिंसा हुनेमा गण्डकी (३.६८%) रहेको छ । महिला आयोगमा भने बागमती प्रदेशमा धेरै (९१.३२ %) हिंसाका घटना दर्ता भएका छन् । **फेडोको तथ्याङ्कमा** भने सबैभन्दा बढी हिंसाका घटना लुम्बिनी प्रदेशमा १०२ (३४.९३%) भएका छन् । त्यसपछि क्रमशः सुदूरपश्चिम ८१ (२७.७३%), कर्णाली ३१ (१०.६१%), मधेश २९ (९.९३%), कोशी २४ (८.२१%), गण्डकी १८ (६.१६%) र बागमती ७ (२.३९%) मा दलित महिला तथा बालिका पीडित भएकी छन् ।

**जातीय विभेदको** मात्रै कुरा गर्दा प्रहरीमा ३४, राष्ट्रिय मानव अधिकार आयोगमा ७, राष्ट्रिय दलित आयोगमा ५८, फेडोको कार्य क्षेत्रमा २९२ घटना र इन्सेकमा ६२ वटा उजुरी/घटना दर्ता भएका छन् । दस्ताबेज समीक्षा गरिएका अन्य संस्थाले जातीय विभेदका घटना भनेर अभिलेख राखेको पाइएन ।

पछिल्ला वर्षहरूको तुलना गर्दा नेपाल प्रहरीमा उजुरी गर्ने संख्या गत वर्ष २०७९/८० भन्दा यसपटक समग्रमा बढेको छ । अघिल्लो वर्ष कूल २०७५३ घटना हुँदा आव २०८०/०८१ मा त्यो संख्या केही बढेर २०९५४ पुग्यो । हामीलाई प्राप्त विवरणले समग्रमा उजुरी बढ्दा दलित महिला तथा बालिकाका हकमा भने घटेको देखाउँछ । अघिल्लो वर्ष दलित महिला र बालिकासँग सम्बन्धित घटना २५३५ रहेकामा यसपटक २२४७ छ । प्रहरीले समाजमा बढेको जनचेतनाका कारण संख्या घटेको अनुमान गरेको छ । अन्य निकायले भने दण्डहिनता कायमै रहेकाले अझै पनि दलितहरूको न्यायमा पहुँचको अवस्था चुनौतीपूर्ण रहेको धारणा राखेका छन् । यद्यपि यो अध्ययनको विषय रहेको उहाँहरूको मत छ ।

महिला तथा बालिकामाथि हुने हिंसाको अवस्था चिन्ताजनक रहे पनि आवाजविहीनको आवाज

भनेर चिनिने आमसञ्चार माध्यममा त्यस्ता विषयमा खोजी वा अनुसन्धानमूलक विषयगत पत्रकारिताको अभ्यास गरेको खासै पाइएन । समाजमा जघन्य अपराध भइरहँदा मिडिया भने सामान्य औपचारिक तथा भाषणजन्य विषयमै रुमल्लिरहेका छन् । विश्लेषण गरिएका कुल ४५९ विषयवस्तुमध्ये महिला तथा बालबालिकाका समस्या र तिनका सम्मान एवं सफलतासँग जोडिएका विषयवस्तु ३७ प्रतिशत र विविध विषयमा जानकारीमूलक तथा भाषणजन्य विषय १८ प्रतिशत छन् । यो दुवैको प्रकृति उस्तैउस्तै छ । यसैले करिब ५५ प्रतिशत विषय औपचारिक घटनाक्रम, कसैले सूचना, सन्देश दिने उद्देश्यले आयोजना गरेका गतिविधिमा आधारित रहेका समाचार प्रकाशन भएको पाइयो । यसबाहेक अन्य हिंसाका घटनाजन्य विषयहरू (२० प्रतिशत) विभेद तथा जातीय विषय ११ प्रतिशत, हत्या, मृत्यु, पक्राउजन्य विषय ९ प्रतिशत, मानव बेचबिखन तथा पक्राउ ३ प्रतिशत र बलात्कार, बलात्कार प्रयास तथा यसमा पक्राउसँग सम्बन्धित २ प्रतिशत समाचारहरू प्रकाशन भएका देखिए । यसकारण मिडियामा समावेशी विषयवस्तुको उठानका लागि समाचार कक्षमा समानुपातिक प्रतिनिधित्व (Inclusive News Room), खोजमूलक समाचार सामग्रीमा लगानी र विषयवस्तुमा विविधता (Content Diversity) को खाँचो देखियो ।

उल्लेखित आधारमा नेपाली महिला तथा बालिकाहरू आफ्नो घरमै सुरक्षित छैनन् । बलात्कार र बलात्कारको प्रयासका घटनाले अर्को चिन्ताजनक अवस्थालाई प्रतिविम्बित गरेको छ । त्यति मात्रै होइन बलात्कार गर्ने र हत्या गर्ने प्रवृत्ति पनि मौलाउँदै गएको छ । घरमा सुरक्षित नहुने, बाहिर निस्किँदा बलात्कारलगायत जघन्य अपराधका घटनाको सिकार हुने अवस्थाले महिला तथा बालिकाका लागि सुरक्षित स्थान कहाँ हो त ? यो निकै गम्भीर प्रश्न खडा भएको छ ।

दलित महिला तथा बालिकाको हकमा त झनै समस्या देखियो । उनीहरू जातीय, लैङ्गिक, आर्थिक, सामाजिक, सांस्कृतिक उत्पीडनलगायत दोहोरो तेहेरो मारमा परेको अवस्था छ । अन्तरजातीय विवाह र प्रेम सम्बन्धको नाममा यो समुदायका धेरै महिला तथा किशोरीहरू समस्या पर्दै गएका छन् । यहाँ कुरा गरिएका सरोकारवालाले अभिलेखमा थोरै संख्या देखिएकाले अभिलेखका सम्बन्धमा दुईटा कुरा उठाएको देखियो । कि यो समुदायमा हिंसा हुँदैन वा हिंसा भए पनि सरोकारवाला निकायसम्म पुग्ने प्रवृत्ति विकास भएको छैन । पहिलो कुरामा विश्वास गर्ने आधार छैन । त्यसैले हिंसापीडित दलित महिला तथा बालिकाको अझै न्याय वा सम्बन्धित निकायमा पहुँच पुग्न नसकेकोमा करिब एक मत देखिन्छ । यसले दलित महिला तथा बालिकाले हिंसा भोग्ने, त्यसबारेमा प्रतिकार गर्ने वा न्यायमा पहुँचका लागि नै अतिरिक्त संघर्ष गर्दा थप हिंसामा पर्ने गरेको मत पनि देखियो ।

**अध्ययनका क्रममा थप निम्न कुरा पाइयोः**

- धेरैजसो संस्थाले तथ्याङ्कको विविधिकरण गरेको पाइएन। जातीय विभेदलाई धेरै संस्थाले हिंसा भनेर छुट्टै अभिलेख राख्ने नगरेको र ती संस्थामा यस्ता उजुरी लिएर जाने नगरिएको पाइयो।
- अन्य निकायको तुलनामा नेपाल प्रहरीले जातीय विवरणलाई स्पष्ट खुल्ने गरी व्यवस्थित रूपमा अभिलेख राखेको देखियो।
- मिडिया क्षेत्रमा महिला तथा बालिकामाथि हुने हिंसाका सन्दर्भमा विषयवस्तुको विश्लेषण गरी व्यवस्थित रूपमा अध्ययन तथा अभिलेख राख्ने निकायको अभाव देखियो। परियोजना प्रयोजनका लागि केही संस्था वा निकायले अभिलेख राख्ने गरेको भने पाइयो। विषयवस्तु उत्पादन तथ्य र तथ्याङ्कमा भन्दा मिडियाको तजविज र प्राथमिकताका आधारमा मात्रै हुने गरेको देखियो।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका हकमा सबैजसो संस्थाले अन्य भनेर पन्छिने र व्यवस्थित अभिलेख नराख्ने गरेको देखियो,
- पछिल्लो समय वयस्क मनोरञ्जन तथा सत्कार क्षेत्र यौनजन्य, शारीरिक, मानसिक, आर्थिकलगायत हिंसा र बाह्य तथा आन्तरिक मानव बेचबिखनको उच्च जोखिमयुक्त क्षेत्र भनिएको, यस क्षेत्रमा कार्यरतमध्ये बहुसङ्ख्यक महिला, त्यसमा पनि दलित महिला तथा किशोरीको उपस्थिति रहेको भनिए पनि त्यसतर्फ राज्यका निकायले व्यवस्थित अध्ययन गर्ने, अध्ययनका निष्कर्ष कार्यान्वयन गर्ने र मर्यादित पेसाका लागि पहलकदमी लिनेमा खासै चासो देखाएको पाइएन। केही संस्थाले परियोजनामा आधारित क्रियाकलाप गरिरहे पनि तिनको दायरा सीमित भएकाले धेरै श्रमिक लाभान्वित हुन सकिरहेका छैनन्।

## सुझाव तथा सिफारिस

जातीय तथा लैङ्गिक आधारमा महिलामाथि हुने हिंसा सदियौँदेखि व्याप्त छ। जात व्यवस्था र पितृसत्तात्मक सोचको विकृत परिणामका रूपमा महिला तथा बालिकामाथि शारीरिक, मानसिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत यौनजन्य हिंसा भइरहेका छन्। पछिल्लो समय घरेलु हिंसा, बलात्कार, बलात्कार प्रयास, बलात्कारपछि हत्याजस्ता जघन्य अपराध हुनेक्रम बढ्दो छ। यसको अर्थ घरमा र पुरुषबाट महिला तथा बालिकामाथि जघन्य अपराधको सिलसिला जारी छ। यद्यपि यसको न्यूनीकरणका लागि राज्य संयन्त्र, विकास साझेदार संस्थालगायत सबैले प्रतिबद्धता जनाइरहेका छन्। बदलिँदो समयअनुसार हिंसाका स्वरूप र प्रवृत्ति फेरिने तथा त्यसप्रतिको सचेतनाका कारण न्यायका लागि आवाज मुखरित गर्ने संस्कार पनि विकास हुँदै गएको छ।

नेपालमा आएको राजनीतिक तथा व्यवस्था परिवर्तनको परिणामस्वरूप हाल तीनै तहका सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता कार्यान्वयनका लागि पहल गरिरहेकै छन् तर हिंसाका घटनाक्रमले त्यसको अनुभूति गर्न नसकेको प्रष्ट हुन्छ। सभ्य समाजमा एउटा व्यक्ति, महिला वा बालिकाले हिंसा भोग्नु पनि लज्जाको विषय हो। यसर्थ माथि उल्लेखित तथ्यहरूले हामी सबैले लज्जित हुनुपर्ने र महिला तथा बालिकाले प्रथा, परम्परा, मूल्यमान्यता, यो वा त्यो बहानामा हिंसामा परिरहनुपर्ने अवस्था कायमै रहेको देखाएकाले दस्ताबेज समीक्षा तथा मिडियाका विषयवस्तुको विश्लेषणबाट प्राप्त तथ्य र सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको कुराकानीका आधारमा निम्न सुझाव र सिफारिस प्रस्तुत गरिएका छन्ः

**सरकारी निकाय, संवैधानिक आयोगतर्फ**

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता र सोअनुरूप व्यवस्था गरिएका संवैधानिक, कानुनी र नीतिगत प्रबन्धहरूको अक्षरशः कार्यान्वयन गर्नुपर्ने।
२. तीनै तहका सरकार र मातहतका निकाय, संवैधानिक आयोग तथा कार्यालयलगायत हिंसा न्यूनीकरणका लागि विद्यमान संयन्त्र तथा रणनीतिहरू महिला र बालिकामैत्री बनाउनुपर्ने।
३. धेरैजसो हिंसाका घटनाहरू घरपरिवार अर्थात घरेलु हिंसा र व्यक्तिबाट हुने बलात्कार, हत्या र यौनजन्य हिंसासँग जोडिएकाले व्यक्ति, परिवार र समुदाय लक्षित बृहत् अभियान सञ्चालन गर्नुपर्ने।
४. जातीय तथा लैङ्गिकलगायत सबै किसिमका हिंसाको समग्र अवस्थाका बारेमा एकीकृत राष्ट्रिय तथ्याङ्क राख्ने र यससम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गर्ने।
५. न्यायमा पहुँच र हिंसाबारे खुलेर बोल्ने वातावरण सिर्जना गर्न राज्यका सबै तहका संरचनाहरूमा विविधतायुक्त लैङ्गिक समानता नीतिको शीघ्र तर्जुमा गरी कार्यान्वयन गर्ने।
६. कसैको दबाब वा प्रभावमा नपरी दोषीलाई अपराधअनुसार दण्डित गर्ने र राज्यले शुन्य सहनशीलताको नीतिअनुसार उपचारात्मक र प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्ने।
७. हरेक व्यक्ति र सङ्गठित समूह राज्य तथा समाजका पुँजी हुन्, यिनको समानुपातिक विकास र सशक्तीकरण नभएसम्म समुन्नत समाज निर्माण हुनसक्दैन भन्ने मर्मलाई आत्मसात् गर्दै सामाजिक न्याय (Social Justice) को चस्माबाट हेरेर हरेक निकायले खण्डीकृत तथ्याङ्क (Disaggregated Data or Cluster wise Data) राख्ने परिपाटीको विकास गरी तथ्यमा आधारित (Evidence Based) नीति, कार्यक्रम, योजना र बजेट विनियोजन गरी कार्यान्वयन गर्ने।
८. आर्थिक पुनर्वितरण (Economic Re-distribution), औपचारिक तथा अनौपचारिक क्षेत्रमा प्रतिनिधित्व र पहुँच (Participation and Access) तथा पहिचानका विषय

(Issues of Identity) लगायत सामाजिक न्यायका सर्तलाई सम्बोधन गर्न तथ्याङ्कमा आधारित भएर काम गर्ने ।

९. सूचना प्रविधिको विकाससँगै भएको परिवर्तनअनुसार हिंसा न्यूनीकरणका लागि प्रविधिमैत्री राज्य संयन्त्र, सचेत र सुसूचित नागरिक निर्माणका लागि उपचारात्मक विधिलाई प्रभावकारी बनाउने र प्रवर्द्धनात्मक (सचेतना र अभियानात्मक) कार्यक्रममा जोड दिने ।

१०. सरकारले समयसापेक्ष ऐन, कानुन, नीति, रणनीति, कार्यक्रम र त्यसको कार्यान्वयन पद्धतिमा सुधार, परिमार्जन र संशोधन गर्ने । भएका व्यवस्था र संरचनाबारे हरेक नागरिकलाई जानकारी दिन स्थानीय तहदेखि नै व्यवस्थित सूचना प्रणाली विकास तथा हिंसाका घटना चाँडै न्यायिक प्रक्रियामा लैजाने वातावरण निर्माण गर्नुपर्ने ।

११. महिला तथा बालिकामाथि हुने हिंसामध्ये पनि घरेलु हिंसा, बलात्कारजस्ता जघन्य अपराधबाट पीडितलाई उचित संरक्षण, मनोसामाजिक परामर्श, सुरक्षित आवास, गुणस्तरीय, सुलभ र जीवनोपयोगी शिक्षा तथा रोजगारीको व्यवस्था गरी पुनः सामाजिकीकरणको वातावरण निर्माणमा जोड दिनुपर्ने ।

१२. पछिल्लो समय वयस्क मनोरञ्जन तथा सत्कार क्षेत्र हिंसाको उच्च जोखिम क्षेत्र रहेकाले यसबारे आवश्यक अध्ययन, घटना अभिलेखन र त्यसको विश्लेषण गरी आवश्यक गतिविधि सञ्चालन गर्नुपर्ने,

१३. हिंसाका घटनामा सङ्लग्नहरूमाथि कारबाहीका लागि अभियोजन, तहकिकात र खोजतलास गर्ने नेपाल प्रहरी र न्याय निरोपण गर्ने सरकारी वकिल, अदालतलगायत निकायका प्रतिनिधिहरूमा जातीय तथा लैङ्गिक संवेदनशीलता, विभेद र शोषणको दीर्घकालीन असरबारे संवेदनशील भई शीघ्र कारबाहीका लागि महिला, बालिका तथा दलितमैत्री सोच र संयन्त्रको विकास गर्न आवश्यक देखिन्छ ।

१४. अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, सम्झौताको अनुमोदन र प्रतिबद्धता गरेअनुरूप राष्ट्रिय कार्ययोजना निर्माण र त्यसको प्रभावकारी कार्यान्यिन संयन्त्रको विकास गरी महिला तथा बालिकाहरूले सम्मानित, स्वतन्त्र र स्वावलम्बी जीवनयापनका लागि अनुकूल वातावरण सिर्जना गर्न राज्यका सबै तहका संरचनाहरूमा लैङ्गिक संवदेनशीलताअनुसार समानता नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।

१५. विशेष गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW), सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धिलगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि (UNESCR) र दीगो विकासका लक्ष्य कार्यान्वयनका लागि दलित महिला तथा बालिका लक्षित विशेष राष्ट्रिय कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

**गैरसरकारी संस्था**

१. नेपालका महिला अधिकारवादी, नागरिक समाज, मानव अधिकारका क्षेत्रमा कार्यरत संघ, सङ्गठनले महिला तथा बालिकाभित्र पनि सीमान्तकृत र सबै हिसाबले पछाडि परेका दलित महिला तथा बालिकालगायत बढी हिंसा प्रभावितहरूका लागि स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म आवश्यक कार्ययोजना निर्माण तथा प्रभावकारी अनुगमन संयन्त्रको विकास गरी सञ्चालन गर्न आवश्यक छ ।

२. सबैजसो निकायका अभिलेखअनुसार महिला तथा बालिका घरेलु हिंसा र यौनजन्य हिंसा (बलात्कारलगायत) बाट सबैभन्दा बढी प्रभावित र पीडित देखिएका कारण हिंसाका घटनालाई विश्लेषण गरी परिवार र युवा (पुरुष) लक्षित कार्यक्रमको आवश्यकता देखिएको छ । अर्थात् परियोजना र कार्यक्रमको क्षेत्र निर्धारण गर्दा हिंसा न्यूनीकरण तथा महिला तथा बालिका सशक्तीकरण र प्राथमिक क्षेत्र पहिचान गरी कार्यान्वयनको आवश्यकता छ ।

३. हिंसामा पर्न नदिने र परिसकेपछि दीर्घकालीन समस्या समाधानका लागि सुरक्षा, आवास, दीगो जीवन र जीविकोपार्जन, सीप तथा सामाजिक रूपमा पुनर्स्थापनाका कार्यक्रममा पहलकदमी आवश्यक देखिन्छ ।

**मिडिया तथा मिडियासम्बद्ध निकाय**

१. मिडिया क्षेत्र सबै प्रकारका हिंसाविरुद्ध पैरवी र अधिकारको पक्षपोषण गर्ने तथा नागरिकमा बृहत् सुसूचित जनमत निर्माण गर्ने प्रभावकारी क्षेत्र हो । यसलाई आवाजविहीनहरूको आवाज पनि भनिने भएकाले लैङ्गिक र जातीय पहिचानकै आधारमा गम्भीर मानव अधिकार उल्लंघन र हिंसामा पर्ने महिला तथा बालिकाका सवाललाई उच्च प्राथमिकताका साथ उठान गर्न आवश्यक छ ।

२. मिडियाका विषयवस्तु विश्लेषण गरी समाज सुधार र मानव मर्यादा अभिवृद्धिका लागि तथ्यगत विश्लेषण र सोहीअनुसार क्रियाकलाप हुन आवश्यक छ । 'मिडियाको एकीकृत विषयवस्तु विश्लेषण संयन्त्र' र त्यसको निष्कर्षका आधारमा विषयवस्तु उठान र पैरवी आवश्यक छ । यसमा नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपाललगायत सरकारी निकायले पहलकदमी लिनुपर्छ ।

३. सरोकारवाला (सरकारी, गैरसरकारी, निजी, सामुदायिक) बीच आवश्यक सहकार्य गरी हिंसाविरुद्ध विषयगत पत्रकारिताको अभ्यासलाई विकास तथा प्रवर्द्धन गर्न आवश्यक छ । घटनाको निरन्तर 'फलोअप' गरी टुङ्गोमा नपुगेसम्म समाचार प्रकाशन तथा प्रकाशन गर्ने परिपाटीलाई संस्थागत गर्न लाग्नुपर्ने आवश्यक छ ।

४. मिडियामा समावेशी विषयवस्तुको उठानका लागि समाचार कक्षमा समानुपातिक प्रतिनिधित्व (Inclusive News Room), खोजमूलक समाचार सामग्रीमा लगानी र विषयवस्तुमा विविधता (Content Diversity) का लागि राज्यले नै विष्यवस्तु विश्लेषण गरी त्यसको पालना गर्न, गराउन आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ । मिडियाको वर्गीकरण (सम्परीक्षण) गर्दा यसलाई एउटा आधारका रूपमा विकास गर्न पहलकदमी जरूरी छ ।

**परिवार, समाज र अन्य सरोकार भएकाहरू**

१. धेरै महिला तथा बालिका घरेलु हिंसामा पर्ने वा घरमै असुरक्षित हुने अवस्था अन्त्य गर्न उपचारात्मक विधि (कानुन र कारबाहीको डण्डा) को प्रभावकारी कार्यान्वयनमा सघाउ र हरेक नागरिकले स्वमूल्याङ्कन गरी आफ्नो घर र समाजलाई विभेदमुक्त बनाउन सङ्कल्पको आवश्यकता छ ।
२. कुनै पनि बहानामा हानिकारक प्रथा, परम्परा, मूल्यमान्यता र अन्धविश्वास कायम राख्ने कुराको प्रतिकार गर्ने र यसविरुद्ध हाम्रा धार्मिक, सामाजिक संस्था तथा राजनीतिक संयन्त्रले सङ्गठित रूपमै अभियान चलाउनुपर्ने देखिन्छ ।
३. हरेक घरपरिवार, समाज, संस्था, दल, निकाय, पहिचानवादी समूहले हिंसाविरुद्ध शून्य सहनशीलताको नीतिअनुसार 'हिंसा नगर्ने र नसहने' अठोट गरी राज्यका ऐन, कानुनको पालना र संयन्त्रहरूलाई सहयोग गर्न आवश्यक छ ।

# सन्दर्भ समग्री

- नेपालको संविधान
- राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदन
- राष्ट्रिय दलित आयोगका प्रतिवेदनहरु
- राष्ट्रिय महिला आयोगका प्रतिवेदनहरु
- नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिवेदनहरु
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुका अध्ययन प्रतिवेदनहरु
- इन्सेक मानव अधिकार वर्ष पुस्तक
- लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी कानुनी सञ्जालो, २०८१ आदि (फुटनोटमा उल्लेख गरिएका)।

प्रकाशक

FEDO


**दलित महिला संघ (फेडो)**

कुपण्डोल, ललितपुर

+९७७-१-५५२०९८२

dms.fedo@gmail.com

http://www.fedonepal.org


सहयोग

DCA actalliance

fjs FOUNDATION FOR A JUST SOCIETY

FOLLOW US

Feminist Dalit Organization

Feminist Dalit Organization - FEDO Nepal

Feminist Dalit Organization

Feminist Dalit Organization

Scan me for more details